# परिच्छेद एक
# शोधपरिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक "प्रदीप प्रधानको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन" रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत भैरहवा बहुमुखी क्याम्पस नेपाली विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको प्रयोजनको लागि तयार पारिएको हो ।

## १.३ शोध परिचय

२०१४ साल भदौ ६ गते पिता ज्योतीमान र आमा बुद्धिकुमारी प्रधानको कोखबाट पाँचौ पुत्र रत्नको रूपमा जन्म भएको हो । उनको वास्तविक जन्म मिति २०१४ भदौ ६ मा भए पनि विविध कारण नागरिकता लगायत सम्पूर्ण महत्त्वपूर्ण कागजपत्रहरूमा उनको जन्म मिति २०१४ श्रावण २२ हुन पुगेको पाइन्छ । जसले गर्दा अहिले उनको प्रमाणित जन्म मिति २०१४ श्रावण २२ हुन पुगेको छ ।

प्रदीप प्रधानको न्वारनको नाम हर्षवर्धन प्रधान हो । धेरै वर्षको विश्रामपछि हाल उनी भैरहवा बहुमुखी क्याम्पसमा एम.ए. (नेपाली) मा अध्ययनरत छन् । उनी पेशाले व्यापारी हुन् ।

हाल बु.न.पा. ८ मा अस्थायी रूपमा डेरा गरी बस्दछन् भने बु.न.पा.४, मैनावगरमा आफ्नो निजी घर रहेको छ ।

नेपाली भाषा साहित्यको इतिहासमा प्रचलित विविध विधाहरू प्रारम्भिक कालदेखि हालसम्म धेरै विकसित र समृद्ध भइसकेका छन् । नेपाली भाषा साहित्यको श्री वृद्धि गर्ने क्रममा विभिन्न विधामा साहित्यकारहरूले आ–आफ्नो रूचि र क्षमता अनुसार कलम चलाएको पाइन्छ । त्यसै गरी प्रदीप प्रधानले पनि साहित्यका वहुविधामा हात हाले पनि

कथा विधालाई अग्रस्थानमा राखेको पाइन्छ । यसरी प्रदीप प्रधानले कथा विधामा प्रगतिवादलाई आत्मसात गर्दै अगाडि बढेको पाइन्छ । प्रदीप प्रधानको प्रथम औपचारिक कथा 'हारेको रने'हो । जुन विसङ्गतिं २०३८ सालको भैरहवा बहुमुखीक्याम्पसको वार्षिक पत्रिका क्षितिजमाप्रकाशित छ । विद्यार्थी अवस्था देखि नै साहित्यिक कृति सृजनामा विशेष रूचि राख्ने प्रधानका कृतिहरू विभिन्न समयमा विभिन्न स्थानिय एवंम् राष्ट्रिय पत्र–पत्रिकामा प्रकाशित भएको पाइन्छ ।

साहित्यका साथ–साथै समाजसेवामा पनि विशेष चासो राख्दै आएका प्रधान विभिन्न संघ–संस्थामा आवद्ध रहेर समाज र राष्ट्रसेवी भावना प्रकट गरेको पाइन्छ । उनका कथाहरूमा पनि समाज र राष्ट्रप्रेमी भाव झल्केको पाइन्छ । उनका अधिकांश कथाहरू समाजमा व्याप्त कुरीति, अन्याय, अत्याचार, धनी र सामन्ती वर्गले गरिबमाथि गरेको दमन, खोक्रो आडम्बरले ल्याउने खतराको साथै दश वर्षे जन–विद्रोहको स्वरूप र त्यसबाट परेको प्रभावको व्याख्या पाइन्छ ।

## १.४ समस्या कथन

प्रस्तुत शोध कार्यका समस्या कथन निम्नानुसार रहेका छन् -

(क) प्रदीप प्रधानको जीवनी के कस्तो छ ?

(ख) प्रदीप प्रधानको व्यक्तित्व के कस्तो छ ?

(ग) प्रदीप प्रधानको साहित्यिक यात्रा के कस्तो छ ?

(घ) प्रदीप प्रधानका प्रकाशित कृतिहरू के कस्ता छन् ?

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्य नेपाली स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको प्रयोजन पूरा गर्ने यस शोधकार्यको पहिलो उद्देश्य हो भने समस्या कथन शीर्षक अर्न्तगत रहेका समस्याहरूको समाधान खोज्नु यस कार्यको अर्को उद्देश्य रहेको छ । यसै परिपेक्ष्यमा प्रदीप प्रधानको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकमा गरिएको शोधकार्यको निम्नानुसार उद्देश्य रहेका छन् -

(क) प्रदीप प्रधानको जीवनीको अध्ययन गर्नु ।

(ख) प्रदीप प्रधानको व्यक्तित्वको बारेमा प्रकाश पार्नु ।

(ग) प्रदीप प्रधानको साहित्यिक यात्राको चर्चा गर्नु ।

(घ) प्रदीप प्रधानका प्रकाशित कृतिहरूको अध्ययन विश्लेषण गर्नु

## १.६ पूर्वकार्यको समीक्षा

प्रदीप प्रधान आधुनिक नेपाली साहित्यका ज्वलन्त प्रतिभा हुन् । साहित्यका विविध विधामा कलम चलाएका प्रधानका मुख्य साहित्यिक रूचि क्षेत्र भनेको कथा हो । आज भन्दा करिब तीन दशक पहिलेदेखि कथा लेखन यात्रा सुरु गरेका प्रदीपको **मौन रात** कथासङ्ग्रह (२०५९), **जङ्गलका रमाइला कथा** (२०६१), बाल कथासङ्ग्रह र **द्वन्द्वकालीन कथा** (२०६४), जस्ता कथासङ्ग्रहहरू प्रकाशित छन् भने विभिन्न पत्र–पत्रिकामा यिनका फुटकर कथाहरू पनि प्रकाशित भइरहेको पाइन्छ । कथाका क्षेत्रमा युवा प्रगतिवादी कथाकारका रूपमा आफ्नो खालका छुट्टै विशेषतामा प्रधानको कथाकारिता ढल्केको देखिन्छ । यसरी एक सशक्त कथाकार भएर कलम चलाए पनि यिनको बारेमा खास चर्चा–परिचर्चा र शोध अनुसन्धान भएको देखिदैन । प्रधानको कथाकारिताका बारेमा जे जस्ता चर्चा–परिचर्चा भएका छन तिनलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

बालकृष्ण भट्टराईले प्रदीप प्रधानकै **मौन रात** कथासङ्ग्रह (२०५९) को भूमिकामा प्रदीप प्रधानका रचनामा 'हुने बिरूवाको चिल्लो पात' भने जस्तै छन् भनेका छन् ।

द्वन्द्वकालीन नेपाली कथाको भूमिकामा इस्माली (महेश उपाध्याय) ले प्रदीप प्रधान मोफसलमा रहेर सृजनरत स्रष्टा हुन् । सेवा र साहित्यलाई माध्यम वनाएर समाजलाई फेर्ने र अग्रगामी दिशामा हिडाउन यिनी कर्मशील रहेका छन् भनेर उनको महीमा गाएका छन् ।

कपिल लामिछानेले द्वन्द्वकालीन कथामा द्वन्द्वको कथाव्यथा शीर्षक दिएर प्रधानलाई समकालीन नेपाली कथा यात्राका केही पाइला बनेर झुल्केका कथाकार भनेका छन् ।

बालकृष्ण भट्टराईले द्वन्द्वकालीन कथाकै पृष्ठ आवरणमा प्रदीप प्रधानको कथाकारिता शीर्षकको लेखमा समाजमा दैनिक घटनाहरूलाई टपक्क टिपेर उखान टुक्का प्रसस्त पदावलीहरूमा सजाउनु, कल्पनाको जलप लगाएर पाठकको मन आकर्षित गर्नु र

परिवर्तनको दिशा दिनु नै प्रदीप प्रधानको कथाकारिता हो, उनको कथागत प्रवृत्ति हो भनेका छन् ।

शिवप्रसाद पौड्यालले **द्वन्द्वकालीन कथा** कथासङ्ग्रहको आवरण पृष्ठमा प्रदीप प्रधानलाई मोफसलका बहुआयामिक व्यक्ति भनेर उनको व्यक्तित्वलाई उच्च मूल्याङकन गरेका छन् ।

ऋषि आजादले प्रदीप प्रधान र **द्वन्द्वकालीन कथा** लघुकथासङ्ग्रह भनेर **लुम्बिनी** दैनिक (वर्ष २० अङक ५२, २०६४) पत्रिकामा प्रदीप प्रधान लगनशील व्यक्ति हुन्, निरन्तर लगन र अथक परिश्रमका कारण उनी चुलिदै गएका छन् भनेका छन् ।

## १.७. शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यको शीर्षक प्रदीप प्रधानको जीवनी व्यक्तित्व र उनका प्रकाशित कथासङ्ग्रहको अध्ययन रहेको छ । त्यसैले यहाँ साहित्यकार प्रदीप प्रधानको जीवनी व्यक्तित्व र उनका २०६६ श्रावणसम्मका प्रकाशित कथासङ्ग्रहको मात्र अध्ययन गरिएको छ ।

## १.८. सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्न मुख्यरूपमा पुस्तकालयीय अध्ययन विधिको उपयोग गरिएको छ । जस अन्तर्गत शोधकार्यसँग सम्बन्धित पुस्तक र पत्र–पत्रिकाको अध्ययन गरिएको छ, साथै शोधनायक र उनीसँग सम्बन्धित व्यक्ति, घरपरिवार तथा उनलाई देखेका साथै उनको बारेमा जान्ने, बुझ्ने व्यक्तिसँग सम्पर्क गरी आवश्यकता अनुसार लिखित तथा मौखिक प्रश्नका माध्यमबाट जानकारी लिइएको छ ।

## १.९. शोधविधि

प्रस्तावित शोधकार्यमा मूलतः वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ । यसका साथ-साथै प्रश्नोत्तर, सामग्री सङ्कलन जस्ता विधिहरूका प्रयोग गरिएको छ ।

## १.१०. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई पूर्णरूप दिन निम्न परिच्छेदमा विभाजन गरिएको छ ।

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : प्रदीप प्रधानको जीवनी

परिच्छेद तीन : प्रदीप प्रधानको व्यक्तित्वको अध्ययन

परिच्छेद चार : प्रदीप प्रधानको साहित्यिक यात्रा

परिच्छेद पाँच : प्रदीप प्रधानका कृतित्वको अध्ययन

परिच्छेद छ : सारसङ्क्षेप र निष्कर्ष

सन्दर्भ सूचि

परिशिष्ट

# परिच्छेद दुई
# प्रदीप प्रधानको जीवनी


## २.१ विषय परिचय

कुनै पनि व्यक्तिको जन्मदेखि मृत्युसम्मका सम्पूर्ण जीवन भोगाइको क्रममा आईपर्ने हरेक क्षणको सिलसिलेबार प्रस्तुति नै जीवनी हो । जीवनी काल्पनिक नभएर वास्तविकतामा आधारित हुन्छ । जीवनीमा जीवनका हरेक दुःख सुखका क्षणहरूको प्रस्तुति हुन्छ । जुन यथार्थमा आधारित हुन्छ । जीवनीमा कवितामा जस्तो लयात्मकता, कथामा जस्तो काल्पनिकता पाइदैन । अतः कुनै पनि व्यक्ति विशेषको जीवनीको सम्पूर्ण वा आंशिक जीवनका तथ्यपूर्ण घटना, उसका मानसिक प्रभाव, अनुभव तथा उसका क्रियाकलापको क्रमवद्ध विवरण स–विस्तार प्रस्तुत गरिएको यथार्थ गद्य रचना नै जीवनी हो । त्यसैले जन्मेदेखि मृत्युपर्यन्त उसले गरेका कार्य रीतिरीवाज आर्थिक, राजनैतिक गतिविधि, साहित्यिक क्रियाकलाप, धार्मिक, अध्यात्मिक जीवनसँग सम्वन्धित विविध पक्षहरूको उद्घाटन जीवनीमा गरिन्छ । त्यसैगरी कसै–कसैको जीवन चरित्रलाई लिएर लेखिएको रचनालाई जीवनी भनिन्छ । कुनै व्यक्तिको जीवनसँग सम्वन्धित तथ्यपूर्ण प्रस्तुतीकरण नै जीवनी हो । जीवनमा मानिसले भोगेका, देखेका, सुनेका र व्यवहारमा उतारेका विविध घटनाहरूलाई सिलसिलेवार तरिकाले कलात्मक किसिमले अभिव्यक्त गरेको हुन्छ ।

यस सन्दर्भमा प्रदीप प्रधानको जीवनको चर्चा गर्दा उनले जीवनयापनमा भोगेका, देखेका र व्यवहारमा ल्याएका ज्ञान, सीप, अनुभव आदि थुप्रै विषयहरूको अध्ययन गरिएको छ । साहित्यकारको जीवन चर्चा दुखः सुख, जिन्दगीका उकाली ओराली, आरोह-अवरोहहरू जस्ता घटनामूलक विवरणहरूलाई विभिन्न शीर्षकमा विभाजित गरी सत्य तथ्य रूपमा यहाँ चर्चा गरिएको छ ।

## २.२ वंश परम्परा

काश्यप ऋषिका कुलमा जन्मेका प्रदीप प्रधानका पुर्खा बाग्लुङ्गको नारायण चोक भन्ने स्थानमा बसोबास गर्दै आएको पाइन्छ ।[१] उनका बाजेले सोही ठाउँमा व्यापार गरी जीविको चलाएको बुझिन्छ ।[२] प्रधानका बुवा भने ब्रिटिश आर्मीमा भर्ना भई जागीर गरेको र आफ्ना परिवारलाई आफूसँगै लगेको जानकारी पाईन्छ ।[३] बुवाको मृत्यु भएपछि प्रधान परिवार पुन बाग्लुङ्गमा आएर केही वर्षसम्म खेती किसानीमा जीवन निर्वाह गरेको र २०३६ सालमा रूपन्देहीको मणिग्राममा बसाई सराई गरेर आएको पाइन्छ ।[४] प्रधानको वंशजहरूको आर्थिक, सामाजिक, सांस्कृतिक एवम् धार्मिक रूपमा मध्यम रहेको र शैक्षिकस्तर पनि तत्कालीन परिवेश सुहाउँदो रहेको जानकारी पाइन्छ ।[५] प्रधानको वंश परम्परालाई तलको रेखा चित्रद्वारा देखाउन सकिन्छ ।




## २.३ जन्म र नामकरण

प्रदीप प्रधानको जन्म २०१४ भदौ ६ गते अर्थात २२ अगस्त १९५६ सालमा माता श्रीमती बुद्धिकुमारी प्रधान र पिता ज्योतीमान प्रधानको चौथो पुत्रको रूपमा मलेशियामा

---

[१] शोधनायकको आमाबाट प्राप्त जानकारी अनुसार ।
[२] ऐजन ।
[३] ऐजन ।
[४] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।
[५] ऐजन ।

भएको हो ।[६] जन्मेको ११ दिनको दिन हिन्दूसंस्कृति अनुसार न्वारन गरी उनको नाम हर्षवर्धन राखिएको भएपनि पछि प्रधानका बाबुले आफ्नो इच्छा अनुसार उनको नाम प्रदीप राखेका हुन् ।

उनको न्वारनको नाम हर्षवर्धन भएकोले उनको जन्मराशि मिथुन हो ।[७] यसरी जन्म पत्रिकामा हर्षवर्धन नामाकरण गरिएका ती बालक नै आज आएर कुशल कथाकार प्रदीप प्रधान भन्ने नामले नेपाली साहित्यमा चिनिएका छन् ।

## २.४ परिवारिक पृष्ठभूमि

प्रदीप प्रधानका पिता ब्रिटिश आर्मीको मेजर जस्तो उच्च पदमा जागिरे थिए । पेशाले पनि सहयोगी र समाजसेवी बनेका ज्योतीमान प्रधान समाज र परिवारका लागि अत्यन्तै सहयोगी र मिलनसार थिए । आफ्नो कर्म क्षेत्र वैदेशिक भू-भागलाई रोजे पनि आफ्नो जन्मस्थलको विकासमा विशेष चासो राख्थे ।[८] उनको घर परिवारका सदस्यदेखि लिएर आफूले चिनेजानेका सम्पूर्ण व्यक्तिहरूलाई खुसी बनाउनुलाई आफ्नो कर्तव्य सम्झन्थे ।[९] उच्च पदमा जागिरे हुनाले उनको आर्थिक स्थिति पनि सबल रहेको जानकारी पाइन्छ ।[१०]

प्रधानका माता पिता आफ्ना सन्तानको चाहना पूरा गर्नुलाई आफ्नो कर्तव्य ठान्ने गर्दथे । तर विडम्बना प्रधानका बुवाको अल्पआयुमा नै मृत्यु हुनाले उनको परिवारिक सुखमा आँधीवेहरी आएको पाइन्छ । पाँच–पाँच वटा साना–साना छोराछोरी, आय आर्जनको बाटो नहुनाले उनको केही समयसम्म त विहान बेलुकाको छाक टार्न पनि गाह्रो परेको पाइन्छ । तर ममतामयी र कर्तव्य निष्ठा आमाले बाबुको मृत्युपछि पुनः छोराछोरी लिई स्वदेश फिर्ता आई मेलापात गरेर छोरा छोरीलाई खुवाउने र विद्यालय पठाउने गरेको पाइन्छ ।[११] बाबुको मृत्युपछि केही बाबुको पेन्सन आमाले पाउन थालेकोले प्रधान परिवारको आर्थिक स्थिति पुन सुध्रिएको पाइन्छ । यसरी प्रधानका परिवारको पृष्ठभूमिलाई हेर्दा सुरुमा धार्मिक, आर्थिक रूपमा सवल र सामाजिक आदर्शका रूपमा

---

[६] शोधनायककीबाट प्राप्त जानकारी अनुसार ।
[७] ऐजन ।
[८] ऐजन ।
[९] ऐजन ।
[१०] ऐजन ।
[११] ऐजन ।

रहेको र पछि बाबुको मृत्युले केही समय आर्थिक अभावले निकै कष्टकर र पछि क्रमिक रूपमा पुन सुधार हुँदै आएको पाइन्छ ।

## २.५ बाल्यकाल

प्रदीप प्रधानको जन्म उनको पिता ज्योतीमान ४० वर्षको हुँदा पाँचौ सन्तानका रूपमा भएको थियो । ब्रिटिश आर्मीका मेजर जस्तो उच्च पदमा जागिरे र मलेशिया जस्तो बैदेशिक भू-भागमा जन्मे पनि आफु दुई वर्षको पुग्दा नपुग्दै बाबुको निधन भएको र दाजुहरू पनि सानै, ठूलो परिवार भएकोले प्रदीप प्रधानको बाल्यकाल अभाव र तनाबमा बितेको पाइन्छ ।[१२]

यद्यपि प्रदीपको आमाले आफ्ना सन्तानको खुसी र सुखमा आफ्नो कर्तव्य ठान्ने हुनाले आर्थिक स्थिति कमजोर भए पनि ती सबैलाई आमाले सहजरूपमा निवारण गरेको पाइन्छ । उनी बाल्यकालीन अवस्थादेखी नै साहित्यमा रूचि राखेको पाइन्छ ।

सानैदेखी विद्यालयमा कथा, कविता, निवन्ध आदि लेख्ने बानीले गर्दा उनी सबैका प्रशंसाका पात्र बनेका थिए ।[१३] उनका रचनामा देश प्रेम, गरिब र धनी बीचको वर्गीय द्वन्द्व आदिलाई देखाउने गरेको पाइन्थ्यो । उनको सानै देखी नेपालीपन, मानवता र स्वतन्त्रताप्रतिको दृष्टिकोण सकारात्मक रहेको पाइन्छ । गरिब, दुखी, दलितलाई हेला गर्नु हुँदैन, उनीहरू पनि मान्छे हुन भन्दै तत्कालीन बर्गीय द्वन्द्वको घोर विरोध गरेको पाइन्छ ।

समग्रमा भन्नुपर्दा प्रदीप प्रधानको बाल्यकाल दुखः सुखको संगमको रूपमा बितेको पाइन्छ ।

## २.६ शिक्षा र दीक्षा

### २.६.१ अक्षरारम्भ र प्रारम्भिक शिक्षा

प्रदीप प्रधानलाई उनको उमेर ५ वर्षको हुँदा नहुँदै घरमै उनका दाजु रत्नमान र आमाले घरमा अर्थात् विद्यालय नपठाइकन अक्षरारम्भ गराएको पाइन्छ ।[१४] औपचारिक रूपमा प्रधानलाई ८ वर्षको उमेरमा विद्यालय पठाएको हो । उनलाई औपचारिक रूपमा

[१२] ऐजन ।
[१३] शोधनायकका दाजुबाट प्राप्त जानकारी अनुसार ।
[१४] ऐजन ।

अक्षर चिनाउने काम गुरुआमा मनमाया श्रेष्ठबाट भएको छ ।[१५] उहाँको हाल निधन भैसकेको पाइन्छ । उनको औपचारिक शिक्षाको प्रारम्भ बाबुको मृत्युले गर्दा केही ढिलो भएको पाइन्छ ।

प्रधानले कक्षा एकको शिक्षा कालिका मा.वि. बाग्लुङ्गमा लिएको र कक्षा दुई देखिको शिक्षा विद्यामन्दिर विद्यालय बाग्लुङ्गमा गरेको पाइन्छ ।[१६] यसरी तत्कालीन परिस्थिति र भौगोलिक विकटताले गर्दा प्रधानले प्राथमिक शिक्षा पनि दुइवटा विद्यालयमा पुरा गरेको देखिन्छ ।

### २.६.२ माध्यमिक तहको शिक्षा

विभिन्न विद्यालयबाट कक्षा ७ सम्म उतिर्ण गरेका प्रधानलाई कक्षा ८ देखिको पढाइलाई ब्रिटिस गोर्खा भन्ने संस्थाले जेहेन्दार र अल्प आयुमै प्रधानको बाबुको मृत्यु भएकोहुनाले छात्रावृत्रि दिई रूपन्देही जिल्लामा रहेको पक्लिहवा मा.वि.मा भर्ना गराएको पाइन्छ ।[१७] माध्यमिक तहको शिक्षालाई नयाँ विद्यालयमा भर्ना भए पनि उनको सृजनशीलताले गर्दा उनी सबै शिक्षकहरूको आँखाको नानी बनेको पाइन्छ ।[१८] यसरी कक्षा ८ मा भर्ना भएका उनले पक्लिहवा मा.वि.बाट नै एस.एल.सी उतीर्ण गरेको पाइन्छ ।[१९]

### २.६.३ उच्च तहको शिक्षा

शिक्षा आर्जनका क्रममा विभिन्न आरोह अवरोहहरू पार गर्दै विभिन्न विद्यालयहरू चहार्दै गरेका प्रधान उच्च शिक्षाको लागि २०३० सालमा एस.एल.सी. तेस्रो श्रेणीमा पास गरी भैरहवा क्याम्पसमा भर्ना भएको पाइन्छ ।[२०] २०३० सालमा प्रमाणपत्र तहमा भर्ना भई २०३३ सालमा दोस्रो श्रेणीमा उत्तीर्ण भएका प्रदीप प्रधानले २०३९ सालमा सोही क्याम्पसबाट दोस्रो श्रेणीमा स्नातक उत्तीर्ण गरेको पाइन्छ ।[२१] यसरी २०३९ सालमा

---

[१५] शोधनायकका दाजुबाट प्राप्त जानकारी अनुसार ।
[१६] ऐजन ।
[१७] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।
[१८] तत्कालीन पक्लिहवा मा.वि.का शिक्षक बाकृष्ण भट्टराईबाट प्राप्त जानकारी अनुसार ।
[१९] शोधनायबाट प्राप्त जानकारी अनुसार ।
[२०] ऐजन ।
[२१] ऐजन ।

स्नातक उत्तीर्ण गरेका प्रदीप प्रधानले आफ्नै समस्याहरूको कारणले गर्दा केही वर्षको शैक्षिक विश्राम गरी पुनः २०६३ सालमा स्नातकोत्तर तहमा अध्ययनका लागि फेरि पनि भैरहवा क्याम्पसमा नै भर्ना भएको पाइन्छ ।[२२]

यसरी प्रधानको उच्च शिक्षा हासिल गर्ने क्रम अझ पनि जारी रहेको पाइन्छ ।

### २.६.४ विद्यार्थी जीवनका गतिविधि र प्रमुख मोडहरू

प्रदीप प्रधान सानैदेखि हाक्की, साहसी, नीडर, अन्यायप्रति तीव्र विद्रोही, आटिला र तेजीलो स्मरण शक्ति भएकोले कुनै पनि काममा पछि पर्दैन्थे र आटे र जाँगरसँग गरेपछि जे पनि गर्न सकिन्छ भन्दथे । विभिन्न विद्यालयहरूमा अध्ययन गरेका प्रधानले विद्यालयबाट हुने प्रायः सबै अतिरिक्त क्रियाकलापहरूमा चासो राख्दै अगाडि बढेको पाइन्छ । उनले साहित्यिक कार्यक्रममा रूचि राख्ने गरेको देखिन्छ ।[२३] यसका अतिरिक्त राजनीतिमा पनि चासो लिई अगाडि बढेको देखिन्छ ।[२४] विद्यार्थी जीवनदेखि नै प्रधान कम्युनिष्ट विचार धारालाई आत्मसात गरी अगाडि बढेको पाइन्छ ।[२५] यसै क्रममा बाग्लुङ्ग क्याम्पसमा आई.ए. पढ्दा-पढ्दै २०३२ सालमा पक्राउ परेर ७ दिनको थुनापछि रिहा भएका थिए ।[२६]

विद्यार्थी अवस्थादेखी नै प्रधान साहित्यमा विशेष रूचि राख्ने हुनाले साहित्यका विविध–विधामा कलम चलाएको पाइन्छ ।[२७] पछि साहित्यका विधामा हात हाले पनि प्रधानले कविताबाट साहित्यिक यात्रा सुरु गरेको पाइन्छ ।[२८]

## २.७ संस्कार र कर्महरू

साहित्यकार प्रदीप प्रधान आर्य हिन्दु परम्परालाई आत्मसात गर्दै धार्मिक आध्यात्मिक पृष्ठभूमि भएको परिवारमा जन्मे हुर्केका हुँदा उनका संस्कार र कर्महरू हिन्दु धर्मशास्त्रअनुसार नै भएको पाइन्छ । हिन्दू धर्मावलम्बिहरूमा बालक जन्मेपछि ६ दिनका

---

[२२] शोधनायकी शिक्षिका मनमाया श्रेष्ठबाट प्राप्त जानकारी अनुसार ।
[२३] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।
[२४] ऐजन ।
[२५] ऐजन ।
[२६] ऐजन ।
[२७] ऐजन ।
[२८] शोधनायकको आमाबाट प्राप्त जानकारी अनुसार ।

दिन छैटी र एघारौ दिनमा न्वारन गर्ने परम्परा छ । त्यसै अनुसार उनी जन्मेको ६ दिनको दिन छैटी र २२ दिनको दिन न्वारन भएको पाइन्छ ।[२९] उनको न्वारनको नाम हर्षवर्धन प्रधान हो ।

त्यस्तै हिन्दू धर्मअनुसार प्रधानको ६ महिनामा अन्नप्रासन कार्य भएको पाइन्छ भने १६ वर्षको उमेरमा आफ्नो पूर्खौली घर बाग्लुङ्ग जिल्ला बाग्लुङ्ग बजार निवासी पिता हरिप्रसाद श्रेष्ठ र शान्ति कुमारी श्रेष्ठकी कनिष्ठ सुपुत्री पुष्पाञ्जली श्रेष्ठका साथ २०४४ साल वैशाख २३ गते भएको पाइन्छ ।[३०] उनले वि.एल.सम्मको अध्ययन पूरा गरेकी हाल सामान्य गृहिणीको रूपमा रहेर प्रधानको व्यवसाय व्यापारमा प्रत्यक्ष रूपमा सहयोगी, क्रियाशील, लगनशील सहयात्रीको रूपमा रहेकी छन् ।

## २.८ आर्थिक अवस्था र बसाइँ सराई

प्रदीप प्रधानको जन्म उच्च आर्थिक स्थिति भएको परिवारमा भए पनि उनी जन्मेको दुई वर्ष पुग्दा नपुग्दै बाबु ब्रिटिश आर्मी मेजर ज्योतिमान प्रधानको असामयिक र अकल्पनीय मृत्युले गर्दा प्रधान परिवारमा हावाहुरी जस्तै गरी आर्थिक विपन्नताको लहर आएको पाइन्छ ।[३१] आर्थिक विपन्नताको कारणले प्रधानकी आमालाई छोरा–छोरीको पेट पाल्ने र उनीहरूलाई कसरी पढाउने भन्ने समस्याले निकै पिरोलेको पाइन्छ ।[३२] आमाले निकै परिश्रम गरेर साँझ विहानको छाक टार्ने गरेको पाइन्छ । पछि बुबा ब्रिटिश आर्मी भएकोले आमाको पेन्सन व्यवस्था भएपछि उनीहरूको आर्थिक स्थितिमा क्रमिक रूपले सुधार आएको पाइन्छ ।[३३] बुबाको मृत्यु भएकोले ठूलो आर्थिक दुर्घटना खेपेका प्रधान परिवार पछि दाजु रत्नमानको परिपक्वतासँगै पुनः आर्थिक सवलतातर्फ उन्मुख भएको पाइन्छ ।[३४] हाल आएर सबै दाजु-भाई तथा दिदी विना पनि आत्मनिर्भर भएकोले प्रधान परिवारको आर्थिक स्थिति राम्रो पाइन्छ ।

---

[२९] शोधनायककी आमाबाट प्राप्त जानकारी अनुसार ।
[३०] शोधनायककी धर्मपत्नीबाट प्राप्त जानकारी अनुसार ।
[३१] शोधनायककी आमाबाट प्राप्त जानकारी ।
[३२] ऐजन ।
[३३] ऐजन ।
[३४] ऐजन ।

२०३६ मा प्रदीप प्रधानको परिवार आफ्नो पूर्खौली घर बाग्लुङ्गबाट रूपन्देहीको मणिग्राममा आएर त्यही एक बिगाहा जति जग्गा जमिन किनेर बसेको पाइन्छ ।[३५] त्यही खेती किसानी गर्दा गर्दै प्रदीप प्रधान २०५५ सालमा अमेरिकाको साइपन्स शहरमा पुगेको र दुई वर्षको त्यहाँ बसाइँ पछि पुनः मणिग्राम नै आई व्यापारलाई आफ्नो पेशा अंगालेर २०४८ सालदेखि बुटवल ६ अमरपथमा फेन्सी पसल खोलेर त्यही नजिकै भाडामा बसेको पाइन्छ ।[३६] त्यही व्यापारको भरमा प्रधानले आफ्ना दुईवटा छोरालाई काठमाडौं पढाउँदै आएका छन् ।[३७] भने बुटवलमा आफू, श्रीमती र आमाको परिवार सञ्चालन गर्दै आएका छन् ।[३८] अर्थ आर्जनको मुख्य स्रोत व्यापार भए पनि आमाको पेन्सन पनि महत्त्वपूर्ण आय आर्जनको स्रोत बनेको छ प्रधान परिवारको, प्रधानले आफ्नो कमाइ र आमाको पेन्सनको सहयोगले बुटवल ४ मा सामान्य घर समेत बनाएको पाइन्छ ।[३९] यसरी हेर्दा प्रदीप प्रधानको आर्थिक स्थिति जन्म हुँदा सबल त्यस पछि पिताको देहवासन र ठूलो परिवारको कारण केही समय दुर्वल र पछि पुन सबल रहेको पाइन्छ ।[४०] दाजु-भाई दिदी बीचको सहयोगी र आत्मीय व्यवहार, ममतामयी, शालीन, भद्र आमा, सहयोगी र कर्तव्यनिष्ठ श्रीमती, आज्ञाकारी, लगनशील छोराहरूको सहयोगले गर्दा प्रधानको आर्थिक स्थिति विस्तारै-विस्तारै उच्च सम्पन्नतातर्फ उन्मुख हुँदै गइरहेको देखिन्छ ।[४१]

## २.९ स्वभाव

प्रदीप प्रधान बाल्यकालदेखि नै बहुमुखी स्वभाव भएका व्यक्तिका रूपमा देखिन्छन ।[४२] आफूमा रहेका भावना र चाहना निडर रूपमा प्रष्टसँग बाहिर निकाल्ने, आफ्ना विचार निकाल्न जुनसुकै शक्तिको अगाडि पनि नडराउने स्वभाव प्रधानमा देखिन्छ ।[४३] वाल्यकालदेखि नै आफ्ना साथीहरूसँग मिलनसार व्यवहार गर्ने प्रधान बाग्लुङ्गदेखि भैरहवासम्मको अध्ययनको सिलसिलामा कहिल्यै कसैसँग मनमुटाव नभएको

---

[३५] शोधनायकका दाजुबाट प्राप्त जानकारी अनुसार ।
[३६] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।
[३७] ऐजन ।
[३८] ऐजन ।
[३९] ऐजन ।
[४०] ऐजन ।
[४१] ऐजन ।
[४२] ऐजन ।
[४३] ऐजन ।

अनुभव बताउँछन् ।[४४] जुन कुराले उनको मिलनसार र सहयोगी व्यवहारको परिचय दिन्छ । आफ्ना गुरु र मान्यजनप्रति सधैं आदर र श्रद्धाभाव व्यक्त गर्ने प्रधानमा आफ्ना अभिभावकहरूका भावना बुझेर काम गर्ने, कुनै झन्झट र रिस नदेखाउने स्वभाव रहेको देखिन्छ ।[४५] विद्यार्थी अवस्थादेखि नै आफ्नो पेशा र कार्यप्रति समर्पित रहने र आफूले गरेको कार्यप्रति अरूले दोष देखाउन नसकुन भन्ने भावना भएका प्रधान अत्यन्तै विनयशील, शालीन, मीलनसार र स्वाभिमानी स्वभाव भएका व्यक्तित्व देखिन्छन ।[४६]

प्रधानले वाल्यावस्थादेखि विद्यार्थी अवस्थासम्म सधैं शालीन र सौम्य स्वभाव सृजना गरेकाले पढाइ पछि साहित्यकार, व्यावसायिक जस्ता कार्यक्षेत्रमा पनि सोही अनुसारको स्वभावले प्रभाव पारेको देखिन्छ ।[४७] अत्यन्त नम्र, विस्तारै बोल्ने प्रधानको गुण हो । आफ्नो पेशागत र व्यावहारिक कार्यबाट फुर्सद भएको समयमा साहित्यिक र साहित्यको सिद्धान्तमूलक कृतिहरू अध्ययन गर्नु र कथा, कविता, सृजनामा नै समय व्यतीत गर्ने चाहने प्रधानमा विना कुनै काम कतै नभौतारिने स्वभाव रहेको पाइन्छ ।[४८] नेपाल बहुभाषी, बहुधार्मिक, बहुजातीय, भौगोलीक विविधता भएको मुलुक भएका कारण आफूबाट सिर्जित साहित्यले कुनै पनि पक्षको पक्षपोषण नगरोस भन्दै द्वन्द्व पिडीत, गरिब र अशिक्षाको स्वरहरूलाई प्रस्फुटन गरोस् भन्ने भाव प्रधानमा पाइन्छ ।[४९]

जातीय आधारमा कसैमाथि भेदभावको दृष्टि नराख्नु, सदाचार रहनु, सत्कर्ममा संलग्न रहनुपर्छ भन्ने चारित्रिक विशेषता रहेको पाइन्छ ।[५०] झट्टहेर्दा गम्भिर स्वभावको जस्तो आकृति देखिने प्रधान सरल, व्यवहारिक र सहयोगी स्वभावका धनी व्यक्तित्व रहेको देखिन्छ ।[५१] यसरी समग्रतामा शालीनता र सहयोगी भावना प्रधानमा पाइने चारित्रिक विशेषता हुन् ।

---

[४४] ऐजन ।
[४५] ऐजन ।
[४६] ऐजन ।
[४७] ऐजन ।
[४८] ऐजन ।
[४९] ऐजन ।
[५०] ऐजन ।
[५१] ऐजन ।

## २.१० रूचि

समाज सेवा, राजनितिक विचार, अध्ययन र साहित्य सिर्जना नै मूल रुचिका क्षेत्र रहेको बताउने प्रधान साहित्यिक कृतिको रचनाका अतिरिक्त विशिष्ट साहित्यकारका कृतिहरूको अध्ययन विश्लेषण गर्न रूचाउँछन् ।[५२] समसामयिक र ऐतिहासिक विषयहरूको अध्ययन, मूल्याङ्कन गरी विश्लेषण गर्न रूचि राख्दछन् ।[५३] प्रधान संख्यात्मकभन्दा उत्कृष्ट, गुणात्मक साहित्य रचना गर्न रूचाउँछन् ।[५४] प्रधानको रूचिको साहित्यिक क्षेत्र कथा भए पनि सबै साहित्यिक रचनामा हात हालेका प्रधान सबै विधालाई समान महत्त्वका साथ हेर्दछन् ।[५५] कथालाई विशेष रूचिले हेर्ने प्रधानले कथामा पनि मनोबैज्ञानिक कथालाई बढी मन पराउँछन् ।[५६] त्यसैले विश्वेश्वरप्रसाद कोइराला, भवानी भिक्षु, गोविन्दबहादुर मल्ल 'गोठाले', विजय मल्ल, पारिजात जस्ता कथाकारका कथा पढ्नमा विशेष रूचि राख्दछन् ।[५७]

आफ्ना कथामा पनि मनोबैज्ञानिकताको झलक दिँदै समसामयिक समाजको चित्रण, गरिबी र अशिक्षाले निम्त्याउने विकृति र विसङ्गतिलाई बिषयवस्तुका रूपमा लिन रुचाउँछन् ।[५८] कथा वा साहित्य कुनै क्षण वा समय विशेषमा सिर्जना हुने नभई भावआधारित विषय भएकाले कुन समयमा कस्तो भावना आउँछ त्यसै अनुरूप समसामायिक बिषयवस्तुलाई साहित्य सृजना गर्न उनी रूचाउँछन् ।[५९] साहित्यिक कृतिको सृजना बाहेक समाज सेवा प्रधानको अर्को रूचि क्षेत्र हो ।[६०] हिन्दु बैदिक धर्मप्रति आश्थावान प्रधान विहान नित्य ४ बजे उठ्ने, नृत्यकर्म सकी नुहाउने पूजा पाठमा केही समय बिताउँछन् ।[६१] दैनिक गायत्री मन्त्रजप गर्दछन् भने आफ्नो कुल परम्परा अनुसारको पूजा पाठ सकी आफ्ना दिवङ्गत बाबुको तस्बीरमा ढोगेर मात्र बाहिर निस्कन्छन् ।[६२] प्रधान योगाचार्य पनि भएकोले दैनिक ५ बजेबाट ७ बजेसम्म २ घण्टा उनले योगामा बिताउने

[५२] ऐजन ।
[५३] ऐजन ।
[५४] ऐजन ।
[५५] ऐजन ।
[५६] ऐजन ।
[५७] ऐजन ।
[५८] ऐजन ।
[५९] ऐजन ।
[६०] ऐजन ।
[६१] ऐजन ।
[६२] ऐजन ।

गरेको पाइन्छ ।[६३] योगा सकिसके पछि प्रधानले समाजमा केही काम भए गर्ने नभए साहित्यिक कार्यक्रम भए त्यहाँ जाने गरेको पाइन्छ ।[६४] प्रत्येक दिनको बिहानी टि.भि.मा समाचार हेरेर, पत्रपत्रिका पढेर बिताउनु उनको रूचि हो ।[६५]

सानै उमेरदेखि नै सादा खाना दाल, भात, तरकारी ,अचार, रोटी आदि खाना मन पराउँछन् ।[६६] दैनिक साग खान खोज्नु उनको रूचि हो ।[६७] सानो उमेरमा उनले माछा, मासु, अण्डा खाने गरे पनि अहिले प्रधान पूर्ण साकाहारी खान खान्छन् ।[६८] घरभित्र मांसहारी भोजनको निषेध भएको पाइन्छ ।[६९] प्रधानले विहानमा कालो चिया पिउन रूचाउँछन् ।[७०] विहानमा दाल, भात, तरकारी, अचार खान रूचाउँछन् भने साँझमा तरकारी, दुध, रोटी, अचार मन पराउँछन् ।[७१] प्रत्येक छाकको खानासँग उनलाई हरियो काक्रा, गाँजर, मुला, खुर्सानी, कागतीको सलाद मन पर्दछ ।[७२] सधैं उमालेको पानी पिउने प्रधान बाहिर हिड्दा पनि पानी आफै बोतलमा बोकेर हिड्ने गर्दछन् ।[७३]

प्रधानलाई फलफूलमा मनपर्ने अनार र सुन्तला हो भने तरकारीमा काउली, आलु, सेमी उनलाई मनपर्ने खाना हो ।[७४] उनी साहित्य सृजना मार्फत शोषणरहित समाजको परिकल्पना, स्वतन्त्रताको अन्वेषण र अस्मिताको खोजी गर्न चाहन्छन् ।[७५] सादा जिवन उच्च विचार भएका प्रधानले हल्का टिसर्ट, पेन्ट र सर्ट तथा सुट लगाउन रूचाउँछन् ।[७६] पुरानो र नराम्रो भए पनि सफा कपडा लगाउने उनी सधैं कपडामा इस्त्रि (प्रेस) गरेर लगाउँछन् ।[७७]

---

[६३] ऐजन ।
[६४] ऐजन ।
[६५] ऐजन ।
[६६] शोधनायककी आमाबाट प्राप्त जानकारी अनुसार ।
[६७] शोधनायकी धर्मपत्नीबाट प्राप्त जानकारी अनुसार ।
[६८] ऐजन ।
[६९] ऐजन ।
[७०] ऐजन ।
[७१] ऐजन ।
[७२] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।
[७३] शोधनायककी आमाबाट प्राप्त जानकारी अनुसार ।
[७४] शोधनायकको मित्रबाट प्राप्त जानकारी अनुसार ।
[७५] शोधनायक, पूर्ववत् ।
[७६] शोधनायकको सहयात्रीहरुबाट प्राप्त जानकारी अनुसार ।
[७७] ऐजन ।

## २.११ दाम्पत्य जीवन र सन्तान लाभ

तीस वर्षको उमेरमा विवाह सुत्रमा बाधिएका प्रदीप प्रधान र पुष्पाञ्जली श्रेष्ठका दुई छोरा छन् ।[७८] उनका प्रथम सन्तान प्रज्ञाको जन्म २०४६ साउन २२ गते बुटवलमा भएको थियो ।[७९] हाल उनी काठमाडौँमा इन्जिनियरिङ्ग पढ्दै छन् ।[८०] भने दोस्रो सन्तान छोरा अनुयोग प्रधान हुन् । उनको जन्म २०५१ चैत्र २३ गते बुटवलमा नै भएको हो ।[८१] उनी पनि हाल काठमाडौँमा नै पढ्दै छन् ।[८२] प्रदीप प्रधानका चार भाइ भएका र सबैले आ-आफ्नो जागिर गर्न बाहिर बाहिरै बसेका छन् । प्रदीप आमाका साइला छोरा हुन् तापनि आमा उनीसँगै हुनुहुन्छ । यसबाट उनीहरूको दाम्पत्य जीवन सफल नै देखिन्छ । इमान्दार र कर्तव्यनिष्ठ श्रीमती पाएकोमा प्रधान अत्यन्तै हर्षित छन् ।[८३] भने उनकी श्रीमती पनि प्रदीप जस्तो नैतिकवान आदर्श श्रीमान् पाएकोमा खुसी छिन् ।[८४]

प्रदीप प्रधानले समाज सेवा, साहित्यलाई जस्तै घर परिवारलाई पनि निकै महत्त्वका साथ हेर्ने गर्दछन् ।[८५] परिवारका सदस्य खुशी हुँदा श्रीमती र छोराहरूको आवश्यकता र इच्छालाई पूरा गर्न पाउँदा उनी निकै हर्षित हुन्छन् ।[८६] यसरी प्रधानको दाम्पत्य जीवन नै खुशी र सफल देख्न सकिन्छ ।

## २.१२ मानसिक आघातका क्षणहरू

मान्छेको जीनन दुःख सुख, आशु हासो, हर्ष-विस्मात, उत्थान-पतन, उन्नति अवनति, सफलता असफलताको चक्रमा व्यतित भइरहेको हुन्छ । सम्झौतामय जीवनमा उसले विछोड, दुःख, वेदना र विरह जस्ता सञ्चारी भावहरूको पनि सामना गर्नु पर्छ । प्रधानका जीवनमा पनि यसप्रकारका आन्तरिक र वाह्रय संवेदनाका क्षणहरूले स्थान लिएका छन् । प्रधानको जीवनमा परेको पहिलो अत्यन्तै मर्मस्पर्शी वेदना त बचपनमा नै

[७८] शोधनायकका सहयात्रीहरुबाट जानकारी अनुसार ।
[७९] ऐजन ।
[८०] ऐजन ।
[८१] शोधनायकको सहयात्रीबाट प्राप्त जानकारी अनुसार ।
[८२] ऐजन ।
[८३] ऐजन ।
[८४] ऐजन ।
[८५] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।
[८६] ऐजन ।

बाबुको मृत्यु हो ।[८७] भने बाबुको मृत्यु, ठूलो परिवार, सबै छोरा–छोरी साना भएकाले उनकी आमामाथि परेको दुःख पनि प्रधानमा आई परेको ठूलो मानसिक आघातको क्षण भएको कुरा बताउँछन् प्रधान ।[८८] २०१९ सालमा बाबुको मृत्यु भएपछि अभिभावक विना मलेशियाबाट नेपाल फर्कने पर्नु उनको जीवनको अर्को दुःखदायी समय थियो ।[८९] त्यस्तै पढाइका क्रममा बाबुको मृत्यु, ठूलो परिवार र आयआर्जनको बाटो कुनै पनि नहुनाले पढ्न गाह्रो हुनु पनि प्रधानको जीननमा आएको एउटा दुःखदायी क्षण हो ।[९०] त्यस्तै बाग्लुङ्ग क्याम्पसमा अध्ययनरत हुँदा आफ्ना निश्चित राजनैतिक सिद्धान्तबाट अघि बढ्दा प्रहरीद्रारा गिरफ्तारीमा पर्नु र सात दिनसम्म कारावास सजाय भोग्न विवश हुनु पनि उनको जीवनको दुःखदायी क्षण भएको कुरा बताउँछन् प्रधान ।[९१] त्यस्तै गरी प्रधानले आफ्नो जन्मभूमी त पहिले छोडेका थिए नै, २०.. सालमा आफ्नो बालक्रीडा भूमि पनि छोडेर भैरहवा आउनु परेको क्षण पनि प्रधानको एक मर्मस्पर्सी क्षण रहेको बताउँछन् ।[९२]

यसरी प्रधानको जीवनमा विभिन्न साना ठूला मानसिक आघातका क्षणहरू आएको पाइन्छ ।

## २.१३ प्रभाव र प्रेरणा

प्रदीप प्रधानको पारिवारिक पृष्ठभूमि हेर्दा साहित्यिक वातावरण सामान्य रहेको पाइन्छ । उनको परिवारका अन्य कुनै सदस्यले साहित्य रचना गरेको र प्रकाशित गरेको पाइदैन ।[९३] उनकी आमाले भने प्रधान सानै हुँदादेखि नै रातीमा विभिन्न धार्मिक श्लोकहरू लयवद्धरूपमा बाचन गर्ने, छोरा छोरीलाई विभिन्न कथा कहानीहरू सुनाउने गर्दथिन ।[९४] यसरी वाल्यकालदेखि नै आमाको प्रभावले प्रधानलाई साहित्यिक यात्रातर्फ घचघचाएको पाइन्छ । यसरी आमाको प्रभावले आफ्नै घरदेखि सुरु भएको प्रधानको

[८७] ऐजन ।
[८८] ऐजन ।
[८९] ऐजन ।
[९०] ऐजन ।
[९१] ऐजन ।
[९२] ऐजन ।
[९३] ऐजन ।
[९४] ऐजन ।

साहित्यिक यात्रालाई विद्यालयमा प्राथमिक तहको अध्ययनमा नै शिक्षकहरूले टेवा दिएको पाइन्छ ।[९५]

यसरी विद्यालयमा सानैदेखि गुरुहरूले प्रधानलाई अध्ययनको साथै साहित्यिक साधनामा लाग्नु पर्छ, आफूमा भएको प्रतिभालाई बाहिर देखाउन सक्नु पनि एउटा मानविय गुण हो भन्ने गरेको गुरुहरूका यिनै वाणिले प्रधानलाई साहित्य साधना गर्न प्रेरणा मिलेको कुरा प्रधान बताउँछन् । यसै क्रममा प्रदीपले कक्षा ८ मा पढ्दै गुरु बालकृष्ण भट्टराईले भानुभक्तको रामायणका श्लोकहरू कक्षामा बाचन गरेर सुनाउनु नै प्रधानको मुख्य साहित्यिक कृति रचनाको प्रेरणाको स्रोत भएको पाइन्छ ।[९६] सोही प्रेरणाबाट प्रधानले कविता लेख्न थालेको पाइन्छ भने पछि पाल्पाबाट प्रकाशित मासिक पत्रिका 'प्रतिभा'मा साहित्यकार वनमाली निराकारको 'मुआवजा' शीर्षकको लघुकथा उनको लघुकथा लेखनको प्रेरणा बनेको पाइन्छ ।[९७] विभिन्न पत्रपत्रिकामा आफ्ना गुरुहरू तथा साथीहरूको रचनाहरू छापिएको देखिनु पनि उनको साहित्य साधनाको प्रेरणा बनेको पाइन्छ ।[९८] त्यस्तै आफ्ना पनि प्रथम प्रयासका कविता, कथा आदिलाई सबैले मन पराएर पढ्नु, वाचनका क्रममा सबैले सहज रूपमा ताली बजाउनु पनि उनको साहित्य साधनाको प्रेरणा बनेको पाइन्छ । प्रधानको २०३८ सालमा भैरहवा बहुमुखी क्याम्पसको वार्षिक मुख पत्र क्षितिजमा प्रकाशित 'हारेको रने' कथाबाट प्रधान औपचारिक रूपमा कथा लेखनमा लागेको देखिन्छ ।[९९] त्यसपछि विभिन्न पत्रपत्रिकाहरू फुटकर कथा, लघुकथा, बालकथा आदि छपाउँदै तिनैको सफलताबाट प्रेरणा लिँदै गरेको पाइन्छ ।[१००]

यस्तै विश्वेश्वरप्रसाद कोइराला, विजय मल्ल, पारिजात, गोविन्द मल्ल 'गोठाले', भवानी भिक्षु आदि साहित्यकार र उनका रचना पनि प्रधानलाई प्रेरणाको श्रोत भएको पाइन्छ ।[१०१]

---

[९५] ऐजन ।
[९६] ऐजन ।
[९७] ऐजन ।
[९८] ऐजन ।
[९९] ऐजन ।
[१००] ऐजन ।
[१०१] ऐजन ।

यसरी विभिन्न व्यक्ति र कृतिबाट प्रेरणा र प्रभाव ग्रहण गरेर आफ्नो साहित्यिक यात्रालाई अघि बढाएका प्रधानलाई साहित्य सृजनामा थप ऊर्जा प्रदान गर्नमा उनकी श्रीमती, छोराहरू र आमाको पनि ठूलो हात रहेको बताउँछन् ।[१०२]

## २.१४ प्रथम प्रकाशित रचना र पुस्तकाकार कृतिहरू

साहित्यका विभिन्न विधामा हात हालेका साहित्यकार प्रदीप प्रधानको पहिलो लिखित कविता 'अल्झ्यो काढाँले मेरो जीवन' हो ।[१०३] जुन आज अप्राप्त छ यो कविता उनले प्रकाशनको लागि दिइएको तर छापाखानामा नै हराएको कुरा उनी बताउँछन् ।[१०४] प्रकाशनको हिसाबले उनको पहिलो साहित्यिक कृति 'उषाका किरण' हो ।[१०५] यो कविता २०३१ सालमा प्रकाशनमा आएको पाइन्छ ।[१०६] अतः यसै सालदेखी उनले औपचारिक रूपमा साहित्यको श्रीगणेश गरेको पाइन्छ । त्यसपछि प्रधानले फाटफूट कथा, कविता लेखे पनि २०३८ सालमा भैरहवा बहुमुखी क्याम्पसको वार्षिक पत्रिका क्षितिजमा 'हारेको रने' कथा प्रकाशित गराएको पाइन्छ ।[१०७] यो उनको औपचारिक कथा हो । यसपछि उनले विभिन्न स्थानीय तथा राष्ट्रिय पत्रिकाहरूमा कथा, कविताहरू प्रकाशित गर्दै आएको पाइन्छ । यसरी फाटफूट रूपमा प्रकाशित हुँदै आएका रचनाहरूलाई पुस्तकाकार दिएका हुन् । जुन निम्न छन् ।

१. **मौन रात** (२०५९) – कथासङ्ग्रह
२. **जङ्गलका रमाईला कथा** (२०६१) – बालकथा
३. **द्रन्द्रकालीन कथा** (२०६४) – लघुकथासङ्ग्रह
४. **घमण्डी भगेरी** (२०६६) – बालकथा

## २.१५ अप्रकाशित कृतिहरू

साहित्यकार प्रदीप प्रधानका कृतिहरू कुनै लेखेर सिद्धिए पनि अहिलेसम्म प्रकाशित भएका छैनन् भने कुनै अर्धलेखनावस्थामा रहेका, त्यस मध्ये प्रमुख केही निम्न छन् ।

---

[१०२] ऐजन ।
[१०३] ऐजन ।
[१०४] ऐजन ।
[१०५] ऐजन ।
[१०६] ऐजन ।
[१०७] ऐजन ।

१. निशाको जन्म दिन – बालकथा

२. **नअटाएको मेरो जिन्दगी** – कवितासङ्ग्रह

३. **आकाश कहिले उघ्रेला** ? – कवितासङ्ग्रह

४. जीवनका यात्राका मोडहरू – यात्रा साहित्य

उपर्युक्त अप्रकाशित कृतिहरू प्रकाशनको प्रतीक्षामा छन् ।

# परिच्छेद तीन
# प्रदीप प्रधानको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिका व्यक्तिगत तथा सामूहिक जीवन भोगाइका क्रममा उसका जीवनमा देखा परेका साधरण एवम् असाधारण स्थितिबाट व्यक्तित्वको निर्माण हुन्छ । साथै उसको व्यक्तित्व निर्माण गर्न व्यक्तिगत रूपको साथै समाज, साहित्य र संस्कृतिमा उसले खेलेको भूमिका पनि महत्त्वपूर्ण हुन्छ । व्यक्तिको जीवन सञ्चालनको क्रममा आइ पर्ने साधारण एवम् जटिल प्रक्रियाबाट जीवनयापन गर्ने प्रकृयामा फरक–फरक गुण देखा पर्दछ । यो नै कुनै पनि व्यक्तिको व्यक्तित्व हो । व्यक्तित्व भन्ने कुरा व्यक्ति पिच्छे फरक–फरक हुनु स्वाभाविक घटना हो । व्यक्तित्व निर्माणका लागि धेरै कुराले प्रभाव पार्दछन् । जस्तै वातावरण, समाज, संस्कृति, घर परिवार, राष्ट्रिय, अन्तराष्ट्रिय परिवेश आदि । व्यक्तित्व वंश परम्परागत जैविक वृत्ति पुञ्जका रूपमा सिर्जित हुन्छ र शिक्षा दीक्षा, सङ्गत र वातावरणका आलोकबाट प्राप्त वा आर्जित अनुभवद्वारा समृद्ध बन्दछ । आन्तरिक स्वभावबाट गहन छाप छाडेको हुन्छ । अतः व्यक्तित्वले व्यक्तिलाई समाजमा असल र खराबको संकेत दिँदै चिनाउँछ । समाजमा उसले देखाएका गति, प्रवृत्ति, आचरणका साथै उसका रूचि, स्वभाव आदिबाट पनि व्यक्तित्वको किटान भएको हुन्छ । यस अध्यायमा प्रदीप प्रधानको व्यक्तित्वको विश्लेषण गरिएको छ ।

## ३.२ बाह्य/शारीरिक व्यक्तित्व

कुनै पनि व्यक्तिको निजी जीवनसँग सम्बन्धित कुराहरू जस्तै शारीरिक वनावट, रूप, आकार–प्रकार, आचरण, रूचि, स्वभाव र प्रवृत्तिले यसको व्यक्तित्वको निर्माण गरेको हुन्छ । शारीरिक दृष्टिले प्रदीप प्रधान ५ फिट ५ इन्च अग्ला मझौला आकृतिका उच्च ललाट, ठूला–ठूला आँखा, हष्ट–पुष्ट शरीर, रातो वर्ण भएको टम्म मिलेका दात भएका अत्यन्त राम्रा देखिन्छन् ।

पाको उमेरका भए पनि इस्त्री टल्केका कपडा लगाउन मन पराउँछन् ।[१] सुकिला र राम्रा पोशाकमा सधैं सजिएर हिड्नमन पराउँछन् ।[२] सदैव हँसिला र चनाखा देखिने प्रधानको बाक्लो कालो आँखी भौ तर पातलो नरम कपालले उनको सौन्दर्यतालाई अझ बढाएको पाइन्छ ।[३] नरम र सुस्त बोल्ने प्रधानमा कुराकै माध्यमबाट अरूलाई आफुतर्फ आकर्षित गर्न सक्ने क्षमता र सीप भएको पाइन्छ ।[४] प्रदीप प्रधान भौतिक रूपमा जे जस्तो देखिए पनि उनी बिचार र बौद्धित्वका दृष्टिले उच्च देखिन्छन् ।[५] उनी अत्यन्तै सरल, मृदु बोली, उदार प्रकृतिका खुला हृदय भएको व्यक्ति हुन् ।[६] साथै उनी मिलनसार, निश्चल, सहयोगी, उच्च स्वाभीमानी र निडर प्रकृतिका भएको पाइन्छ ।[७] उनी आफूसँग कुरा मिल्नेसँग र आफ्ना साथी सँगीसँग अत्यन्तै मिलनसार र सहयोगी र आफ्नो बोलीमा अलिकति कट्टरपन पाइन्छ । आफ्नो कुरा सधैंमाथि पार्न चाहनु उनको बानी रहेको पाइन्छ,[८] र सहनशीलता नै सबैभन्दा ठूला धर्म हो भन्ने गरेको पाइन्छ ।[९] आफ्नो घर परिवार र इष्टमित्रमा सहनशील बने पनि अन्याय, अत्याचार, सामन्ति, बैरी र विदेशी शत्रुसँग सहनशील हुनु हुँदैन भन्ने भावना उनमा भएको पाइन्छ । उनी आफ्नो कारणले अरूलाई दुख दिन चाहँदैनन् ।[१०]

यद्यपि सहनशीलता पनि उनमा पाइन्छ । यदाकदा रिसाएर पनि शान्त हुने । ठूलो मान्छेले भनेका कुरा आज्ञाकारितापूर्ण तरिकाले माने तापनि आफू ठूलो मान्छेको सामिप्यमा रहँदा उनी मखख पर्ने स्वभावका छन् र आफू ठूला पढेका साहित्यकार सरह भएजस्तो अनुभव गर्दै पहिलेको धरातललाई नसम्झदा उनमा पहिले भएको अस्तित्वमा केही ह्रास आए पनि उनको रवर झैं तनक्क तन्किने मष्तिष्क र बलियो स्मरणशक्तिले उनको लोककथाको सन्दर्भमा जीवनको उत्तरार्धसम्म पनि कुनै पनि कमी नआएको जानकारी पाइन्छ ।[११] उनले अन्धपरम्परा जातभात, विकृति, विसङ्गतिको नाङ्गो रूपले

[१] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।
[२] ऐजन ।
[३] ऐजन ।
[४] ऐजन ।
[५] ऐजन ।
[६] ऐजन ।
[७] शोधनायकको मित्रबाट प्राप्त जानकारी अनुसार ।
[८] ऐजन ।
[९] ऐजन ।
[१०] शोधनायककी आमाबाट प्राप्त जानकारी अनुसार ।
[११] शोधनायक, पूर्ववत् ।

चर्को विरोध गरेको पाइन्छ । सधैं गरीब र अन्याय सहन बाध्य पीडितको पक्षको तर्फबाट कलम चलाउने गरेको पाइन्छ ।[१२] उनी उच्च विचार निरन्तरता र लगनशीलतामा विस्वास राख्ने, गरिबको मुटुसम्म पुग्न सक्ने, भाषा, वाङ्मय, संस्कृति र राष्ट्रियताका पक्षपाती व्यक्ति हुन् । समग्रमा भन्नुपर्दा उनको वाह्य व्यक्तित्व पातलो तर हष्टपुष्ट, रातो वर्ण, मुखमा केही खत भएपनि आकर्षक चेहरा भएको पाइन्छ । त्यस्तै आन्तरिक व्यक्तित्व मिलनसार, सहयोगी, समाजसेवी, गुणी र नैतिकवान पाइन्छ ।

### ३.३ सामाजिक व्यक्तित्व

समाजसंग सम्बन्धित व्यक्तित्वलाई सामाजिक व्यक्तित्व भनिन्छ । मानिस सामाजिक प्राणी भएकाले ऊ समाजमा असल काम गरेर प्रतिष्ठित हुन् चाहन्छ । उसले व्यक्तित्वको निर्माण गर्नुका साथै आफ्नो आँखा अगाडि गुज्रदै र खस्कदै गएको समाजको उत्थानका लागि सामाजिक संघ–संस्थानहरूमा संलग्न भई त्यहाँका विकासात्मक एवं रचनात्मक कार्यमा लाग्नु सामाजिक प्राणीको कर्तव्य एवम् अधिकार हो, त्यस्तै प्रदीप प्रधानको सामाजिक व्यक्तित्वलाई निम्न लिखित बुँदाका आधारमा अध्ययन गर्न सकिन्छ ।

### ३.३.१ समाज सेवी व्यक्तित्व

कथाकार प्रदीप प्रधानले समाज सेवामा आफ्नो अधिकांश समय बिताएको पाइन्छ । समाजका हरेक क्रियाकलापमा सहभागी हुँदै एक राष्ट्रप्रेमी, समाजसेवी व्यक्तित्वको परिचय दिइएको पाइन्छ ।[१३] पेशाले व्यापारी भए पनि आफ्नो व्यापार व्यवसायमा भन्दा बढी समय समाज सेवामा खर्चेको पाइन्छ । विसङ्गति २०६५ सालदेखि हालसम्म शिक्षक अभिभावक संघ बुटवलका अध्यक्ष भएर काम गरेको पाइन्छ ।[१४]

त्यस्तै बाग्लुङ्ग समाज, बुटवलमा २०६१ सालदेखि २०६३ सम्म ३ वर्ष उपाध्यक्ष पद सम्हालेको, चरित्र निर्माण संघ बुटवलमा २०६२ सालदेखि सचिवको पद सम्हालेको, प्रगतीशील लेखक संघ, काठमाडौँका राष्ट्रिय परिषद् सदस्य भई २०६५ सालदेखि २

---

[१२] शोधनायक, पूर्ववत् ।
[१३] ऐजन ।
[१४] ऋषि आजाद सम्पादक **दैनिक** लुम्बिनी २०६४ भदौ, ४ ।

वर्षसम्म काम गरेको, प्रगतीशील लेखक संघ, रूपन्देहीको कोषाध्यक्ष भई दुई वर्षसम्म काम गरेका, नेपाल बालसाहित्य समाज, काठमाडौँका आजीवन सदस्य, बुटवलसाहित्य कला प्रतिष्ठान, बुटवल २०६४ सालदेखि हालसम्म कार्यकारीणी सदस्य, नेवा समाज विकास परिषद् बुटवलका स्थापना काल अर्थात् २०६५ सालदेखि सल्लाहकार, रक्तिम सांस्कृतिक केन्द्रीय संगठन समितिका २०६१ सालदेखि केन्द्रीय सल्लाहकारको रूपमा रहेर विभिन्न प्रकारले समाज सेवा गरेको पइन्छ ।[१५] त्यस्तै गरी प्रधानले विभिन्न रोग तथा प्रशव पीडामा च्यापिएका व्यक्तिहरूलाई पटक–पटक गरी रक्तदान गरेको जानकारी पाइन्छ ।[१६] आफ्नो उमेर जम्मा १६–१७ वर्ष हुँदा गाउँमा पुस्तकालय खोलेर आफूले विना पारिश्रमिक सञ्चालन गरेको कार्यले पनि उनको सामाजिक व्यक्तित्वलाई स्पष्ट्याएको पाइन्छ ।

### ३.३.२ व्यापारी व्यक्तित्व

साहित्यकार प्रदीप प्रधानको मुख्य व्यवसाय व्यापार हो । जसका माध्यमबाट पनि उनी प्रसिद्ध छन् । विसङ्गति २०४८ सालदेखि बुटवल न.पा. ८ मा पञ्चरत्न फेन्सी सञ्चालन गर्दै आएका छन् । व्यापार नै परिवारको आम्दानीको स्रोत हुनाले सोही व्यवसायको भरमा उनले छोराहरू पढाउने र घर चलाउने गरेको पाइन्छ ।[१७]

### ३.३.३ बहुभाषिक व्यक्तित्व

समाजमा विभिन्न जात–जातिका व्यक्तिहरू बसोबास गर्दछन् । हाम्रो देश नेपाल चार जात छत्तिसवर्णको फूलबारी हो । यहाँका सबै जात–जातिको भाषा, रहन–सहन छ । समाजमा सबै व्यक्तिहरूलाई आफ्नो मातृभाषा प्यारो लाग्नु स्वभाविकै हो । त्यसैले अधिकांश व्यक्तिले आफ्नै भाषा बोल्ने गर्दछन् । समाजका अल्पसंख्यक व्यक्तिले मात्र आफू बोल्ने भाषाभन्दा अर्को भाषा बोल्न जान्ने वा ज्ञान भएका व्यक्तिलाई बहुभाषिक व्यक्ति भनिन्छ । प्रदीप प्रधानले पनि आफ्नो मातृभाषा नेवारीको साथ–साथै अन्य हिन्दी,

---

[१५] ऋषि आजाद सम्पादक **दैनिक** लुम्बिनी २०६४ भदौ, ४ ।
[१६] शोधनाय, पूर्ववत् ।
[१७] ऐजन ।

भोजपुरी, थारू, नेपाली, अङ्ग्रेजी आदि भाषाहरू बोल्न र लेख्न जानेका छन् ।[१८] यसरी विभिन्न भाषाको भाषिक ज्ञान भएको हुनाले पनि उनलाई समाज सेवामा सहयोग पुगेको कुरा जानकारी पाइन्छ ।[१९] विभिन्न भाषाको जानकारीले उनलाई साहित्यमा पनि विशेष सहयोग मिलेको पाइन्छ ।[२०] अतः प्रधान बहुभाषिक व्यक्तित्व भएका एक सफल कथाकार हुन् ।

### ३.३.४ योगाचार्य व्यक्तित्व

श्रेष्ठले जीवनमा जुनसुकै कार्य गर्न पनि स्वस्थ शरीरको आवश्यकता पर्ने हुँदा खानपानको साथ–साथै शरीरलाई स्वस्थ्य र हष्ट–पुष्ट राख्न दैनिक योग गर्नु पनि अत्यन्त आवश्यक भएको कुरा बताउँछन् ।[२१] यसै सन्दर्भमा प्रदीप २०६२ सालदेखि योगका प्रशिक्षक बनेका छन् ।[२२] बिहान ५:०० बजेदेखि ७:०० बजेसम्म उनी योगा प्रशिक्षणमा नै व्यस्त रहने गरेको पाइन्छ ।[२३] दैनिक योगा र खानपानमा विशेष ध्यान दिने हुनाले उनको शरीर ५० वर्ष काटिसक्दा पनि भर्खरकै देखिने र आफू निकै फूर्तिलो भएको बताउँछन् ।[२४] योगाले गर्दा शारीरिक र मानसिक सन्तुष्टि मिल्ने, अनावश्यक चिन्ता हटेर जाने कुरामा विश्वास राख्दछन् ।[२५]

### ३.३.५ राजनैतिक व्यक्तित्व

प्रदीप प्रधान पेशाले व्यपारी र साहित्यकार भए पनि उनमा राजनीतिक जोश पनि रहेको पाइन्छ ।[२६] विद्यालयमा पढ्दादेखि नै उनले राजनीतिमा विशेष चासो राख्ने गरेको र पछि एस.एल.सी. उत्तीर्ण गरे पछि पनि सक्रिय रूपमा राजनीतिमा लागेको पाइन्छ ।[२७] वामपन्थी विचार धारालाई आत्मसात गर्दै अघि बढेको पाइन्छ तर कुनै राजनैतिक

---

[१८] शोधनायक, पूर्ववत् ।
[१९] ऐजन ।
[२०] ऐजन ।
[२१] ऐजन ।
[२२] ऐजन ।
[२३] ऐजन ।
[२४] ऐजन ।
[२५] ऐजन ।
[२६] ऐजन ।
[२७] ऐजन ।

सङ्गठनको सदस्य छैनन् ।[२८] यसै सन्दर्भमा २०३१ सालमा बाग्लुङ्ग क्याम्पसबाट पक्राउ परेका थिए ।[२९] सात दिनको बन्दि जीवन पछि छाडिएका र बागलुङ्गबाट रूपन्देहीको आन्दवन गा.वि.स मणिग्राममा आएर बसेका थिए ।[३०] अफै पनि प्रधानले राजनीतितर्फ विशेष चासो राखेको पाइन्छ । बुढेसकालसम्म एक पटक स्थानिय भए पनि चुनाबमा उठ्ने उनको रहर छ । यसरी चुनावमा विजय भएर निष्पक्ष रूपमा समाज सेवामा लाग्ने उनको चाहना रहेको कुरा उनी बताउँछन् ।

### ३.४ साहित्यिक व्यक्तित्व

प्रदीप प्रधानको मुख्य व्यक्तित्व साहित्यिक हो । उनले नेपाली साहित्यका कथा कविता निबन्ध जस्ता विधामा कलम चलाएको पाइन्छ । विद्यालयमा कक्षा आठमा पढ्दादेखी नै विद्यालयमा हुने विभिन्न साहित्यिक कार्यक्रममा भाग लिने र पुरस्कृत हुँदा हर्षित हुने प्रधानले आफुले पहिला लेखेको कविता 'अल्फायो मेरो जीवन काँडाले' हराएकोमा निकै दुःख मान्दछन् ।[३१] साहित्यका विविध विधामा हात हाले पनि उनको मुख्य साहित्यिक विधा कथा हो ।

उनको प्रथम प्रकाशित कथा 'हारेको रने' हो जुन भैरहवा क्याम्पसको वार्षिक पत्रिका क्षितिजमा (२०३८) सालमा प्रकाशित भएको थियो ।[३२] प्रधानको साहित्यिक व्यक्तित्वलाई निम्न बुँदामा व्याख्या गर्न सकिन्छ ।

### ३.४.१ कथाकार व्यक्तित्व

साहित्यकार प्रदीप प्रधानको मुख्य साहित्यिक विधा भनेको कथा हो । २०३२ सालमा 'हारेको रने' नामक कथा लेखेर कथा लेखन आरम्भ गरेका प्रधानको यो कथा पहिलो पटक २०३८ सालमा भैरहवा बहुमुखी क्याम्पसको वार्षिक पत्रिका क्षितिजमा प्रकाशित भएको पाइन्छ ।[३३] त्यस पछि विभिन्न समयमा प्रधानका कथाहरू स्थानीय

---

[२८] शोधनायक, पूर्ववत् ।
[२९] ऐजन ।
[३०] ऐजन ।
[३१] ऐजन ।
[३२] ऐजन ।
[३३] ऐजन ।

तथा राष्ट्रिय पत्र–पत्रिकाहरूमा प्रकाशित हुँदै आएको पाइन्छ ।[३४] यसरी विभिन्न समयमा त्यसबेलाको देशको राजनैतिक परिस्थितिलाई ध्यानमा राखेर कथा लेख्ने प्रधानका अधिकांश कथाहरू समय सापेक्ष छन् ।[३५] तत्कालीन समयमा देशमा व्याप्त युद्धले मानिसमा पारेको असरलाई प्रधानले कथामा जेका त्यही देखाउन खोजेका छन् ।[३६]

यसरी समय समयमा विभिन्न पत्रिकामा प्रकाशित कथाहरूलाई प्रधानले एकत्रित गर्दै कथाकार प्रधानको **मौन रात** कथासङ्ग्रह (२०५९) मा प्रथम कथासंङ्ग्रहका रूपमा प्रकाशित भएको पाइन्छ ।[३७]

त्यसै गरी २०५९ पछि प्रधानलाई आनन्द विभोर गराउने आफ्नो दोस्रो तर बालसाहित्यमा प्रथम बालकथासङ्ग्रह **जङ्गलका रमाईला कथा** (२०६१) नामक पुस्तक प्रकाशित गरे ।[३८]

त्यस्तै २०६४ सालमा देशमा भएको १० वर्षे जनआन्दोलन र त्यसबाट उत्पन्न विषम परिस्थितिलाई आधार बनाएको अर्को कथासङ्ग्रह **द्वन्द्वकालिन कथा** प्रकाशनमा आएको पाइन्छ ।[३९] त्यसै गरी २०६६ सालमा प्रधानको दोस्रो बालकथासङ्ग्रह **घमण्डी भँगेरी** नामक बाल कथा प्रकाशनमा आएको छ ।[४०]

यस्तै थुप्रै कथाहरू अर्धलेखनमा रहेका छन् ।[४१] यसरी कथा प्रदीप प्रधानको मुख्य साहित्यिक पाटो हो । कथा क्षेत्रमा उनी सफल पनि छन् । उनका हरेक कथाले नेपाली जनमानसको भित्री मनमनमा रहेका पिडा, सुख-दुःख आदिलाई देखाएका छन् । बाल साहित्यका क्षेत्रमा पनि प्रधान सफल छन् । उनको कथा बाल रुचि अनुसार राखिएका छन् । बालमनोविज्ञानमा आधारित छन् ।

### ३.४.२ कवि व्यक्तित्व

साहित्यकार प्रदीप प्रधानलाई कविता लेखनमा पनि रुचि रहेको पाइन्छ । उनको पहिलो कविता 'अल्झायो मेरो जीवन काढाले' हो[४२] भने उनको पहिलो प्रकाशित कविता 'उषाका किरण हो' जुन २०३१ सालमा बाग्लुङ्ग बहुमुखी क्याम्पसको मुखपत्रमा प्रकाशित

---

[४१] शोधनायक, पूर्ववत् ।
[४२] ऐजन ।

भएको थियो ।[४३] प्रधानले विभिन्न समयमा स्थानिय र राष्ट्रिय स्तरमा प्रकाशित पत्र–पत्रिकाहरूमा विभिन्न कविताहरू प्रकाशित गर्दै आएको पाइन्छ ।

### ३.४.३ निबन्धकार व्यक्तित्व

प्रदीप प्रधानले निबन्ध विधामा पनि कलम चलाएको पाइन्छ । उनको प्रथम लिखित निबन्ध 'अपाङ्गहरू प्रति हाम्रो दायित्व' हो । जसमा प्रधानले पूर्णाङ्गले अपाङ्गहरूलाई कसरी सहयोग गर्नु पर्दछ, भन्ने कुरालाई देखाएका छन् । यस निबन्धपछि पनि प्रधानले विभिन्न सन्देशमूलक निबन्धहरू लेख्ने र पत्र–पत्रिकाहरूमा छपाउने गरेको पाइन्छ ।

## ३.५ जीवन दर्शन

हरेक मानिसको जीवन सम्बन्धि दृष्टिकोण तथा मान्यता फरक–फरक रहेको पाइन्छ । प्राणीहरूमा मानिस सर्वश्रेष्ठ प्राणी मानिन्छ । मानिसमा चेतनशील र विवेकशील मष्तिष्क भएकै कारण आफ्नो अमुल्य जीवनलाई सार्थक बनाउन चाहन्छ । मानिसले जीवन भोगाइका क्रममा आएका आरोह अवरोहरूलाई पार गर्दै जादा ऊभित्र जीवन सम्बन्धि धाराणाको अनुभव समेत रहेको हुन्छ । उसले जीवन सम्बन्धी दृष्टिकोणलाई आफ्नो ढङ्गले चिन्ने र चिनाउने पनि गर्दछ । यस सर्न्दभभित्र प्रदीप प्रधानको पनि साहित्यिक यात्रा विभिन्न संघ–संस्थामा संलग्न हुँदा, विदेश तथा स्वदेशमा रही जीवन निर्वाह गर्ने क्रममा आफ्नै किसिमको जीवन सम्बन्धी दृष्टिकोण रहेको पाइन्छ ।

वंशाणुगत संस्कार, आफ्नो घरको आध्यात्मिक व्यवहार, हिन्दु धर्म तथा संस्कृतिभित्र रहेर नेपाली भाषा, साहित्यको गहन अध्ययन गर्दै आएका प्रधानको दार्शनिक आस्था पनि यसै धरातलमा विकसित भएको पाइन्छ । प्रधानको जीवनदर्शन सम्बन्धी दृष्टिकोण पनि आफ्नै किसिमको रहेको छ । आफूलाई मानवताका पूजारी र सम्पूर्ण प्राणी जगतका रक्षक मान्ने प्रधान धार्मिक आडम्बर मन पराउँदैनन् तर आफ्नो परम्परा, संस्कृति र सभ्यताको परिधी नाघ्न भने चाहँदैनन् । उनी आशावादी दृष्टिकोण राख्दछन् ।

---

[४३] शोधनायक, पूर्ववत् ।

जन्मनु र मर्नु सृष्टिको चक्र हो । यस धर्तीमा मान्छे भएर जन्म लिएपछि केही गर्नु पर्दछ । जीवनलाई उपयोगी र कर्मशील मार्गमा अघि बढाउनु पर्छ । भावी पुस्ताले आफूलाई सम्भने केही गर्नु पर्दछ भन्ने मान्यता राख्दछन् ।[४४] उनी सादा जीवन उच्च विचारको मान्यताआत्मसात गर्दै मानव सेवा नै धर्म हो भन्दछन् । उनले मानव–मानवमा बन्धुत्वको भावना हुनुपर्दछ भन्ने निष्ठालाई अँगाल्दै मानवताका पक्षपातीका रूपमा आफूलाई उभ्याएका प्रधान यो मान्यता सम्पूर्णमानव जातिमा पुगोस भन्ने कामना गर्दछन् ।

### ३.६ साहित्य सम्बन्धी मान्यता

प्रदीप प्रधान विद्यार्थी अवस्थादेखी नै साहित्य साधनामा अविरल रूपले लागिरहेको पाइन्छ । प्रारम्भमा कविता लेख्न अग्रसर रहे पनि पछि कथा विधालाई आफ्नो साहित्यिक पाटो बनाएका प्रधानले कथाको मर्मलाई बुझेर लेख्ने गर्दछन् । उनको भनाई अनुसार कथा भनेको जीवनको क्षणिक घटना पक्षलाई लिएर लेखिने यथार्थ जीवनपयोगी दृश्य हो ।

यसरी प्रदीप नेपाली साहित्यका क्षेत्रमा लगभग तीन दशकदेखि निरन्तर रूपमा लागि रहेका पाइन्छ । त्यस बेलादेखि अहिलेसम्म प्रशस्त साहित्यिक कृति तथा रचनाहरूको सिर्जना गरिरहेका छन् । साहित्यिक लेखनको साथसाथै अन्य क्षेत्रमा पनि समानान्तर रूपले उनको सक्रिय सहभागिता र पूर्ण पदिय जिम्मेवारीले यिनलाई बहुमुखी प्रतिभाका रूपमा प्रस्तुत गर्दछ । हालसम्मका उनका साहित्यिक गतिविधिलाई नियाल्दा यिनको साहित्यक भविष्यको यात्रा अझ बढी उर्वर हुने देखिन्छ । यसरी साहित्यको साधना भनेको जीवनलाई रोमाञ्चकारी बनाउनु हो भन्ने मान्यता राख्ने प्रधानका साहित्यिक कृतिहरू पनि साच्चै नै रोमान्चक छन् ।

### ३.७ जीवन व्यक्तित्व र लेखनका बीच अन्तर सम्बन्ध

प्रदीप प्रधानले आफ्नो जीवनको यात्रामा विभिन्न क्षेत्रमा संलग्न रही विभिन्न हिसाबले महत्त्वपूर्ण कार्यहरू गर्दै आएका छन् । उनले गरेका यिनै कार्यहरूलाई अवलोकन

---

[४४] शोधनायक, पूर्ववत् ।

गर्दा प्रधानको जीवनी एक सामान्य व्यक्तिभन्दा भिन्न विशिष्ट व्यक्तित्वको रूपमा स्थापित हुन खोजेको देखिन्छ । प्रधानले गरेका विविध कार्यहरूबाट निर्मित उनको व्यक्तित्व उनका कृतिहरू बीच परम्परा निकटता रहेको पाइन्छ ।

प्रधानको साहित्य लेखनमा जीवन भोगाइका क्रममा सङ्गालिएका अनुभव, अनुभूति, सामाजिक, राजनैतिक वातावरण, अध्ययनशील, चिन्तनशील र निर्भिक हकी स्वभावको स्पष्ट प्रभाव पाइन्छ ।

प्रदीप प्रधानको पारिवारिक पृष्ठभूमि मध्यम वर्गीय थियो तर उनको बाल्यकालमै आफ्ना बाबुको मृत्युले गर्दा उनको बाल्यकाल केही कष्टकर नै रहेको पाइन्छ । त्यसैले होला शायद उनको प्रायः कथाहरू पनि निम्न वर्गीय पारिवारिक पृष्ठभूमिलाई आधार बनाएर लेखिएका छन् । उनका प्रत्येक कथाहरू सामाजिक विकृति, युद्ध, आतङ्कवादी पृष्ठभूमिमा अल्झिएका छन् । देशमा रोजगारीको अवसर नहुँदा कसरी युवाहरू विदेशीन बाध्य भएका छन् । त्यहाँ गएर कस्तो–कस्तो दुख कष्ट भोग्न विवश छन् भन्ने कुरा प्रधानका कृतिमा पाइन्छ । परिवारमा मुली व्यक्तिको अकाल मृत्युले कस्तो हलचल ल्याउँछ । आयस्रोत केही नहुँदा कस्तो प्रभाव पर्दछ भन्ने भाव पनि प्रधानका कृतिहरूमा झल्केको पाइन्छ । त्यसैगरी नेपाली भूगोल, संस्कृति, प्रकृति, सामाजिक संरचना, देशको राजनैतिक अवस्था, दलहरूका बीच रहेको खिचातानि, सत्ताको लागि लड्ने प्रवृत्ति आदिको प्रभाव प्रधानका कृतिहरूमा पाइन्छ ।

प्रदीप प्रधानका कृतिहरूमा मातृभाषाको पनि केही मात्रामा प्रयोग भएको पाइन्छ । उनको कृतिमा स्वयम् आफ्नो सङ्घर्षपूर्ण जीवन र अन्य प्रजातान्त्रिक योद्धाहरूको चरित्रको प्रभाव पनि उनका कृतिमा परेको पाइन्छ । मूल कार्यक्षेत्र व्यापार र समाज सेवा अङ्गालेका प्रधानले आफ्नो फुर्सदको समयको सदुपयोग गरी स्वाध्ययनबाट प्राप्त विषयवस्तुलाई कृतिमा समाविष्ट गरेका छन् । परिमाणात्मक रूपमा उनका जे–जति कृतिहरू प्रकाशित भएका छन्, ती अति गहन र पढ्न योग्य देखिन्छन् । विषयवस्तुगत आधारमा केही व्यक्तिनिष्ठ प्रकृति देखिए तापनि मानसिक अवस्थामा भएको भावनाको गहिराइ र कल्पना शक्तिको प्रचुरताको परिणाम स्वरूप उनले साहित्य सृजना गर्न सकेका हुन् ।

यसरी हेर्दा प्रदीप प्रधानको समग्र जीवनका मूलभूत पक्षहरूको महत्त्वपूर्ण कार्यहरू, तिनबाट सिर्जित व्यक्तित्व तथा तिनै जीवनीका विविध पक्षहरूको प्रभाव उनका कृति लेखनमा परेको देखिन्छ । तिनमा पनि उनको पारिवारिक अवस्था, तत्कालीन सामाजिक परिवेश आदिको प्रभाव उनका कृतिमा परेको पाइन्छ । आफ्नो समयको सदुपयोग गर्दै अत्यन्त परिश्रमका साथ अध्ययन र अनुसन्धान गरी कृति सिर्जना प्रदीप प्रधानको जीवनी, व्यक्तित्व र कृतित्त्वका बीच परस्पर सम्बन्धित भइ एक अर्काको प्रभाव र प्रेरणा प्राप्त भई अन्योन्याश्रित अन्तर सम्बन्ध स्थापित भएको पाइन्छ ।

# परिच्छेद चार

# प्रदीप प्रधानको साहित्ययात्रा

## ४.१ परिचय

प्रदीप प्रधान विद्यार्थी जीवनदेखी नै साहित्यप्रति झुकाव राख्ने व्यक्ति हुन् । सानै उमेरदेखि साहित्यका विभिन्न विधामा आफ्नो कलम अगाडि बढाए पनि ती सबै प्रकाशनमा आउन सकेनन । त्यस्तै उनको साहित्यिक यात्रा पनि अनौपचारिक रूपमा नै सीमित रहेको पाइन्छ । २०२८ सालमा आफू कक्षा आठमा पढ्दा विद्यालयमा 'उषाका किरण' कविता जुन २०३१ सालमा प्रकाशित भयो लेखेर औपचारिक रूपमा साहित्य लेखनतर्फ पदार्पण गरेको पाइन्छ ।[१]

मूलत : नेपाली साहित्यमा आख्यानकारका रूपमा चिनिने, साथ–साथै कविता, नियात्रा, निबन्ध आदि विधामा पनि आफ्नो कलम दौडाएको पाइन्छ ।[२] बालसाहित्य अन्तर्गत बालकथा लेखनमा पनि उनको अति नै रूचि रहेको पाइन्छ ।[३] पेशाले व्यापारी भए पनि साहित्यिक कृति लेखनमा उनको निरन्तरता उल्लेखनीय छ ।

प्रदीप प्रधानले नेपाली साहित्यका क्षेत्रमा कविता, बालसाहित्य, कथा आदि लेखनमा सफलतापूर्वक कलम चलाइरहेका छन् र क्रमश : आफ्ना फुटकर तथा पुस्तकाकार कृतिहरू रचना गरेका छन् । पहिले–पहिले फुटकर रूपमा प्रकाशित रचनालाई पनि एकत्रित गर्दै पुस्तकको रूप दिइरहेका छन् । नेपाली साहित्यको कथा विधामा **मौन रात** कथासङ्ग्रह जुन २०५९ सालमा प्रकाशित भयो ।

यही नै प्रधानको पहिलो पुस्तकाकार कृतिका रूपमा देखा पर्दछ । त्यसपछि प्रदीप प्रधानले २०६१ सालमा बालबालिकालाई मनाोरञ्जन प्रदान गराउने उद्देश्यले हास्यव्यङ्ग्य बालकथासङ्ग्रह **जङ्गलका रमाइला कथाहरू** नामक वालकोसेली प्रकाशित गराए ।

त्यसैगरी २०६४ सालमा तत्कालीन नेपाली राजनीति र त्यसबाट उत्पन्न विशम परिस्थितिलाई आधार मानेर **युद्धकालीन नेपाली कथा** नामक कथासङ्ग्रह प्रकाशित

---

[१] शोधनायकबाट प्राप्ता जानकारी अनुसार ।

[२] ऐजन ।

[३] ऐजन ।

गराए । त्यसपछि २०६६ सालमा **घमण्डी भँगेरी** नामक बालकथासङ्ग्रह प्रकाशित गराए ।

यसरी प्रदीप प्रधानले २०३१ सालदेखि प्रकाशन आरम्भ गरेर आजसम्म निकै धेरै फुटकर कृतिका साथसाथै चारवटा पुस्तकाकार कृति पनि प्रकाशनमा ल्याएको पाइन्छ । उनका फूटकर रचनाहरू विभिन्न समयमा विभिन्न स्थानिय तथा राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।[४] उनका यी प्रकाशित पुस्तकाकार कृति र फुटकर रचनाहरूका अतिरिक्त केही पुस्तकाकार कृतिहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।[५]

यसरी कविता विधाबाट आफ्नो औपचारिक लेखन प्रारम्भ गरी नेपाली साहित्यका विविध विधामा हात हाल्दै कथा विधालाई आफ्नो साहित्यिक विषय मानेका प्रधान हाल नेपाली साहित्यका कुशल र सफल कथाकार व्यक्तित्वका रूपमा परिचित हुन् पुगेका छन् । वस्तुत साहित्य साधनको यति लामो अवधि पार गरिसकेका गरेका प्रदीप प्रधानले साहित्यिक मोड वा चरणहरू निर्क्यौल गरी सिमाङ्कन र विवेचना गर्नु यिनको साहित्यिक यात्राको निरूपरण गर्नु हो ।

## ४.२ साहित्यिक यात्राको चरण विभाजन

### ४.२.१ चरण विभाजनको औचित्य र आधार

कुनै पनि साहित्यकारको लामो साहित्यिक यात्रामा विभिन्न मोड र घुम्तिहरू आएका हुन्छन् । यस्ता मोडहरूले सम्वन्धित लेखकका रचनात्मक दृष्टिकोण र प्रवृत्तिमै नयाँ आयाम ल्याएका हुन्छन् । यस्ता मोडहरूको पहिचान तथा वर्गिकरण गरी ती प्रत्येक मोडले साहित्यकारको रचनात्मक दृष्टिकोणमा ल्याएको अन्तर र मोड परिवर्तनको मुख्य कारणसँग विभिन्न समयावधिमा लेखिएका कृतिहरूको अन्तर्सम्वन्ध नकेलाइकन कुनै पनि स्रष्टाको उचित मुल्याङ्कन हुन सक्दैन ।

साहित्यकारको साहित्यिक यात्रामा विभिन्न घुम्ती र मोडहरू देखापर्नुमा विविध कारणहरू हुन् सक्छन् । जीवनको प्रारम्भिक साहित्यिक यात्रा र त्यस पूर्वको अवस्थाको साहित्यिक यात्रामा प्रायः सबै साहित्यकारहरूमा परिष्कार, परिमार्जन र परिपक्वताका कारणबाट केही भिन्न देखिने गर्दछ । यसरी परिवर्तन हुनुमा समय, परिस्थिति, वातावरण

[४] पूर्ववत् ।
[५] शोधनायककी श्रीमतीबाट प्राप्त जानकारी अनुसार ।

सामाजिक अवस्था, देशको राजनैतिक गतिविधि, लेखकको उमेरमा आएको परिपक्वता र साहित्य साधनाले ल्याएको गहनता जस्ता कारणहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । त्यसैले कुनै पनि साहित्यकारको सम्पूर्ण व्यक्तित्वबारे अध्ययन गर्दा पनि विविध परिस्थितिलाई अध्ययन र विश्लेषण गर्नुपर्ने हुनाले साहित्यकारको साहित्यिक यात्राको चरण विभाजनको औचित्य छ भन्ने कुरा स्पष्ट हुन्छ ।

### ४.२.२ चरण विभाजन

साहित्यकार प्रदीप प्रधानको लगभग तीन दशकभन्दा लामो साहित्यसाधनाको यात्रामा विभिन्न घुम्तीहरू देखापरेका छन् । यस तीन दशक लामो साहित्य यात्रामा प्रारम्भिक अवस्थामा यिनका कविताहरूको वर्तमान अवस्थामा देखिएका विकृति, विसङ्गति, शोषण, दमन, निम्न वर्गका पीडा, व्यथाका अवस्थालाई मार्मिकताकासाथ प्रगतिवादी चेतनाका दृष्टिबाट केलाएको पाइन्छ । यस्ता काव्य कृतिहरू सबै यथार्थका नजीक रहेका छन् । उनका कृतिका भाषाशैली पनि सरल, सहज र बोधगम्य तथा व्यङ्ग्यात्मक प्रवृतिको रहेको छ । तत्कालीन राजनैतिक गतिविधिलाई पनि महत्त्वपूर्ण स्थान दिइएको छ ।

यी विविध कुरालाई आधार मान्दै रचेका प्रधानका रचनामा लुकेका प्रवृत्तिलाई आधार मान्दै उनको साहित्यिक यात्रालाई निम्न चरणमा विभाजन गर्न सकिन्छ ।

| | | |
|---|---|---|
| १. प्रथम चरण | प्रारम्भ | २०३० |
| २. दोस्रो चरण | २०३१ देखि | २०५९ |
| ३. तेस्रो चरण | २०५९ देखि | हालसम्म । |

### ४.२.२.१ प्रथम चरण

प्रारम्भदेखि २०३० सालसम्मको समयावधि प्रधानको साहित्ययात्राको प्रराम्भिक चरण हो यस चरणमा उनी विद्यार्थी अवस्थामा नै थिए । त्यसकारण प्रधानको साहित्य साधनाका यस चरणलाई अभ्यासिक चरण भन्न सकिन्छ । आफ्नो अग्रज मित्रहरूको साहित्यप्रतिको लगाव, विभिन्न स्कुल तथा क्याम्पसमा हुने् साप्ताहिक साहित्यिक प्रतियोगितात्मक कार्यक्रमा आफूले शिक्षक वर्गबाट उचित मार्ग निर्देन तथा साहित्यिक

लेखनको प्रेरणा आदिबाट प्रभावित भएर साहित्य लेखनतर्फ आकृष्ट भएका प्रधानले सुरु सुरुमा कविता विधामा कलम चलाउने गरेको पाइन्छ । जुन अभ्यासिक कालका कविताहरू आज प्राप्त नभए पनि २०३१ सालमा महेन्द्र क्याम्पसमा बाग्लुङ्गको वार्षिक पत्रिकामा प्रकाशित 'उषाको किरण' शिर्षकको कविता प्रथम प्रकाशित कविताका रूपमा रहेको छ । यसै कवितालाई आधार मानेर उपर्युक्त काल विभाजन गरिएको हो । यस चरणमा उनले विभिन्न निवन्धहरू पनि लेखे ती सबै अहिले प्राप्त छैनन् । प्रकाशित पहिलो उनको कविता 'उषाको किरण' भए पनि उनको पहिलो लिखित कविता भने 'अल्झायो मेरो जीवन काडाले' हो ।

समग्रमा भन्नुपर्दा साहित्यकार प्रधानले यस चरणमा प्राय : कविताहरू लेखेका छन् भने केही कथा, निवन्ध पनि लेखेको बताउँछन् उनी । यसरी साहित्य साधना गरेको तर प्रकाशित नभएको अवस्थालाई उनको साहित्य साधनाको प्रथम चरणका रूपमा लिन सकिन्छ ।

### ४.२.२.२ **दोस्रो चरण** (२०३१–२०५९)

२०३१ देखि २०५९ सालसम्मको समयावधि प्रदीप प्रधानको साहित्य साधनाको विकासको उर्वरशील चरण हो । अर्थात यस समयमा प्रधानका साहित्ययात्रामा औपचारिक रूपमा प्रवेश गराएको 'उषाको किरण' कवितादेखी दोस्रो चरणमै लेखेका धेरै कथाहरू प्रकाशित भएको पाइन्छ । यस समयावधिमा लेखेका सबै साहित्यिक कृतिहरू विभिन्न समयमा पत्रपत्रिकाहरूमा प्रकाशनमा आएको पाइन्छ । यस समयमा प्रधानको कृतिहरू संख्यात्मक तथा गुणात्मकताको शिखरमा पुगेका छन् । यी फुटकर रचनाहरू पछि तथा २०५९ सालमा प्रकशित **मौन रात** कथासङ्ग्रहमा सङ्ग्रहित छन् । यी प्रकाशित रचनाहरूले प्रधानको दोस्रो तथा सम्पूर्ण काव्ययात्राभित्र छुट्टै अस्तित्व निभाएका छन् । यस चरणभित्र प्रधानले कथाहरूनै लेखेका छन् र कथाकारका रूपमा नै जनमानसमा परिचित हुन् पुगेका छन् । यस अवधिभित्र लेखिएका तथा प्रकाशित गरिएका प्रधानका साहित्यिक फुटकर रचनाहरूको विवरण यस प्रकार प्रस्तुत गर्न सकिन्छ -

| क.सं. | रचना शीर्षक | प्रकाशन मिति | विधा | प्रकाशित पत्रिका |
|---|---|---|---|---|
| १. | 'उषाका किरण' | २०३१ | कविता | बार्षिक मुखपत्र, महेन्द्र व.क्याम्पस |
| २. | 'हारेको रणे' | २०३८ | कथा | क्षितिज |
| ३. | 'मुग्लान' | २०५८ | कथा | राष्ट्रिय दै. जनसंघर्ष |
| ४. | 'युगकी निशा' | २०५७ | कथा | मेचिकाली दैनिक |
| ५. | 'विवेकको कम्प्युटर' | २०५९ | कथा | राष्ट्रिय दै. जनसंघर्ष |
| ६. | 'छापामार नीता' | २०५८ | कथा | राष्ट्रिय दै. जनसंघर्ष |
| ७. | 'मैले नचाहेको छोरो' | २०५९ जेष्ठ ११ | कथा | नयाँ दिशा दैनिक |
| ८. | 'अब म किरिया बसिनँ' | २०५९ असार २२ | कथा | नयाँ दिशा दैनिक |
| ९. | 'बस्तीबस्तीबाट हराएका मान्छे' | २०५७ श्रावण २१ | कथा | राष्ट्रिय दै. जनँघर्ष |
| १०. | 'उसको आत्म विलौना' | २०५९ मङ्सिर | कथा | मेचिकाली दैनिक |
| ११. | 'मेरो जेलको साथी कुनानमा' | २०५६ चैत्र ५ | कथा | राष्ट्रिय दै. जनसंघर्ष |
| १२. | 'साइपनको हर्के' | २०५६ फाल्गुण | कथा | राष्ट्रिय दै. जनसंघर्ष |
| १३. | 'ओझेल प्रेम' | २०५७ भाद्र ३ | कथा | राष्ट्रिय दै. जनसंघर्ष |
| १४. | 'बिदाई' | २०५७ भाद्र १७ | कथा | राष्ट्रिय दै. जनसंघर्ष |
| १५. | 'अभागी छोरी ग्लेनिश' | २०५७ अषाढ २४ | कथा | राष्ट्रिय दै. जनसंघर्ष |
| १६. | 'लिण्डा' | २०५७ भाद्र २४ | कथा | राष्ट्रिय दै. जनसंघर्ष |
| १७ | 'तुषारापात जिन्दगी' | २०५९ भाद्र२० | कथा | दैनिक मजदुर पत्रिका |
| १८. | 'असह्य वेदना' | | कथा | ...................... |

यस चरणमा कथाकार प्रधानका प्राय : कथाहरू सामाजिक यथार्थवादमा आधारित भएर प्रकाशित छन् भने केही कथाहरूले मनोविज्ञानको पनि अनुसरण गरेको पाइन्छ । वि.पि.को जुन शैली छ प्रधानका मनोवैज्ञानिक कथाको शैली त्यही छ भने अन्य कथामा

पनि उनको शैली वी.पी.को नजिक पाइन्छ । उनको यस चरणका कथाहरूमा राजनैतिक परिवर्तनको चाहना, अन्याय अत्याचारप्रति तीव्र आक्रोश, गरीबीको पीडा, आर्थिक रूपले गरिने वर्ग विभाजनको विरोध, बाँच्नका लागि गर्नुपर्ने सङ्घर्ष, देशभित्रका जनता आ–आफै लड्दा हुने् बेफाइदा, माओवादी जनयुद्ध आदि पक्षहरूको उद्घाटन गराउन खोजिएको छ ।

भाषाशैलीका दृष्टिले कथाहरूमा सजिलो, मिठो, र सरल भाषाको प्रयोग पाइन्छ । तत्सम्, तद्भव, आगन्तुक ठेट नेपाली शब्दहरूको प्रयोग पाइन्छ भने कतै कतै अङ्ग्रेजी शब्दहरूको प्रयोग पनि पाइन्छ । लेखकको मातृभाषा (नेवारी) तथा मंगोलीन भाषाको पनि यदा कदा प्रयोग भएको पाइन्छ । प्रथम, द्वितीय तथा तृतीय पुरुष तीनै शैलीको प्रयोग गरी नेपाली समाज, संस्कृति, परम्परा, राजनीतिक तथा आर्थिक पक्षको चिरफार गरी नकारात्मक प्रवृतिप्रति तीव्र असन्तुष्टि व्यक्त गर्दै तत्कालीन समयमा भएको हत्या, हिंसा, कुरीति, कुसंस्कृति, दमन, शोषण आदि सबैको भण्डाफोर गर्ने प्रयास गरेको पाइन्छ । कथाको मूल मर्मलाई कथामा चित्रित चित्रले नै स्पष्ट पार्न खोजेका छन् । समग्रमा यस चरणका प्रधानका कथागत प्रवृतिहरूलाई निम्न बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छ ।

१. तत्कालीन समय र परिस्थिति अनुसारका कथा ।
२. आर्थिक असमानताले गराएको वर्गिय विभाजनको यथार्थ प्रस्तुति ।
३. निम्न वर्गका जीवनको विवशता, बाध्यता र बाँच्नका लागि गर्नुपर्ने सामाजिक, आर्थिक, सङ्घर्षको चित्रण ।
४. स्वच्छ राजनैतिक खेलको कामना ।
५. शैली पक्षमा भन्दा भाव पक्षमा जोड ।
६. कथाको आयाममा विविधता ।
७. नेपाली तथा वाहिरी परिवेशलाई पनि चित्रण ।
८. कथामा मनोवैज्ञानिकताको आभाष ।
९. प्रगतिशील लेखनतर्फको यात्राको तय ।

#### ४.२.२.३ तेस्रो चरण (२०५९–हालसम्म)

कथाकार प्रदीप प्रधानको कथायात्राको २०५९ सालदेखि हालसम्मको समयावधिलाई तेस्रो चरण भनिन्छ । कुनै पनि साहित्यकार लामो समयसम्म साधनारत रहिरहँदा जीवन जगतको गहन अध्ययन एवम् विभिन्न परिवर्तनका प्रभावबाट उसको साहित्य यात्रामा गुणात्मक, परिमाणात्मक तथा प्रवृत्तिगत मूल्यहरूले नै त्यस साहित्यकारको आधार वनाएको हुन्छ । यस सन्दर्भमा प्रदीप प्रधानको पनि साहित्य दोस्रो चरणकोभन्दा यस चरणका मुल कथात्मक प्रवृत्तिमा केही परिवर्तन आएको पाइन्छ । उनको पहिलो चरण अभ्यासिक थियो भने दोस्रो चरण सार्वजनिक कृति प्रकाशन गराएको रूपमा परिचित ती सबै फुटकर कथामा नै सीमित रहे । कथाकारले तिनलाई एकत्रित गरेर पुस्तकाकार कृति तथा कथासङ्ग्रहका रूपमा प्रकाशित गरेको पाइँदैन । यस चरणमा कथाकार दोस्रो चरणमा प्रकाशित भएका आधारबाटै कथाहरूलाई प्रकाशित गरी **मौनरात** नामक कथासङ्ग्रहमा वाधेका छन् । यसका साथसाथै यस चरणमा प्रधानले अन्य तीनवटा कथासङ्ग्रहहरू प्रकाशित गराएका छन् । प्रधानका यस चरणमा प्रकाशित कृतिहरू निम्न छन् ।

| क्र.स | शीर्षक | विधा | प्रकाशित मिति | प्रकाशक |
|---|---|---|---|---|
| १. | **मौनरात** | कथा | २०५९ | कृतिकार स्वयम् |
| २. | **जंगलका रमाइला कथाहरू** (बाल कथासङ्ग्रह) | कथा | २०६१ | कृतिकार स्वयम् |
| ३. | **द्वन्द्वकालीन कथा** | कथा | २०६४ असोज ५ | पुष्पाञ्जली प्रधान |
| ४. | **घमण्डी भँगेरी** | कथा | २०६६ | विवेक सिर्जनशील प्रकाशन प्रा.लि. |

उपर्युक्त कथासङ्ग्रहरूले कथाकार प्रदीप प्रधानलाई सिङ्गो कथासङ्ग्रहका प्रकाशक तथा लेखक रूपमा परिचित गराउन सफल भएका छन् भने कृति प्रकाशनका दृष्टिले उनको सार्वजनिक साहित्ययात्रा पनि अझ बढी बलियो भएर आधिकारिक रूपले अगाडि

बढ्दा प्रधान कथा प्रकाशनका परिमाणात्मक रूपमा जसरी प्रगति गर्दै अगाडि बढेका छन् त्यसरी नै गुणात्मक रूपमा पनि उनी दरिलो र सशक्त हुँदै गएको पाइन्छ ।

प्रधानका यस चरणका कथाहरूले नेपालको तत्कालीन परिस्थितिका साथ साथै गरीबी, हत्या, हिंसा, दमन, अन्याय, समाजका विसङ्गति, युद्धको परिवर्तनलाई देखाउनुका साथसाथै बालकथाहरूले बालबालिकालाई बौद्धिक ज्ञानका साथ साथै पेटमिचिमिचि हाँस्न सघाउ पुऱ्याएका छन् । 'मौनरात' र 'द्वन्द्वकालीन' कथाका पात्रहरू मानव भए पनि 'जङ्गलका रमाइला कथा' र 'घमण्डी भँगेरी'का अधिकांश मुख्य पात्रहरू मानवेत्तर छन् । जसलाई मानवीकरण गर्न प्रयास गरेका छन् । प्रधानले यस चरणमा यस चरणका केही कथाहरू सामाजिक परिस्थिति र यथार्थ घटनाका नजिक छन् भने केही कथाहरू लोककथाका नजिक रहेका छन् । त्यसैले विषयगत यस्तो विविधता पनि प्रधानको विशेषता हुन पुगेको छ । भाषाशैलीका दृष्टिले यस चरणका कथाहरूको भाषा पनि सरल, सहज रहेको पाइन्छ । तत्सम, तत्भव र आगन्तुक तथा झर्रा नेपाली शब्दको प्रयोग भएको पाइन्छ । भाषाका शुद्धतामा भने लेखकमा केही कमजोरी तथा मातृभाषाको केही मोह रहे जस्तो देखिन्छ । कथाहरू निकै छोटा छोटा हुनु पनि यस चरणको विशेषता हुन पुगेको छ ।

सहिदहरूप्रतिको तीव्र आस्था तथा श्रद्धा, प्रजातान्त्रिक मूल्य मान्यताप्रति सचेतना, राजनैतिक क्षेत्रमा देखिएको अस्थिरताको मन्द विरोध, नेपाली राष्ट्रियताप्रतिको मोह, मानवीय तथा मानवेत्तर पात्रहरूको वर्णन, राष्ट्रिय तथा प्राकृतिक परिवेशको चित्रण, नेपालीपनप्रतिको असीम अनुराग, युद्धजन्य विभीषिकाको चिन्तन, समान अस्तित्वको भाव, नारी सम्मानको भावना, वालमनोविज्ञानको उद्घाटन आदि कथाकार प्रधानका यस चरणका विशेषताका रूपमा देखिन्छ । यसरी कथाकार प्रधानको तेस्रो चरणका कथागत विशेषतालाई निम्न बुँदामा देखाउन सकिन्छ ।

- प्रगतिशील भावना ।
- यथार्थवादी दृष्टिकोण ।
- राजनैतिक आस्थाप्रति आक्रोश ।
- गरिबका पीडा, श्रमप्रतिको शोषण आदिको प्रस्तुति ।
- युद्धकालीन परिस्थितिको चित्रण ।

- वालमनोविज्ञानको उद्घाटन ।
- विषयगत विविधता ।
- कथासङ्ग्रहहरूको प्रकाशन ।
- कथाको आकारमा लघुता ।
- प्रकृति चित्रण, नेपालका वन जङ्गलमा पाइने जनावर तथा चराचुरुङ्गीको वर्णन ।
- प्रायः नेपाली परिवेशको प्रयोग आदि ।

# परिच्छेद पाँच

# प्रदीप प्रधानका प्रकाशित कृतित्त्वको अध्ययन र विश्लेषण

## ५.१ परिचय

मलेशियामा २०१४ भदौ ६ गते जन्म लिएका प्रधानको विद्यार्थी अवस्थादेखि छिट्फुट रूपमा नेपाली साहित्यमा विविध विधामा कलम चलाउँदै आएको पाइन्छ ।[1] साहित्यप्रति निकै चाख राख्ने प्रधान औपचारिक रूपमा भने २०३१ सालदेखि प्रवेश गरेका हुन् । २०३१ सालमा 'उषाका किरण' कविता महेन्द्र बहुमुखी क्याम्पसको वार्षिक पत्रिकामा प्रकाशन भए पश्चात् प्रधान नेपाली साहित्यको श्रीवृद्धि गर्नमा निरन्तर लागेको पाइन्छ । कथाका क्षेत्रमा भने प्रधान कविता प्रकाशन गरेको झण्डै सात वर्षपछि औपचारिक रूपमा लागेको पाइन्छ । २०३८ सालमा भैरहवा वहुमुखि क्याम्पसको वार्षिक पत्रिका क्षितिजमा प्रकाशित 'हारेको रने' उनको पहिलो प्रकाशित कथा हो भने २०४९ मा चौतारी अफसेट प्रेस सुख्खा नगर बुटवलबाट प्रकाशित **मौनरात** कथासङ्ग्रह पहिलो कथासङ्ग्रह हो ।

साहित्य लेखनको प्रारम्भ कविता लेखनबाट गरेका प्रधान आज विशेष गरेर कथा विधालाई अङ्गाल्न थालेका छन् । फुटकर लघु कथादेखि कथासङ्ग्रहकै रूपमा वालकथा, लघुकथा आदि प्रकाशित गरेका छन् ।

प्रदीप प्रधानका **मौनरात, जङ्गलका रमाइला कथा**, **द्वन्द्वकालीन कथा**, **घमण्डी भँगेरी** जस्ता चारवटा कथासङ्ग्रह प्रकाशित भएका छन् । जसमध्ये **मौनरात** कथासङ्ग्रह हो भने **जङ्गलका रमाइला कथा, घमण्डि भँगेरी** बालकथासङ्ग्रह हो । त्यस्तै **द्वन्द्वकालीन** कथासङ्ग्रह चाहि लघु कथासङ्ग्रह हो । यसरी प्रधानका कथाहरू छुट्टाछुट्टै प्रकृतिका छन् ।

२०५९ सालमा चौतारी अफसेट प्रेस वुटवलबाट प्रकाशित **मौनरात** कथासङ्ग्रहमा जम्मा अठार वटा कथाहरू सङ्कलित छन् ।

---

[1] **मौनरात** कथासङ्ग्रहको भूमिकाबाट ।

त्यस्तै २०६१ सालमा आइडियल प्रिन्टर्स बुटवलबाट प्रकाशित **जङ्गलका रमाइला कथाहरू** नामक बालकथासङ्ग्रहमा जम्मा सातवटा कथाहरू सङ्कलित छन् । २०६४ सालमा बिजी डिजाइनर्स बुटवलबाट प्रकाशित **द्वन्द्वकालिन कथा** नामक लघुकथासङ्ग्रहमा जम्मा छ्यालिसवटा कथाहरू रहेका छन् भने २०६६ सालमा क्लासिकल प्रिन्टिङ प्रेसद्वारा प्रकाशित **घमण्डी भँगेरी** नामक बालकथासङ्ग्रहमा जम्मा सत्रवटा कथाहरू प्राकाशित छन् । यी कथासङ्ग्रहहरू भित्रका सबै कथाहरू एकै किसिमका आकार प्रकारका छैनन । विषयवस्तुमा भने केही कथाहरूमा समानता पाइन्छ तर सुक्ष्मरूपमा अध्ययन गर्दा ती कथाहरूको विषयवस्तुमा पनि विविधता देखिन्छ ।

अतः प्रधानका कथाहरू केही रूपमा समान प्रवृतिका भए पनि तिनमा प्रशस्त भिन्नता पाइन्छ । यिनका कतिपय कथा गहन छन् भने केही कथाहरू सरल सहज र रमाइला रहेका छन् । यी कथासङ्ग्रहलाई यहाँ शीर्षकीकरण विषय, पात्र, परिवेश, भाषाशैली उद्देश्यका आधारमा विश्लेषण गरीएको छ ।

## ५.२ 'मौनरात' कथासङ्ग्रहको विश्लेषण

### ५.२.१ परिचय

२०५९ सालमा चौतारी अफसेट प्रेस वुटवलबाट प्रकाशित यस **मौनरात** कथासङ्ग्रहमा जम्मा अठार वटा कथाहरू सङ्कलित छन् । यी कथाहरूमा नेपाली समाजमा युगौदेखि जरो गाडेर रहेका यथार्थ, विकृति, विसङ्गति, शोषण, दमन, युद्ध आतङ्क र गृहयुद्धले सृजना गरेको दुःखपूर्ण वातावरण, गरिबी आदिको अत्यन्तै रोचक सरल र सहज शैलीमा कलात्मक पाराले प्रस्तुत गरिएको छ । यस कथासङ्ग्रहका बारेमा भैरहवा वहुमुखी क्याम्पसका सहप्राध्यापक बालकृष्ण भट्टराईले समीक्षात्मक मनतव्यमा दिनुभएको भनाइ पनि महत्त्वपूर्ण छ । शोषणरहित मुक्त समाजको निर्माणका निम्ती समाजका सबै किसिमका अनुचित गतिविधिको भण्डाफोरगर्दै सुखद भविष्यको आमन्त्रणका निम्ति प्रधानको कलम सलबलाएको र मुलुकको वाम आन्दोलनमा कुनै न कुनै रूपमा निरन्तर क्रियाशील कथाकारको कलम प्रगतिवादी धारातिर प्रवाहित भएको पाइन्छ भन्ने भनाइ उल्लेख छ ।

वास्तवमा प्रधानको प्रस्तुत कथासङ्ग्रहले तत्कालीन नेपाली समाजमा व्याप्त हरेक किसिमका नराम्रा विकृति र विसङ्गतिहरूको भण्डाफोर गर्दै स्वच्छ र स्वस्थ्य राष्ट्र निर्माणको लागि केही सन्देश पनि दिन खोजेको छ ।

यसरी यस **मौनरात** कथासङ्ग्रह नेपाली समाजको लागि उज्वल भविष्य निर्माण गर्न सन्देश दिएको सन्देशमूलक कृति बनेको छ । यहाँ यस कथासङ्ग्रहलाई विभिन्न आधारमा विश्लेषण गरिएको छ ।

### ५.२.२ शीर्षकीकरण

प्रस्तुत **मौनरात** कथासङ्ग्रहको शीर्षक यसै पुस्तकभित्र सङ्ग्रहीत एउटा कथालाई आधार मानेर वा लेखकले आफूलाई लागेको उत्कृष्ट कथाका आधारमा राखिएको हो । यहाँ मौनरातको अर्थ सुनसान रात भन्ने रहेको छ । यस कथाको शीर्षक गहन तथा केही भावपूर्ण रहेको छ । यस शीर्षकले यस कृतिमा सङ्ग्रहित अधिकांश कृतिका प्रवृत्तिलाई बोकेको छ ।

एउटा पदावलीको यो शीर्षक आफैमा गम्भीर तथा तार्किक रहेको छ । सम्पूर्ण कथासङ्ग्रहले देखाउन खोजेको यस **मौनरात** कथाभित्रका कथाहरूको शीर्षक फरक–फरक रहेको छ । शीर्षकको वनोट अनुसार निम्न सुचीमा देखाउन सकिन्छ ।

| **एक शब्द** | **पदावली** | **वाक्य** |
|---|---|---|
| मुगलान | हारेको रने | मैले नचाहेको छोरो |
| विदाई | युगकी निशा | अव म किरिया वसिनँ |
| लिन्डा | विवेकको कम्प्युटर | वस्ती वस्तीमा हराइरहेका मान्छेहरू |
| | छापामार निशा | |
| | मौन रात | |
| | साइपनको हर्के | |
| | ओभ्रेलको प्रेम | |
| | तुषारापात जिन्दगी | |
| | असह्य वेदना | |
| | अभागी छोरी ग्लेनिश | |
| | मेरो जेलका साथीकुनानान | |
| | उसको आत्म विलौना | |

यसरी प्रस्तुत कथासङ्ग्रहभित्रका कथाहरूका शीर्षकलाई तीन किसिमले वर्गिकरण गर्न सकिन्छ भने यी अठार वटै कथाहरूको प्रतिनिधित्व 'मौनरात' कथाले गरेको छ । यस कथाले तत्कालीन युद्ध, गरिबी, गाउँले समाजको वातावरणलाई अत्यन्त कलात्मक रूपमा प्रस्तुत गरेको छ । विषयवस्तु अनुसार शीर्षक पनि उचित रहेको छ । 'मौनरात' शीर्षक एउटा कथाको मात्र नभएर सिङ्गो कृतिको उपर्युक्त भएको छ । किनकी यस शीर्षकले सम्पूर्ण कृतिले दिन खोजेको सन्देशलाई ज्वलन्त रूपमा प्रकाश पारेको छ । यसरी यस कृतिको शीर्षक **मौनरात** अत्यन्त उत्कृष्ट तथा सार्थक छ ।

### ५.२.३ कथावस्तु / विषय

२०५९ सालमा प्रकाशित कथाकार प्रदीप प्रधानद्वारा लिखित **मौनरात** कथा सामाजिक यथार्थवादी कथासङ्ग्रह हो । यो कथासङ्ग्रहमा भएका सम्पूर्ण कथाले तत्कालीन सामाजिक समस्याहरू टपक्क टिपेर यथार्थमा उतार्ने काम गरेका छन् । यो कथासङ्ग्रह समसामायिक नेपाली समाजमा घटेका घटिरहेका र वर्तमानले भोगेका यथार्थ घटनाको प्रस्तुति बन्न पुगेको छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय जुनसुकै परिवेशमा लेखिए पनि यथार्थ र वास्तविक घटनामा आधारित छन् ।

प्रस्तुत **मौनरात** कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूमा विषयगत विविधता पाइन्छ । सामाजिक यथार्थलाई पस्कने क्रममा प्रधानले कतिपय कथाहरू राजनीतिक विषयवस्तुमा आधारित लेखेका छन् त कतिपय कथाहरूमा नेपाली समाजमा रहेका गरिबी, अशिक्षा जस्ता कुरालाई प्रस्तुत गरेका छन् भने केही कथाहरू तत्कालीन समयमा चलेका कथित जनयुद्धमा आधारित छन् ।

यस **मौनरात** कथासङ्ग्रहमा नौवटा कथाहरू 'छापामार नीता', 'युगकी निशा', 'विवेकको कम्प्युटर', 'म किरिया वसिनँ', 'मैले नचाहेको छोरो', 'मौन रात', 'असह्य वेदना', 'वस्ती वस्तीमा हराएका मान्छेहरू', 'तुषारापात जिन्दगी' नेपालका राजनीतिबाट प्रेरित भएर लेखिएका कथा हुन् । यी कथाहरूमा नेपालको राजनीतिक परिस्थितिले गर्दा उत्पन्न समस्या, कथित जनयुद्धको कारणले माओवादी र सरकार दुवै पक्षबाट शोषित नेपाली जनजीवन विविध कारणले गर्दा बाध्य भएर माओवादीमा लाग्न तथा विदेशिन परेको अवस्थाका साथ साथै माओवादी जनआन्दोलन सुरु हुन परेको कारण र त्यसबाट

नेपाली समाजको पीडा व्यथा आदिलाई विषय बनाइएको छ । यी कथाले तत्कालीन युद्धग्रस्त नेपाली जनजीवनको यथार्थ चित्रण गरेका छन् । सरकार र माओवादीको द्वन्दले नेपाली सोझा साझा व्यक्तिमा पर्न गएको असर चित्रण गरिएको यी कथाहरूमा तत्कालीन समयमा माओवादी आन्दोलनका कारण नेपालीहरूले भोग्नु परेका विविध अवस्थाहरूको उद्बोधन गरिएको छ । गृहयुद्धको मारमा परेका जनताको पीर, व्यथालाई कथाको रूप दिएर प्रस्तुत गरिएको छ ।

'साइपनको हर्के', 'लिण्डा', 'अभागी छोरी ग्लेनिश', 'मेरो जेलको साथी कुनानान', विदेशी परिवेशमा लेखिए पनि यथार्थमा आधारित छन् । गरिबीको कारणले गर्दा कसरी नेपाली युवाहरू विदेशिन बाध्य छन् अनि त्यहाँ पुगेर कस्तो विवशताको सामना गर्दै आफ्ना दिनचर्या काटिरहेका छन्, जन्मभूमिलाई छोडेर रोजगारीको लालचले विदेशिए पनि बेरोजगारी समस्या खेप्न विवश नेपालीको अवस्थालाई आफू साइपन पुगेर पनि काम नपाइ नेपाल फर्किएका लेखकले स्वयम् आफूले भोगेको अनुभवलाई कथा मार्फत् व्यक्त गरेका छन् । धन कमाउन विदेश गएका नेपाली विदेशीको जालमा परेर एड्स जस्तो प्राणघातक रोग लिएर फर्कन बाध्य छन् भन्ने कुरा लेखकले अत्यन्त कलात्मक पाराले व्यक्त गरेका छन् । विदेश गएर पनि जेल जीवन बिताएका नेपालीको विवशतालाई कथाकारले देखाएका छन् ।

यस्तै मुग्लान र उसको आत्म विलौनामा बालमनोविज्ञानको प्रयोग गरिएको छ । मुग्लान कथामा वावु-आमा आफ्नै नाबालक सन्तानलाई उसको माया पाउने स्वभाविक चाहना नवुझेर वाबु आमाको मायाभन्दा पैसाले नै बालबालिकालाई सन्तुष्टि दिन सकिन्छ भन्ने सोचाइ राखेर छोरा छोरी छोडेर विदेशिन्छन् । जसको परिणाम स्वरूप एक मात्र नाबालक छोरी गलत मान्छेको फकाइमा परेर मुग्लानमा बेचिन पुग्छे । वाबु-आमा जापानबाट प्रशस्त धन कमाएर आउँदा छोरी घरमा हुँदैन र उनीहरूले छोरी बेचिएको खबर पाउँछन् । अनि नैराश्य र पश्चातापभन्दा अरू केही पाउँदैनन । उसको आत्म विलौनामा बालमनोविज्ञानको समानुपतिक रूपमा आमाको माया नपाउँदा बालबालिकामा पर्ने मानसिक प्रभाव र त्यसबाट उत्पन्न बाल प्रतिकृयालाई व्यक्त गरिएको छ । केटाकेटीहरू पैसाभन्दा पनि आफ्ना बाबु आमा जस्ता अभिभावकका न्यानो माया र

प्रेमका भोका हुन्छन् । उनीहरूलाई सबैभन्दा प्यारो आफ्ना आमा बाबुको न्यानो काख हुन्छ भन्ने कुरालाई प्रस्तुत कथाहरूले विषय बनाएका छन् ।

यसरी नै ओभ्फेल प्रेम र विदाइ पनि सामाजिक यथार्थ घटनालाई आधार मानेर लेखिएका सामाजिक यथार्थवादी कथाहरू हुन् । यी कथाहरूमा हाम्रो समाजमा रहेको नारी शोषण दमनका कुरालाई विषय बनाइएको छ । नेपाली समाजमा नारी वर्गहरू पुरुष वर्गबाट कसरी शोषित भएका छन् । नारीहरूले हैकमवादी सोचले गर्दा कति दुख कष्ट भोग्न विवश भएका छन् तथा पुरुषले कहिले पनि नारीको कोमल विचार, स्वस्थ्य धारणाको कदर गर्न सक्दैनन् भन्ने देखाउन खोजिएको छ ।

पुरुषहरूको दुर्व्यसन र हैकमवादी चरित्रले गर्दा नारी दिन प्रतिदिन प्रत्येक क्षण क्षणमा अपमानित र शोषित हुनुपरेको छ भन्ने विषयलाई लिएर एक प्रकारले नारीवादी विचारको संवाहकका रूपमा प्रस्तुत 'विदाई' र 'ओभ्फेल प्रेम' कथाहरू आएका छन् । यी दुवै कथाहरूमा नारीका तीन रूप छोरी, श्रीमती, र आमा मध्ये सबैभन्दा शक्तिशाली रूप आमा हो भन्ने स्पष्ट हुन्छ । यी कथाहरूमा मातृवात्सल्यको विशिष्ट छनक पाइन्छ । साथै 'विदाई' कथाले नारी पुरुषको सम्बन्धको अन्तिम सीमाना विवाहभए पनि विवाह बन्धनले वाधिएता पनि पुरुष हैकमबाट यो सम्वन्ध आत्मीय रहिरहँदैन । आत्मिय सम्वन्धको अभावमा विवाह वन्धनको गाठो फुक्न सक्छ । जहाँ आत्मीय प्रेम पाइन्छ त्यहाँ धर्म, जात–जाति, विवाह वन्धन आदि केहीले पनि छेकवार लगाउन सक्दैन भन्दै यी कथामा लेखकले नारीहकहितका कुरालाई विषय वनाएका छन् ।

यसरी प्रस्तुत **मौनरात** कथासङ्ग्रहका सम्पूर्ण कथाहरू तत्कालीन समय परिस्थितिलाई आधार मानेर लेखिएका छन् । यी कथाहरूले समसामायिक समाजको प्रतिनिधित्व गरेको देखिन्छ । विषय चयनमा विविधता देखिए पनि मुख्य गरेर तत्कालीन समयमा नेपाल तथा नेपाल बाहिर नेपालीहरूले भोग्नु परेको अन्याय र अत्याचारको चित्रण गरिएको छ । आर्थिक विपन्नता, वेरोजगारी, पुरुष प्रधान समाज, नारीप्रति रहेको कुविचार, लाहुरे प्रथा, भ्रष्टाचार, नेपाली ग्राम्यजीवन, कथित जनयुद्ध, राजनीतिक अशान्ति, महङ्गी, वोर्डिङ्गको चर्को शुल्क, राज्य र माओवादी दुवै पक्षबाट भएको ज्यादती, सामाजिक रूढिवादी, अन्धविश्वास, बालमनोविज्ञान आदिलाई विषय बनाएको छ ।

### ५.२.४ पात्र

**मौनरात** कथासङ्ग्रहमा सङ्ग्रहित कुनै पनि कथामा धेरै अनावश्यक पात्रको प्रयोग भएको छैन । सबै कथाहरूमा सीमित पात्रको मात्र प्रयोग भएको छ । मानवेत्तर पात्रको प्रयोग कुनै पनि कथाहरूमा गरिएको छैन । सबै कथाका पात्रहरू मानव नै रहेका छन् । त्यस्तै अधिकांश विपन्न र निम्न वर्गीय पात्र छन् । यदाकदा कथाका बीच बीचमा आएका मध्यम तथा उच्च वर्गका सम्पन्न पात्रहरू पनि कथाकै निम्न र विपन्न वर्गका चरित्रलाई शोषण, दमन र अत्याचार गर्नमा प्रयत्नशील रहेको पाइन्छ । कथाहरूमा प्रयोग भएका बालपात्रहरू प्रणय, ग्लेनिश, रोजिना, रञ्जना, नीता आदिको प्रयोगले कथाको विषयवस्तुलाई अझै कसिलो बनाउनमा थप उर्जा पुगेको छ । यिनीहरू मार्फत् कोमल बाल मानसिकताको उद्घाटन हुन् पुगेको छ ।

पुरुष पात्रहरूमा प्राय : सबै पात्रहरूमा वर्गीय चिन्तनको स्वर रहेको पाइन्छ । सबै पात्रहरू आ–आफ्नै भूमिका निर्वाह गर्नमा सक्षम देखिन्छन् । हर्ष वहादुर क्षेत्री, एस.पी कमल, रने, हर्के, प्रकाश, देवेन्द्र, बैकुण्ठ, शेखर, विवेक, दलमान, राजन, कृष्ण, गोपाल, कैलाश, जगतसिंह, वर्नाड, डा.मोहम्मद अलि, कुनान, त्यस्तै अरू पुरुष पात्रहरू पनि आफ्ना भूमिकामा सफल छन जुन सबै वर्गीय र पेशागत चरित्र हुन् । यी पात्रहरू सबैको प्रवृत्ति तथा स्वभाव र चरित्र फरक फरक पाइन्छ । कतिपयले विलासी सामन्ति शोषकहरूको प्रतिनिधित्व गर्दै कथामा उपस्थिति जनाएका छन् भने अधिकांश पात्रहरू गरिब दु:खी वेरोजगार र निम्न वर्गिय छन् । केही पात्रहरूले भने विदेशी नागरिकको भुमिका निर्वाह गरेका छन् जसका भुमिका आफ्नो स्थानमा सफल भए पनि समग्रमा कम प्रशंसनीय र निन्दनीय बढी रहेका छन् । उनीहरू सुकर्म नगरेर कुकर्मतर्फ नै तल्लीन रहेका छन् । बालपात्रहरूमा प्रणय, प्रीति, रोशन, रञ्जना, नीता, निमे, ग्लेनिश आदि पात्रहरू कोमल बालमष्तिष्क र उदार बाल हृदयको स्वभाविक र मार्मिक मनमष्तिष्कलाई दर्शाउन आएका छन् र सफल पनि रहेका छन् । यी वालपात्रको परिकल्पनाले कथाको कथ्य विषयलाई अझ मार्मिक तुल्याउन सफल भएको पाइन्छ ।

नारी पात्रहरूमा निशा, निता, रञ्जना, दीपा, बबिता, सरिता, कमला, गंगा, उजेली, रूपा, विनिता, शोभा, पार्वती आदि नारीहरूले नेपाली नारीको गंगा झैं पवित्र चरित्र र उनीहरू विभिन्न किसिमका समस्या जस्ता गरिबी, अशिक्षा आदिका कारणले

तथा पुरुष प्रधान समाज भएकाले देशमा विद्यमान अशान्ति, असुरक्षा आदिका कारणले नारीमा पर्न जाने समस्याहरूको वर्णन गर्न खोजिएको छ र यी कुराहरूलाई स्पष्ट गर्न तथा सम्वन्धित भूमिका निर्वाह गर्न नारीहरू सक्षम रहेका छन् । त्यस्तै तसलिमा, रामेश, मीहा, आदि शोषण र दमन तथा प्रेम र प्रणयको भुमिका निर्वाह गर्नमा निकै सफल देखिन्छन् ।

### ५.२.५ परिवेश

**मो**फसलका राजधानी बुटवलका कथाकार प्रदीप प्रधानको **मौनरात** कथासङ्ग्रह २०५९ सालमा बुटवलबाट प्रकाशित भएको कथासङ्ग्रह हो । जुन वेला नेपालमा राजनितिक अवस्था निकै कमजोर रहेको थियो । हत्या, हिंसा, अन्याय, अत्याचार, विरोध, विद्रोह, लडाइ झगडा आदिले व्यापकता पाएको थियो । विहान आगो बलेको चुलामा साँझ बल्ने नबल्ने कुनै निधो थिएन । आजको शरीर भोली रहने नरहने कुनै ठेगान थिएन । बन्दुकको आवाजको गन्ती हुँदैनथ्यो । माओवादी जनआन्दोलन सुरु भएको पनि झण्डै सात आठ वर्ष भइसकेको थियो । ठीक त्यही समयमा प्रकाशित गराएका हुन प्रधानले यो कथासङ्ग्रह । त्यसैले प्रस्तुत **मौनरात** कथा तत्कालीन नेपाली परिवेशलाई केन्द्रविन्दु वनाउँदै बुटवलमा वसेर नेपालको मध्य पहाडी भुभाग तथा तराईकाभित्री गाउँघरलाई दाङ, धान्द्रुक, सुर्खेत, म्याग्दी, वाग्लुङ्ग, बुटवलका साथ साथै माओवादी प्रभावित स्थानहरू रोल्पा, खारा, कालीकोट, काठमाडौं, पोखरा जस्ता केही शहर र साइपन, जेद्धा, रियाद, दिल्ली, बुम्वई आदि नेपाल वाहिरका अन्तराष्ट्रिय स्थानहरूको सेरोफेरोमा रहेर कथा लेखिएका छन् । कथा पढ्दा पाठकलाई साच्चै नै त्यही स्थानमा त्यही वातावरणमा घुमेको आभाष गराउन सक्नु कथाकारको खुबी बनेको छ । कथाकारले मुम्वईको चित्रण नेपाली चेलीहरू बेचिने स्थलको रूपमा, साइपनको सोझा नेपालीहरू शोषित हुने र रोजगारीको अभाव रहेको स्थानको रूपमा चित्रण गरेका छन भने रेलमा भारतमा सेना लगायत अन्य पदमा काम गरी केही पैसा कमाएर मीठा मीठा सपना बोक्दै नेपाल तथा घर फर्कदा सर्वस्व लुटिएर नाङगै हुने वातावरणलाई पनि लेखकले चित्रण गरेका छन् । त्यस्तै माओवादी जनआन्दोलनका बेलामा प्रहरी इन्सपेक्टर लगायतमा आएको परिवर्तित वातावरणको पनि चित्रण गरेका छन् । यसरी कथामा

प्रस्तुत **मौनरात** कथासङ्ग्रहका अधिकाशं कथाहरू विसङ्गति २०५० सालदेखि २०५९ सालका बीचमा लेखिएका छन् । त्यसैले यी कथाहरूमा तत्कालीन माओवादी जनआन्दोलनको चित्रण गरिएको छ । त्यस्तै तत्कालीन समयमा देशभित्र तथा देशबाहिर रहेका हत्या, हिंसा, शोषण, दमन, अन्याय, कुरीति, कुसंस्कार तथा गरिबी, बेरोजगारी समस्या आदि अवस्थाको शब्द चित्रण गरिएको छ ।

## ५.२.६ भाषाशैली

यस कथासङ्ग्रहमा रहेका अधिकाश कथाहरू सरल र सामान्य बोलचालको भाषामा लेखिएको छ । प्रत्येक कथामा दिइएको तस्वीरहरूले कथाको मुलमर्मलाई स्पष्टाउन खोजेका छन् । सरल भाषाशैलीका कारणले गर्दा पनि प्रस्तुत **मौनरात** कथासङ्ग्रहमा रहेका कथाहरू पढ्न सुरु गरेपछि नसिध्याएसम्म पुस्तक विसाउन मन लाग्दैन । सामान्य बोलचालको भाषाप्रयोगका कारणले कथा जो सुकैले पनि बुझ्न सक्छन् ।

प्रस्तुत **मौनरात** कथासङ्ग्रहमा कथाहरूमा विभिन्न प्रकारका शब्दहरूको संयोजन गरिएको छ । कृतिमा तत्सम, तत्भव आगन्तुक तथा झर्रा नेपाली बोलचालका शब्दहरू प्रयोग भएका छन् । नेपाली ग्रामीण परिवेशमा लेखिएका कथाहरूमा सरल नेपाली बोलचालका शब्दको वाहुल्यता पाइन्छ भने विदेशी परिवेशमा लेखिएका कथामा केही अङग्रेजी शब्दहरूको प्रयोग भएको पाइन्छ । जस्तै प्लेन, एयरलाइन, भ्याकेसन भिीजटर आदि । जुन अङग्रेजी शब्दहरूको चयनले सामान्य पाठकलाई केही समस्या उत्पन्न भएको पाइन्छ । केही कथाहरू प्रथम पुरुष कथन ढाँचामा लेखिएका छन भने केही कथाहरू तृतीय पुरुष कथन शैलीमा लेखिएका छन् ।

सामान्यतया सरल वाक्य संरचना अर्न्तगत रहेरै कथाहरू सृजना गरिएका छन् । र, अनि, पनि, परन्तु, तथापि, तापनि, तर, आदि संयोजकहरूको वाक्यमा प्रयोग भएको पाइन्छ । जसका कारणले सरल वाक्यका साथै कथाहरूमा मिश्र र संयुक्त वाक्यको पनि प्रयोग भएको छ । कथामा कथाकारले सकेसम्म सरल भाषाशैली अपनाउन खोजे पनि शायद प्रथम प्रयाश भएकोले होला भाषागत मिठासता त्यति पाइँदैन । सुद्ध नेपाली शब्दको प्रयोग गर्न सकेको भए कथाको भाषामा केही मिठासता अवश्य आउने थियो ।

कथामा उखान टुक्काहरूको प्रयोग पनि भएको छ तर पनि त्यति उपयोगी सिद्ध भएका छैनन । त्यस्तै कथाकारले विषय छनोटमा विविधता ल्याउने प्रयास गरे पनि त्यति सफल छैनन तर छनोट गरिएका विषय वस्तुहरूको प्रस्तुति भने राम्रो तरिकाले भएको छ ।

संरचनागत हिसाबले पनि केहि कथाहरू सबल छन । कुनै कुनै कथाहरू भने हतारमा अन्त्य गर्न कोसिस गरेजस्ता देखिन्छन किन भने खास स्थिति र घटनामा पात्र उपस्थिति त्यति राम्रो नभएको देखिन्छ । त्यसैले खास ठाउँमा पात्रहरूको मानसिक उहापोहलाई अझ वढि ठाउँ दिन सके कथामा अझ मिठासता आउने थियो । उखान टुक्काको प्रयोग पनि अझ बढी गरेका भए अझै राम्रो हुन्थ्यो । कथामा भाषागत अशुद्धता पाइन्छ तथा कतिपय शब्दहरू लेखकले भाषाको लिखित नियमलाई वेवास्ता गर्दै चयन गरे जस्तो देखिन्छ । जस्तै टपरी बुन्नु, वोर्ड हाल्नु । टपरी बुन्नुको ठाउँमा टपरी गास्नु लेखेको भए कथाको भाषा केही स्तरीय देखिने थियो ।

समग्रमा भन्दा **मौनरात** कथासङ्ग्रहका अधिकांस कथाहरू सरल भाषाका माध्यमबाट व्याख्यात्मक शैलीमा लेखिएका छन् । कुनै कुनै कथामा भने कथाकारको मातृभाषाको प्रयोग भएको छ तापनि बुझिने, स्पष्ट र मार्मिक शब्दहरूको प्रयोग भएको छ । अझ पनि कथाकारले शब्द छनोटमा केही ध्यानदिनु पर्ने देखिन्छ किनकी कृतिमा केही भाषिक तथा व्याकरणगत त्रुटिहरू देखिएका छन् । त्यसैलाई सुधार गर्दै लैजान सके कथाकारलाई अझवढि सफलता मिल्ने छ । कथामा विभिन्न खालका उखानहरूको पनि प्रयोग भएको छ जसले कथाका मुल्य अझ बढाएको छ । दृष्टिविन्दुको समरूप प्रयोगमा र समग्र प्रस्तुतिमा भने कथाकार अझै पाको नभए जस्तै देखिन्छ ।

### ५.२.७ उद्देश्य

कथाकार प्रदीप प्रधानले विद्यालयमा पढ्दादेखि नै साहित्य साधनामा विशेष रूचि राख्ने गर्दथे र उनले त्यही विद्यालयमा पढ्ने विद्यार्थी जीवनदेखी नै कविता, कथा, निवन्ध, जस्ता विधामा कलम चलाउने र कक्षामा तथा विद्यालयका विविध कार्यक्रममा सुनाउने गरेको पाइन्छ । यद्धपि औपचारिक रूपमा भने उनी २०३१ सालमा महेन्द्र वहुमुखी क्याम्पसको वार्षिक पत्रिकामा आफ्नो ‘उषाको किरण’ नामक कविता छपाएर सार्वजनिक

भएको पाइए पनि सिङगो कृति प्रकाशनका दृष्टिले उनको प्रथम प्रकाशित कृति हो **मौनरात** कथासङ्ग्रह ।

प्रस्तुत **मौनरात** कथासङ्ग्रहमा तत्कालीन समयमा नेपालभित्र तथा नेपाल वाहिर रहेको अवस्था शब्दचित्रणका माध्यमद्वारा देखाउन खोजिएको छ । कथाकारले तत्कालीन समयमा रहेको राजनैतिक अस्थिरता देशको विसङ्गती र विडम्वनापूर्ण परिस्थिति, अशान्ति अस्थिरता, विश्वासको संकट शक्ति र शस्त्र अस्त्रको अन्धाधुन्ध प्रयोग, शोषण, उत्पीडन, अत्याचार, गरीबी, बेरोजगार आदि सबैलाई प्रस्फुटन गर्न खोजेका छन् । आफ्ना कथाका माध्यमबाट कथाकारले तत्कालीन माओवादी जनयुद्ध उत्पन्न हुन्का कारण तथा सरकार र माओवादी बीच भएको आन्दोलनले सोझा साझा निमुखा जनताहरू कसरी मारमा परेका छन भन्ने तथ्यलाई पनि देखाउने उद्देश्य लिएका छन् ।

## ५.३ 'जंगलका रमाइला कथाहरू' कथासङ्ग्रहको अध्ययन

### ५.३.१ परिचय

व्यापारलाई मूल पेशाको रूपमा अगाल्दै आएका भए पनि साहित्य लेखनलाई समेत समय दिने प्रधान विद्यार्थी अवस्थादेखि नै साहित्य सृजनामा सक्रिय रहे पनि २०३० को दशकदेखि साहित्य लेखनमा औपचारिकरूपमा प्रवेश गरेको पाइन्छ । सुरुमा कविता, निवन्ध आदि जे सुकै लेखे पनि २०३८ सालदेखि औपचारिक रूपमा कथाविधामा हात हालेर आफुलाई कथाकार प्रदीप प्रधानको नामले परिचित गराएको पाइन्छ । त्यस्तै कथा पनि सुरुमा फूटकर रूपमा विभिन्न पत्रपत्रिकामा तथा क्यामपसको वार्षिक मुखपत्र मार्फत् आफ्ना फूटकर कथाहरू प्रकाशित गराउँदै आएका प्रधानले विसङ्गति २०५९ सालमा त्यसबेलासम्म प्रकाशित प्राय : कथाहरूलाई एकत्रित गरी **मौनरात** नामक कथासङ्ग्रह प्रकाशित गराएर आफूलाई कृतिकारका रूपमा स्थापित गरे । त्यसपछि विसङ्गति २०६२ सालमा **जंगलका रमाइला कथाहरू** नामक बालकथासङ्ग्रह प्रकाशित गराएर बालकथाको क्षेत्रमा पनि हात हालेको पाइन्छ । यसमा विभिन्न सातवटा स–साना वालकथाहरू सङ्ग्रहित छन् । प्रत्येक कथाहरू रमाइला मिठा र छोटा रहेका छन् । बालबालिकाले सजिलै पढ्न सक्ने छोटा छोटा, सरल, सुबोध र वालरूचि अनुरूपका कथाहरू छन् ।

सङ्ग्रहभित्र सप्तरङ्गि फूल जस्ता कथाहरू रहेका छन । सम्पूर्ण कथाहरूमा समाजोपयोगी शिक्षामूलक सन्देशहरू रहेको पाइन्छ । जङ्गललाई नै कथाको परिवेश मानिएको छ । सबै कथामा केही न केही जनावरहरू पात्रको रूपमा रहेका छन् । ती जनावर पात्रहरू मनिसभन्दा धेरै वुद्धिमान मानिसहरूलाई अर्ति उपदेश दिएर सुधारको मार्ग प्रर्दशन गराएका छन् ।

यसरी प्रस्तुत **जङ्गलका रमाइला कथाहरू** कथासङ्ग्रह रहेको सबै कथाले सरल, सुबोध तथा सबैले वुझ्ने कथात्मक भाषामा सम्पूर्ण मानव जातिलाई सत्मार्गतर्फ डोऱ्याउन प्रयास गरेका छन् ।

प्रस्तुत **जङ्गलका रमाइला कथाहरू** कथासङ्ग्रहको विवेचनात्मक अध्ययन कथाका आधारभूत तत्त्वहरूको आधारमा निम्न लिखित उपशीर्षक अन्तर्गत रही गरिएको छ ।

### ५.३.२ प्रेरणा र प्रभाव

नेपाली साहित्यमा फुटकर कविताका माध्यमबाट साहित्यिक यात्राको थालनी गरेका प्रधान कथाका माध्यमबाट सार्वजनिक भएका छन् । समयको गति सँगसँगै फुटकर कथाहरूको लेखन र प्रकाशनलाई सिङ्गो कथासङ्ग्रहमा बाध्न पुगेका प्रधानले अहिलेसम्म अनेक कथासङ्ग्रहरूमा प्रकाशित गराइसकेका छन् । यसरी प्रधानको जीवनको साहित्यिक पाटो उन्नतीतर्फ लम्केको देखिन्छ । उनको उन्नती हुनुमा उनका गुरुवर्ग, साथीभाई सबैको सहयोग उनलाई प्राप्त भइरहेको छ ।

प्रस्तुत **जङ्गलका रमाइला कथाहरू** कथासङ्ग्रहमा प्रकाशित कथाहरू पनि विभिन्न समय, स्थान र पत्रपत्रिकामार्फत् प्रकाशित कथाहरू हुन् । यसरी फुटकररूपमा पत्रपत्रिकामा प्रकाशित कथाहरूलाई एकमुष्ठ पारेर कथासङ्ग्रहको रूप दिन उनलाई विभिन्न व्यक्तिहरूबाट प्रेरणा प्राप्त भएको पाइन्छ । जसमा पहिलो त उनका कथाहरू बालबालिकाले निकै रूचिको साथ लिनु उनलाई प्राप्त प्रेरणा हो । त्यस्तै पूर्व प्रकाशित कृति **मौनरात**मा प्राप्त गरेको सफलता, साहित्यकार कवि अजम्बरध्वज खाती तथा गीतकार उपेन्द्र पन्त साथ साथै उनको पुस्तक प्रकाशनमा विभिन्न सहयोग गर्ने विनय श्रेष्ठ, नरेश श्रेष्ठ, राजेश श्रेष्ठ, प्रज्ञा प्रधान, साहित्यकार जनक प्रसाद गुरागाई तथा

आफ्ना मित्र कपिल लामिछानेलाई उनले यस पुस्तक प्रकाशनका प्रेरणाका स्रोत मान्दछन् ।

यसरी प्रदीप प्रधानले प्रस्तुत **जङ्गलका रमाइला कथाहरू** नामक कथासङ्ग्रह लेखन र प्रकाशनमा आफ्ना सम्पूर्ण साथीहरू, इष्टमित्र तथा नातागोताबाट प्रेरणा पाएका हुन् ।

### ५.३.३ शीर्षकीकरण

**जङ्गलका रमाइला कथाहरू** बालकथासङ्ग्रह कथाकार प्रदीप प्रधानको दोस्रो पुस्तकाकार रचना तथा पहिलो बालकथासङ्ग्रह हो । यो पुस्तक २०६१ साल फाल्गुन महिनामा कृतिकार स्वयम् प्रकाशक रही प्रकाशित भएको हो । यस पुस्तकमा जम्मा साना–साना सातवटा बाल उपयोगी कथाहरूको सङ्कलन गरी तयार पारिएको छ । यसमा भएका सम्पूर्ण कथाहरू छोटा–छोटा छन् । पात्रहरू पनि सिमित छन् । त्यसमा पनि मानवीय पात्र त झन विरलै भेटिन्छन् । अधिकाशं पात्रहरू जङ्गली जनावरलाई चयन गरिएको छ तर ती पात्रहरू मानव पात्रभन्दा सत्चरित्र भएका बुद्धिमान र विवेकी छन् । सहयोगी भावनाले ओतप्रोत भएका अमानवीय पात्रलाई कथाका प्रमुख पात्र बनाइएको छ । जङ्गली जनावरले कुकर्ममा लागेका मानव पात्रलाई कुकर्मलाई त्यागेर सुकर्मलाई पछ्याउन अभिप्रेरित गरेका छन् ।

यसरी सबै कथाहरूमा प्रमुख रूपमा जङ्गली जनावर नै पात्र रहेका छन् । जङ्गल नै कथाको मूल परिवेश रहेको छ । त्यसैले प्रस्तुत कथासङ्ग्रहको शीर्षक **जङ्गलका रमाइला कथाहरू** सार्थक रहेका छ । यस **जङ्गलका रमाइला कथाहरू** कथासङ्ग्रह मात्र नभएर यसभित्र सङ्कलित सम्पूर्ण कथाहरूको शीर्षक पनि जङ्गली जनावरका नामसँग जोडिएर आएका छन् । जस्तै प्यारा हाँसहरू, चलाख मुसा, विवेकी बाँदर, बाँदर विद्यालय, बुद्धिमान हात्ती, सिकारी रवि र मयूर । यसरी जङ्गली जनावरकै नाम तथा काममा आधारित भएर लेखिएका कथाहरूको संगालो भएको हुनाले नै प्रस्तुत कथासङ्ग्रहको नाम **जङ्गलका रमाइला कथाहरू** पूर्णरूपमा सार्थक रहेको छ । यस कथासङ्ग्रहमा सङ्कलित कथाहरूको शीर्षकको बनोट अन्य सङ्ग्रहका कथाहरूको जस्तो पृथक नभई सबै कथा शीर्षकहरू पदावलीका रूपमा रहेका छन ।

## ५.३.४ विषय

प्रस्तुत कथासङ्ग्रह बालकथाकार प्रदीप प्रधानद्वारा २०६१ साल फाल्गुनमा प्रकाशित कृति हो । यो प्रधानको दोस्रो कथासङ्ग्रह हो भने पहिलो बालकथासङ्ग्रह हो । यस कथासङ्ग्रहमा सङ्ग्रहीत कथाहरू विभिन्न समयमा विभिन्न पत्रपत्रिकामा प्रकाशित कथाहरू हुन् । यस कथासङ्ग्रहमा जम्मा जम्मी सातवटा कथाहरू सङ्ग्रहित छन् । जुन निम्न छन् ।

| **क.स** | **कथाशीर्षक** | **प्रथम प्रकाशित** | |
|---|---|---|---|
| | | **पत्रिका** | **मिति** |
| १. | 'प्यारा हाँसहरू' | **दैनिक कान्तिपुर,** कोपील | ९ श्रावण २०६० |
| २. | 'चलाख मुसा' | **दै. अन्नपूर्ण पोष्ट** | चैत्र २०६० |
| ३. | 'विवेकी बाँदर' | **सा. विमर्श** | मंसिर २०६० |
| ४. | 'उहिले उहिले तेरो बाको तालु खुइले' | **सा. विमर्श** | श्रावण २०६० |
| ५. | 'बाँदर विद्यालय' | **मासिक सुनकेस्रा** | असोज २०६१ |
| ६. | 'बुद्धिमान हात्ती' | **दै. लुम्बिनी** | ९ कार्तिक २०५९ |
| ७. | 'सिकारी रवि र मयुर' | **दै. कान्तिपुर** (कोपीला ) | २८ कार्तिक २०६० |

यसरी यस कथासङ्ग्रहमा सात वटा वालकथाहरू समावेश छन् । यी सबै कथाहरू मानिस लगायत जनावर र चराचुरुङ्गिसँग सम्वन्धित छन् । सबैमा जनावर, चराचुरुङ्गी अमानव पात्रको माध्यमबाट विषयवस्तुलाई प्रस्तुत गरिएको छ । सबै कथाहरूले बालबालिका तथा अध्येतालाई मनोरञ्जनका साथ–साथै अर्ति उपदेश दिएका छन् । समाज सुधारको बाटो देखाएका छन् । समाजोपयोगी सन्देश दिएका छन् । बाल वालिकाहरूलाई नैतिक, कर्तव्य र आदेशको पाठ पढाएको छ ।

प्रस्तुत कृतिको प्रथम रचना 'प्यारा हाँसहरू' रहेको छ । यसमा गर्मिका बेलामा पोखरीमा खेलिरहेका दुई वटा राजहाँसहरूको क्रियाकलापलाई उल्लेख गरिएको छ । जहाँ गर्मिले गर्दा दुई वटा राजहाँसहरू पोखरीमा पानीसँग खेलेर शितल खोजिरहेका र ती राजहाँसलाई देखेर एउटा खरायो पोखरीको पानीमा हाम फाल्न पुग्दछ तर आफै पौडेर

निस्कन सक्दैन, जसले गर्दा ती सहयोगी हाँसहरूले आफ्नो चुच्चाको सहायताले उक्त खरायोलाई बाहिर निकाल्छन् र उनीहरू कै आग्रह अनुरूप नजीकै रहेका एकजना साधुले खरायोलाई उत्तानो पारेर पेट थिचिदिएर उसको पेटको पानी बाहिर निकालिदिनुको साथ–साथै जडिवुटी पनि खान दिन्छन । अनि पानीमा डुबेर मर्न आटेको खरायोले नव जिवन पाउँछ र खुसीले हर्षित हुँदै उनीहरूको गुन स्वरूप ती राजहाँसका जोडीलाई सुनको अण्डा पार्ने बरदान दिन्छ । त्यसपछि सुनको अण्डा पार्न थालेको राजहाँसको जोडीले आफुहरूले पारेको सुनको अण्डा वेचेर खेल मैदान वनाउँछन् । उनीहरूको यो कार्यले जनावरका बच्चाबच्ची ती राजहाँसका जोडीलाई दिर्घायुको आशीर्वाद दिन्छन् ।

यस कृतिमा दोस्रो कथाको रूपमा 'चलाख मुसाहरू' रहेको छ । यस कथामा चिया रोटी पसलबाट चलाखीपूर्ण तरीकाले रोटी चोरेर आफ्नो भोक मेटाउन सफल मुसाको कथा पाइन्छ । मुसाका भालेपोथी (डम्बरे र पातली)ले कृष्णाका पसलबाट दिनदिनै रोटी चोरेर खाएर पसल्नी (कृष्णा)लाई दिक्क पार्छन् । त्यसकारण उसले हरेक दिन एक कप चिया र एउटा सेल रोटी दिने सर्तमा पसल्नीलाई मुसा मार्न धराप दिन्छ । तर होसीयार डम्बरेका अगाडि धरापको केही काम हुँदैन उसले माथिबाट आलु प्याज फालेर धराप बन्द भएपछि मात्र रोटी खान जान्छ । यसरी डम्बरेको बुद्धिको अगाडि पसल्नीको धराप केही काम लाग्दैन । मात्रै दिनको एक गिलास चिया र एकवटा रोटी खर्चनु मात्र हुन्छ ।

'विवेकी वाँदर' कथामा बाँदर अमानव प्राणी तथा वन्यजन्तु भए पनि उसको गुनिलो स्वभाव देखाउन खोजिएको छ । बाँदर जस्तो जङ्गली जनावरमा संवेदनशीलता हुन्छ भन्ने यहाँ विषयवस्तुको रूपमा आएको छ । गोठालो (डल्ले)ले वस्तुभाव चराएर फर्किदा बाँदरको बच्चालाई घरमा ल्याई हुर्कायो । आफूले खाएको सधै खान दिने हुनाले माया गरेर मासु भात खान दिँदा खादैन अनि पीर मानेको डल्लेले बाँदरले मासु खान्न भन्ने कुरा गोठाले मालिकले थाहा पायो । बाँदरले उसको स्याहार सुसार गऱ्यो । पछि डल्लेले बाँदरलाई स्यम्भूमा लगेर छोडिदियो । त्यहाँ पनि उक्त बाँदरले कुचो लगाउने, फूल टिपेर पुजारीलाई दिने गर्दथ्यो तर पुजारीले आफूलाई दिएको फलफूल कहिल्यै पनि एक्लै खादैनथ्यो । बाँदरको यस्तो क्रियाकलाप देखेर उक्त बाँदरको नाम विवेकी बाँदर राखे ।

'उहिले उहिले तेरो बाको तालु खुइले' यस **जङ्गललका रमाइला कथाहरू** नामक कथा कथासङ्ग्रहमा सङ्ग्रहीत चौथो कथा रमाइलो जङ्गली जनावरसँग सम्वन्धित कथा हो । एउटा स्यालको दुईवटा पुच्छर देखेर कसरी यस्तो भनी सबै जनावरहरूले जिज्ञासा राखेपछि उक्त स्यालले आफूले राजारानी समेतलाई बेमतलबको कथा सुनाएर पुरस्कृत भई पुरस्कार स्वरूप रङ्गीचङ्गी पुच्छर प्राप्त गरेको स्यालको कथा छ । यसमा केटाकेटीको वनभोज कार्यक्रम आयोजना गरेका राजाले सबै विद्यालयका प्रतिनिधि विद्यार्थीहरूलाई एउटा एउटा कथा सुनाउन आग्रह गरेका, यसै क्रममा आफूले कुनै लामो कथा सुनाउन नसकेर उहिले उहिले तेरा बाका तालु खुइले धन्यबाद भनेर कथा सुनाएर राजा रानी लगायत सम्पूर्णलाई हसाएको हुनाले यस्तो पुच्छर पुरस्कार पाएको कुरा उल्लेख छ । कथाकारले आफ्नो परिवेशमा नाम चलेका विद्यालयका नाम उल्लेख गरेका छन् । कथा मनोरञ्जनात्मक छ ।

'बाँदर विद्यालय' पनि यस **जङ्गलका रमाइला कथाहरू** बालकथासङ्ग्रहको एक रमाइलो कथा हो । यस कथामा प्राकृतिक सौन्दर्यताले भरीपूर्ण जङ्गलमा बस्ने बाँदरहरूमा रहेको कर्मशीलता एकरूपता तथा सहयोगी र कर्तव्यनिष्ठ व्यवहारहरूको व्याख्या गरिएको छ । आफूहरूको वासस्थानमा शिकार खेल्न आउने राजालाई बाटो छेक्ने ढेडू बाँदरलाई राजाले घाइते बनाउछन् । आफ्नो साथीलाई राजाले घाइते बनाएकोले सबै बाँदर मिलेर राजा चडेको घोडामाथि आइलाग्छन् । बाँदरको चिथोराई सहन नसकि घोडा उफ्रिन्छ जसले गर्दा राजा लोटेर रगताम्य भएर घर फर्कन बाध्य हुन्छ । अनि घाइते बाँदरलाई सबै बाँदर मिलेर औषधी गरी सन्चो गराउनुको साथै राजालाई भगाएर बहादुरीपूर्ण कार्य गरेकाले त्यही दिनको सम्झनामा सबै मिलेर विद्यालयको स्थापना गरे र सो विद्यालयको उद्घाटन ढेडुबाटै भयो ।

'बुद्धिमान हात्ती' यस कथासङ्ग्रहमा रहेको सबै भन्दा छोटो आकार भएको कथा हो । आकारमा छोटोभए पनि कथानक रमाइलो र मनोरञ्जनात्मक रहेको छ । हात्तीको शिकार गरेर हात्तीको दाँत बटुल्ने र वेचेर पैसा कमाउने सपना बोकेर गएको मानिस एउटा हात्तीको दाँत नदेखेर जिल्ल परेर हात्तीलाई सोध्छ । हात्तीले पहिला आफू काठमाडौं जाँदा त्यहाँको सडक बालबालिकालाई खान, लगाउन, बस्न, पढ्न तथा उपचार गर्न व्यवस्था मिलाउन आफूले आफ्नो दाँत भाँचेर राजालाई दिएको घटनालाई बताउँछन् ।

मानिस आफू भन्दा हात्ती बुद्धिमान भएको थाहा पाएर घोरीन पुग्छ र आफ्नो बन्दुक पनि फाल्दछ ।

'शिकारी रवि र मयुर' यस कथासङ्ग्रहको अन्तिम तथा सातौ कथा हो । यस कथामा चरालाई मारेर होइन तिनीहरूलाई संरक्षण दिएर जिवन्त राख्न सकेमात्र मानवको कल्याण हुने कुरालाई विषयवस्तु बनाइएको छ । रवि नामक शिकारीले चरालाई मारेर बजारमा लगेर बेचेको मयुरलाई मन पर्दैन । त्यसैले रविलाई चरा नमारेर आफूलाई लगेर बजारमा नचाएर पैसा कमाउन आग्रह गर्दछ र आफू नाचेर रविका लागि पर्याप्त हुने पैसा कमाइ दिन्छ ।

यसरी उपर्युक्त **जङ्गलका रमाइला कथाहरू** कथासङ्ग्रहमा समावेश भएका कथा सबै छोटा छन् तर मार्मिक तथा मनोरञ्जनात्मक रहेका छन् । हरेक कथाको विषय प्राणी जगतलाई भलो हुने कार्य गर्नु पर्ने सन्दर्भमा घुमेका छन् । उपदेश मूलक विषयको भूमरीमा कथा रचिएको पाइन्छ । कथाको विषयवस्तु अत्यन्त रोचक र वर्तमान समय सान्दर्भिक देखिन्छ । सबै कथाहरू सामाजिक, वालपयोगी, लघु आकार, सन्देशमूलक, र रंगिन चित्रको संयोजनले यी कथाहरूको विषयवस्तुलाई अझ बढी रोचक बनाएका छन् । कथानक छोटा र रेखिक रहेका छन् । कथामा कौतुहल र द्वन्द्वको स्थिति रहेको छ । यस कृतिको आकारगत संरचना ज्यादै सुक्ष्म जम्मा १२ पृष्ट भएपनि आन्तरिक संरचना भने कसिलो रहेको छ । संरचित प्रत्येक कथाहरू रमाइला र मर्मस्पर्शी छन् । छोटा, मीठा, सरल, सुबोध र बालरूचि अनुसार छन् ।

### ५.३.५ पात्र

**जंगलका रमाइला कथाहरू** नामक कथासङ्ग्रह जङ्गली परिवेशमा रचित जङ्गली जनावरका क्रियाकलापसँग सम्वन्धित जङ्गली जनावरका कथा हुन् । साथै कथाहरूमा जङ्गली जनावरहरू जङ्गलमा बस्ने जनावर भएर पनि विवेकशिलताको सीमा मानवको भन्दा वढी हुने कुरा देखाइएको छ । त्यसैले प्रत्येक कथामा मानवभन्दा बढी जङ्गली जनावरलाई नै उपस्थित गराइएको पाइन्छ । मानव त एउटा कथामा एकपटक मात्र उपस्थित छन् तर जंगली जनावरहरू बढी उपस्थित भएका छन् । उपस्थित मानव पनि सहायक तथा गौण पात्रका रूपमा आएका छन् । प्रमुख पात्र जनावर नै छन् । जनावर

पात्रका माध्यमबाट मानवलाई सम्पूर्ण प्राणी जगतको हितमा लाग्नु पर्ने मार्ग निर्देशन गराएको छ ।

प्रस्तुत कथा सङ्ग्रहको प्रथम कथा 'प्यारा हाँसहरू'मा राजहाँसका जोडी प्रमुख पात्रको रूपमा आएका छन् भने खरायो र साधु सहायक पात्रका रूपमा आएका छन् । कथाको मुल उद्देश्य पनि सन्देश राजहाँसका जोडीमार्फत् दिन खोजिएको छ । त्यस्तै 'चलाख मुसा' कथामा पनि मुसाका जोडी प्रमुख पात्र हुन् । भने धराप व्यापारी र पसल्नी बुढी सहायक पात्र हुन् । यसरी नै सातैवटा कथामा प्रमुख पात्र जनावर नै छन् । मानिस केवल सहायक तथा गौण पात्रका रूपमा मात्र आएका छन् ।

कथामा उपस्थित सबै मानिसहरू जनावरहरू भन्दा कम बुद्धिमान, चेतनशील, कर्मशील तथा नैतिकवान र समाज सुधारक देखिन्छन् । जनावरको अर्ति, उपदेश, सहयोग र सल्लाहले मानिसको पनि आचरणमा केही सुधार आएको पाइन्छ । जनावर प्राय : पुलिङ्ग तथा पुरुष पात्रको नै प्रयोग भएको पाइन्छ । यदाकदा स्त्रीलिङ्ग तथा नारी पात्रको प्रयोग छ । सबै जनावर पात्रहरू आफ्नो विचारमा अडिक रहेका स्थीर छन् भने मानव पात्र चाही जनावर कै बुद्धि, विवेकले गर्दा आफ्नो विचारमा केही गतिशिल देखिएका छन् ।

समग्रमा भन्दा प्रस्तुत **जङ्गलका रमाइला कथाहरू** कथासङ्ग्रहमा सङ्ग्रहित सम्पूर्ण कथाहरूमा बालबालिकाको रूचिलाई मध्यनजर गदै जङ्गली जनावर, चराचुरूङ्गी आदि अमानवीय पात्रलाई मानवीकरण गर्दै कथामा पात्रको रूपमा प्रयोग गरिएको छ । यहाँ मानव र अमानव तथा जङ्गली जनावरलाई पात्र बनाइएको छ । जङ्गली जनावरमा 'बाँदर', 'हाँस', 'हात्ती', 'मुसा', 'मयुर' आदिलाई मानिस कै सहयात्रि साथी बनाइएको छ । चराचुरूङ्गी, जङ्गली जनावर आदिलाई पात्र बनाइएको हुनाले कथाहरू बाल रूचि अनुरूप वन्न पुगेका छन् ।

### ५.३.६ परिवेश

मोफशलका कथाकार प्रदीप प्रधानको प्रस्तुत बालकथासङ्ग्रह पहिलो बालकथा (प्रकाशित दोस्रो) कथासङ्ग्रह हो । यो **जङ्गलका रमाइला कथाहरू** कथासङ्ग्रह प्रधानले २०६१ सालमा आइडियल प्रिन्टर्स बुटवलबाट प्रकाशित गराएका हुन् । यस कथामा

जङ्गली जनावरका अर्ति उपदेश तथा सल्लाह र सुझावले मानिसकोभन्दा जङ्लमा बस्ने मानवेत्तर पात्रको चेतनशीलता उच्च रहेको पाइन्छ । यस कथामा प्राय : जङ्गली जनावर कै प्रयोग गरिएको छ । त्यसैले जङ्गली जनावरको नै चित्रण छ ।

उपर्युक्त कथासङ्ग्रह **जङ्गलका रमाइला कथाहरू**मा छोटा र रैखिक विषयको प्रयोग छ भने द्वन्द्वको पनि प्रयोग छ । नेपाली वनजङ्गल, त्यहाँ पाइने जनावर तथा नेपाली परम्परा तथा संस्कृतिको चित्रण छ । चरा मारेर बेचेर जीविका चलाउने राजाहरू आफ्नो शिपाही लिएर घोडामा चडेर शिकार खेल्न जाने, गाई बाख्रा चराउन जङ्गल जाने, जङ्गली जनावरका बच्चालाई माया गर्ने र उनीहरूबाट सहयोग लिने, मन्दिरमा फूल प्रसाद चढाएर पूजा आजा गर्ने आदि परम्परा र संस्कृतिको चित्रण गरिएको छ । विद्यालयबाट विद्यार्थीहरूलाई मनोरञ्जन प्राप्त गर्नका लागि बनभोज लगिने, त्यहाँ लगेर विभिन्न मनोरञ्जनात्मक कार्यक्रम गर्ने, उत्कृष्टलाई उचित पुरस्कार दिने कार्य पनि चित्रण गरिएको छ ।

यस सङ्ग्रहका अधिकांश कथाहरू पहाडी परिवेश त्यसमा पनि जङ्गली वातावरणको चित्रण गरिएको छ । एदाकदा तराईका शहरहरू बुटवल, भैरहवा आदिको पनि नाम आएको छ । नेपालको राजधानी शहर काठमाडौँको पनि केही चर्चा गरिएको छ । काठमाडौँ व्यस्त शहरमा बरालिँदै हिडेका कलिला उमेरका सडके बालबालिकाहरू पनि चित्रण गरिएको छ भने ती बालबालिकाको अध्ययनका लागि नेपाल सरकारले गरेको वेवास्ताको पनि कथामा चित्रण गरिएको छ । पहाडी व्यक्तिलाई गरिबीले गर्दा आफ्नो जीवन धान्न पनि गाह्रो भएको तर शहरमा विलाशिता बढ्दै गएको आजको समय अवस्थाको पनि कथाकारले चित्रण गरेका छन् । पहाडी व्यक्तिले गरिबीको विवशताले चरा मारेर बेचेर, जङ्गली जनावरलाई नचाएर गाइवस्तु चराएर जीवन धान्न विवश तर शहरको व्यक्तिले आफ्ना विलाशिताको लागि जति पनि खर्च गर्न सक्ने वर्गीय द्वन्द्वको पनि कथामा शब्द चित्रण गरिएको छ ।

### ५.३.७ भाषाशैली

कथाकार प्रदीप प्रधानको यस **जङ्गलका रमाइला कथाहरू** कथासङ्ग्रह प्रधानको जङ्गली जनावर तथा तिनीहरूको बासस्थानलाई आधार बनाएको कथा हो । यस कथाको

शीर्षकले नै जङ्गली जनावरको प्रधानता भएको कथा भन्ने वताएको छ । यस सङ्ग्रहका सबै कथाहरू छोटा मीठा र सरल छन् । छोटा पढ्दा अत्यन्तै रूचि प्राप्त हुने खालका संवाद र घटनाहरूको प्रयोग गरिएको छ । प्रत्येक कथामा कथाको विषयवस्तु अनुसारको रङ्गिन चित्रहरूको प्रयोगले कथाको विषयवस्तुलाई सजिलो बनाउनुको साथै कथाहरूको गरिमालाई उच्च बनाइ दिएका छन् । हरेक कथाहरूमा चित्रित रंगिन चित्रले नै त्यस कथाको सम्पूर्ण विषयवस्तुलाई  स्पष्टाउन सफल भएको छ । त्यसैले कृति समिक्षामा वरिष्ठ बालकथाकार कपिलदेव लामिछानेले यस कथासङ्ग्रहमा बाबुको कलम र छोराको कुचीको संगम भएको कुरा बताएका छन् । छोटा छोटा सरल भाषाका कथा त्यसमा पनि प्रयाप्त रङ्गीन विषयवस्तु अनुसारका आकर्षक चित्रहरूको सारसञ्जाले यस सङ्ग्रहलाई उच्च मुल्य दिइएको छ । कथा छोटा भएकाले केही पृष्ठहरू खाली रहन गएका छन् भने अक्षरहरू खदिला छन् । नेपाली बालकथा क्षेत्रका अग्रज कथाकार जनक प्रसाद हुमागाईको मन्तव्यले सङ्ग्रहमा ओज थपिदिएको छ ।

यस कथामा समस्त तथा द्वित्व शब्दहरूको प्रयोग गरिएको छ । यस कृतिमा अधिकांश झर्रा नेपाली शब्दहरूको प्रयोग छ । यसका साथ साथै तत्सम् तत्भव र अन्य आगन्तुक शब्दहरूको पनि प्रयोग भएको छ । कथ्यवस्तुको भावलाई प्रस्तुत गर्न संयोजन गरिएका शब्दहरू तथा उखान टुक्काहरूको पनि प्रयोगले कथालाई अझ बढी रोचक र आकर्षक बनाएका छन् । अधिकांश झर्रा शब्दको प्रयोगले लेखकको नेपाली भाषाप्रतिको मोहलाई झल्काएका छन् । देशभक्ति र राष्ट्रियताको दृष्टिले पनि हामीले आफ्ना रचनामा जति राम्रो भाषा मिलाउन सक्छौ त्यति नै योग्य र इमान्दार नागरिक भविष्यमा हाम्रो राष्ट्रले पाउन सक्छ । यस्तो भावको छनक प्रदीप प्रधानका प्रस्तुत कथासङ्ग्रहमा रहेका सम्पूर्ण कथाहरूले दिएका छन् ।

प्रस्तुत कथासङ्ग्रहका कथाहरू मध्ये 'वुद्धिमान हात्ती' कथा एक पृष्ठमा छापिएको छ भने अरू सबै ६ वटा कथाहरू दुई दुई पृष्ठमा छापिएका छन् । यद्धपी कथाहरू छोटा छन् तर चित्रहरूको प्रयोगले गर्दा लामो आयाम लिएका छन् । लघु आकार सामाजिक यथार्थमा आधारित सन्देशमूलक, बालपयोगी रङ्गीन चित्रहरूको संयोजन आदि यी बालकथा विषेशषता बनेका छन् । सबै कथाहरूमा बाह्य दृष्टिविन्दुको प्रयोग भएको छ । कथाहरू छोटाको साथ साथै रैखिक ढाँचाका रहेका छन् । कथामा कौतुहल र द्वन्द्व शिथिल

छ । वाक्यहरू छोटा र भाषा सरल छन् । भाषिक तथा व्याकरणगत शुद्धतामा निकै ध्यान दिइएको छ । बालकथा साच्चैको बालकथा जस्तो भएको छ आधिकांश कथाहरू दोषमुक्त रहेका छन् । समाजोपयोगी शिक्षामूलक संन्देशहरू यत्रतत्र छरिएर आएका छन् । केही कथाहरू दन्त्य कथा जस्ता, केही कथाहरू नीतिमूलक जस्ता र केही कथाहरू लोककथामा आधारित जस्तै देखिनु पनि प्रस्तुत कथासङ्ग्रहको विशेषता हुन् आएको छ ।

समग्रमा भन्दा प्रस्तुत कथासङ्ग्रहमा सङ्ग्रहीत सबै कथाहरूको भाषा सरल, सहज र बोधगम्य रहेका छन् । सबै कथाहरू छोटा मीठा रहेका छन् । स्वच्छन्दतावादी भावधारमा आधारित रहेका छन् । प्रकृति प्रेमलाई देखाउन खोजेका छन् ।

### ५.३.८ उद्देश्य

विसङ्गति २०६१ सालमा तत्कालीन सामाजिक परिस्थिति र तत्कालीन समयका बालबालीकाहरूको ईच्छा र रूचिलाई ध्यान राखेर लेखिएको सातवटा सामाजिक, सन्देशमूलक, नीति शिक्षामूलकताको साथ साथै मनोरञ्जन प्रधान सप्तरङ्गी फूलहरूको गुच्छा हो प्रधानको प्रस्तुत **जङ्गलका रमाइला कथाहरू** नामक बालकथासङ्ग्रह । यस सङ्ग्रहका सातवटै कथाहरूले छुट्टा-छुट्टै शन्देस दिन खोजेका छन् । सबै कथाहरूले जङ्गली जनावर जस्ता पात्रहरूको माध्यमबाट मानवीय सन्देश दिन खोजेका छन् । यी कथाहरूले जङ्गली जनावरहरूमा पनि मानवमाभन्दा बढी बुद्धी विवेक र सम्वेदनशिलता हुन्छ भन्ने कुरा देखाउन खोजेका छन । यस सङ्ग्रहका सबै कथाका उद्देश्य फरक–फरक रहेको छ । जसको यहाँ चर्चा गर्न खोजिएको छ ।

प्रस्तुत कथासङ्ग्रहको प्रथम कथा 'प्यारा हाँसहरू' कथाले डुबेर पानी खाएकालाई पेटमा थिचेर पानी मुखबाट निकाल्नुपर्ने प्राथमिक उपचारको साथ साथै आफूलाई अर्कोले गरेको गुन कहिले पनि वेवास्ता गर्नु नहुने त्यसको केही प्रतिगुन लगाउनु पर्ने र केही काम गर्दा खरायोले जस्तो नबुझी नसोची गर्नु नहुने कुरा देखाउन खोजिएको छ । त्यस्तै अर्को कथा 'चलाख मुसा'मा पनि केही काम गर्नु भन्दा पहिला सोचेर विचार गरेर नहत्तारिएर वुद्धिले काम गर्नु पर्ने, जुक्तिभन्दा बुद्धि ठूलो भएको कुरा सन्देश दिन खोजिएको छ । तेस्रो कथा 'विवेकी वाँदर'मा मानवभन्दा अमानव प्राणी भएपनि वाँदरमा गुनिलो स्वभाव रहेको कुरा देखाउँदै आफूलाई माया गर्नेलाई आफूले पनि गर्नु पर्ने

आफुलाई सहयोग गर्नेलाई आफुले पनि गर्नु पर्ने र कसैले आफुलाई मात्रै केही दियो भन्दैमा त्यसको एक्लै उपयोग नगरेर आफ्ना सबै साथी संगीमा बाडेर त्यसको उपयोग गर्नुपर्ने कुराको सन्देश दिएको छ । त्यस्तै 'उहिले उहिले तेरा बाबुको तालु खुइले' कथाले नजानेर मात्र होइन सोचेर बुझेर काम गऱ्यो भने अज्ञानताले पनि सफलता ल्याउन सक्छ । त्यसैले केही काम गर्दा जान्दिन भनेर छोड्नुको साटो जानी नजानी प्रयास गऱ्यो भने त्यसले सफलता ल्याउन सक्छ । भन्ने सन्देश दिएको छ । 'बाँदर विद्यालय' कथाले शिकार खेल्ने प्रथाको विरोध गर्नुको साथै राम्रो कामका लागि जोसुकैसँग प्रतिवाद गर्नुपर्छ, ठूलाले पनि आफ्नो नराम्ररो आचरण सुधार्नु पर्छ । अनि राम्रो कामको सम्झनाको लागि राम्रै काम गर्नु पर्छ भन्ने प्रर्थाको विकासको अपरिहार्यता रहने कुरा देखाईएको छ । 'बुद्धिमान हात्ती' कथाले देशविकास तथा देशका भावी सन्ततीको लागि आफूले शरीरको अङ्गको तथा आफ्नो सौन्दर्यताको समेत परवाह गर्न नहुने, आफ्नो हितमा होइन परहितमा रमाउनु पर्ने, आफूले सानो त्याग गर्दा अरूलाई फाइदा हुन्छ भने त्यो त्यागको परवाह गर्नु नहुने कुरालाई हात्ति पात्रको माध्यमबाट घुमाउरो पाराले सन्देश दिन खोजेका छन् । यसरी कथासङ्ग्रहको अन्तिम कथा 'सिकारी रवि र मयूर' कथाले सिकार गर्ने प्रथाको विरोध गर्दै पशुपन्छीलाई मारेर होइन तीनको संरक्षण गरेर लाभ लिनु पर्ने शिक्षा दिएको छ । मारेर त्यसबाट क्षणिकरूपमा अधिकलाभ लिन सके पनि त्यसको संरक्षणबाट तथा मृतभन्दा जीवित उपयोगबाट लिएको लाभ दीर्घकालीन र सकारात्मक हुन्छ, सम्मान योग्य हुन्छ भन्ने सन्देश दिइएको छ ।

यसरी प्रधानको उपर्युक्त कथासङ्ग्रहका कथा सन्देशमूलक रहनुको साथै उपदेशात्मक र बालमनोविज्ञानलाई वुझेर बाल रूचिसँग नजिक बनाउन खोजिएको छ जसमा लेखक पूर्ण रूपमा सफल भएका छन् । कथामा प्रयोग भएका जङ्गली जनावर, सरल भाषाशैली तथा उखान टुक्का आदिले कथाहरूलाई बालरूचि अनुरूप बनाउन सघाउ पुऱ्याएका छन् । घोडा चढ्ने लड्छ हिसाब गर्ने भुल्छ । राम्रो कामको स्मरण राम्रै कामले गर्नु पर्दछ जस्ता उखानले बालबालिकालाई काम गर्दा बिग्रनु ठुलो कुरा होइन तर त्यसको महसुस गरेर त्यसलाई सुधार्नु पर्छ भन्ने सन्देश दिनु पनि सङ्ग्रहित कथाहरूको उद्देश्य रहेको पाइन्छ । त्यस्तै समाजमा बसेपछि एक आपसमा सहयोग गर्नुपर्छ, समाज विकासमा लाग्नु पर्दछ आफ्ना साथीहरूलाई माया गर्नु पर्दछ, आफूभन्दा ठूलालाई अथवा

मान्यजनलाई आदर र सानालाई माया गर्नुपर्दछ भन्ने पनि यी कथाहरूको उद्देश्य रहेको छ ।

मुख्यत : बालबालिकालाई मनोरञ्जन प्रदान गर्दै उनीहरूको कोमल बाल मस्तिष्कमा सकारात्मक सोचको पदार्पण गराउनु यस सङ्ग्रहका सम्पूर्ण कथा तथा कथाकार प्रधानको उद्देश्य रहेको छ ।

## ५.४ कथाकार प्रदीप प्रधानको द्वन्द्वकालीन कथासङ्ग्रहको अध्ययन

### ५.४.१ परिचय

विसङ्गति २०३१ सालदेखि साहित्य लेखनमा औपचारिक रूपमा हात बढाउँदै आएका प्रदीप प्रधानले विभिन्न स्थानबाट प्रकाशित हुने पत्रपत्रिकाहरूमा समय समयमा विभिन्न किसिमका (कथा,बालकथा,लघुकथा) कथाहरू प्रकाशित गराउँदै आएको पाइन्छ । यसै कथा लेखनको शिलशिलामा प्रधान आफैले विभिन्न समयमा फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा प्रकाशित गराएका कथाहरूलाई एकत्रित गरेर पुस्तकाकार दिने कामलाई पनि अगाडि बढाएको पाइन्छ ।

२०५९ सालमा प्रधान पहिलो पटक आफ्ना फुटकरकथाहरूलाई एकत्रित गराएर एउटा कथासङ्ग्रह नेपाली साहित्यलाई उपहार दिन सफल भए जुन हो । **मौनरात** कथासङ्ग्रह त्यसपछि २०६१ सालमा आफ्ना त्यस्तै एत्रतत्र छरिएर प्रकाशित भएका बालकथाहरूलाई एकताको साङ्लोमा बाध्न **जङ्गलका रमाइला कथाहरू** नामक सातवटा बालकथाहरूको सप्तरङ्गी फूलको गुच्छा जस्तो रमाइलो कथासङ्ग्रहलाई दोस्रो कथासङ्ग्रहको रूप दिए प्रधानले नेपाली बालसाहित्यलाई । त्यसपछि विसङ्गति २०६४ सालमा प्रकाशित गराएका हुन् प्रधानले प्रस्तुत **द्वन्द्वकालीन कथाहरू** नामक कथासङ्ग्रह जुन कथासङ्ग्रहमा जम्मा ४६ वटा कथाहरू एउटै कसिमा वाधिएका छन् । प्रस्तुत **द्वन्द्वकालीन कथाहरू** कथासङ्ग्रह लघुकथासङ्ग्रह हो । यसमा सङ्ग्रहित कथाहरू लघु, लघुतम र लघुत्तर आकारका छन् । सबै कथाहरूमा कथाको विषयवस्तुलाई थप स्पष्टता दिनको लागि चित्रहरूको प्रयोग गरिएको छ यद्यपी ती चित्रहरूमा उनको पूर्ववत कथासङ्ग्रह **जङ्गलका रमाइला कथाहरू**मा जस्ता रङ्गीन नभएर सादा छन् । तर आवरण पृष्ठमा भने रङ्गीन चित्रहरू कुदिएका छन् । पुस्तकभित्रको कथाहरूको विषयवस्तुलाई

आवरण पृष्ठमा अङ्कित चित्रहरूले पनि धेरै हदसम्म बोध गराएका छन् । यी कथाहरू महाकवि लक्ष्मी प्रसाद देवकोटाले भनेझैं एक बसाईमा पढेर सकिने तर सुन्दर आँखी झ्याल जहाँबाट विसङ्गत संसारको परिदर्शन हुछ ।[1]

त्यस्तै छन् लघुकथाको मर्मलाई पनि बुझेर यी कथाहरू लेखिएका छन् । थोरै वा सानोमा ठूलो कुरा भन्न सक्नु लघुकथाको खुबी हो ।[2] जसमा सफल भएका छन्, प्रधानका यी लघुकथाहरू पुस्तकको आवरणमा नै जनआन्दोलन २०६२ र ६३ तथा पहिला मारिएका २५ शहिदहरूको फोटो राखिएको छ । कथाकारले प्रस्तुत पुस्तकलाई संसार वदल्ने वर्गीय लडाँइमा अमरत्व प्राप्त गर्ने साहसी वीर योद्धाहरूप्रति सम्पर्ण भनेर सम्बोधन गरेका छन् । प्रस्तुत **द्वन्द्वकालीन** लघुकथासङ्ग्रहका कथाकार प्रदीप प्रधान हुन् भने प्रकाशक पुष्पाञ्जली प्रधान हुन् भने हरि हितङ्गा, सुमन मानन्धर, उषा खड्का चित्रले कथासङ्ग्रह सजिएको छ । कम्प्युटर, मुद्रक विजी डिजानर्स बुटवलले गरेको छ ।

प्रस्तुत कथासङ्ग्रहका सबै कथाहरू छोटा, मीठा, सरल र सुबोध युग सापेक्ष छन् । सामाजिक विषयवस्तुमा आधारित छन् । तत्कालीन परिवेशलाई टपक्क टिपेर पाठक सामु पस्केका छन् । प्रधानले यी कथाका माध्यमबाट यी कथालाई उखान टुक्काको प्रयोगले पनि अझ वढि पाठनीय र रोचक बनाएका छन् ।

### ५.४.२ शीर्षकीकरण

मलेसियामा जन्मेर बसोबास गरेका वाग्लुङ तथा भैरहवामा शिक्षा प्राप्त गरेका प्रदीप प्रधान मोफसलको राजधानी बुटवलका एक चर्चित कथाकार हुन् । विसङ्गति २०३० देखि कथा लेखनको औपचारिक यात्रालाई अगाडि बढाएका प्रधानको तेस्रो **द्वन्द्वकालीन** कथासङ्ग्रह हो । यो लघु कथासङ्ग्रह हो । यस सङ्ग्रहका सबै कथाहरू छोटा छोटा र तत्कालीन समय सापेक्ष रहेका छन् । अधिकांश कथाहरूले नेपालमा विसङ्गति २०५० सालदेखि चर्किएको कथित जनआन्दोलन त्यस जनआन्दोलनले उब्जाएको हत्या, हिंसा, युद्ध र आतंकहरूको जस्ताको तस्तै चित्रण गरेका छन् । त्यसले जन्माएका अल्पकालीन दीर्घकालीन समस्याहरूको चित्रण खिचिएको छ । युद्ध आतङ्क ठाउँ ठाउँमा फैलिएको छ । स्कूल स्कूल बच्चाको झोला, घर आँगन आदिमा फैलिएको छ ।

[1] कृति समिक्षा ऋषि आजाद **दै.लुम्बिनी** वर्ष द्०, अङ्क ५२ ।
[2] आवरण पृष्ठ **द्वन्द्वकालीन** लघु कथासङ्ग्रह कपिल लामिछाने ।

यसको असर परेको छ भन्ने कुरा देखाइएको छ । आम नेपालीहरूले विगतको दशकमा भोगे व्यहोरेको द्वन्द्वमा यथार्थ जनित सुसंगीत र विसङ्गतिलाई कथाकारले बुटवलमा बसेर उजागर गरेका छन् । त्यही समाजका व्यथा, विसङ्गति र दीनताले मानिसमा थोपरेको पीडा, धार्मिक सांस्कृतिक विसङ्गति र विकृतिहरू लगायत समाजमा त्यस द्वन्द्वले उब्जाएका विभिन्न खाले धमीरामाथि कथाकारको दृष्टि परेको छ । युद्धका बेलामा सरकारी सेवा तथा विपक्षीहरू दुवैमा भएको अर्कमणीयता चित्रण छ । तिनीहरूको कुकर्मको परिणति बनेका सोजा सोजा नेपाली सन्ततीहरूको मानसिकताको चित्रण पाइन्छ । सेनाका पत्नी तथा परिवारका अन्य सदस्यहरूमा पर्ने प्रभाव, युद्धले नारी जातिमा पर्ने असर सबैको चित्रण यस सङ्ग्रहका कथाहरूमा गरिएको छ । युद्धका कारणले नेपालमा बस्न नसकि विदेश जान विवश नेपाली र त्यहाँ गएर उनीहरूले पाएको आदि सबै कुराको चित्रण यस सङ्ग्रहमा सङ्ग्रहित कथाहरूमा भएको पाइन्छ ।

यसरी युद्ध र त्यसबाट सिर्जित समस्याहरूलाई आधार मानेर यस सङ्ग्रहका अधिकांश कथाहरू लेखिएको हुनाले यस सङ्ग्रहका सम्पूर्ण कथाको साथ साथै सिङ्गो कथासङ्ग्रहको शीर्षक अर्थपूर्ण समय सापेक्ष र सार्थक छ । भन्न सकिन्छ राज्य र आन्दोलनकारी दुई पक्ष वीचको द्वन्द्व त्यस द्वन्द्वको विविशिकाबाट प्रभावित नेपाली जनता तथा सिङ्गो नेपाल देशको नै यस सङ्ग्रहका कथाहरूमा जस्ताको त्यस्तै चित्रण गरिएको छ । यस सङ्ग्रहका कथाहरूले हिजो सम्पूर्ण नेपाली जनमानसले भोगेको पीडाको क्यामराले फोटो खिचे जस्तै गरी शब्द चित्रका माध्यमदेखि नेपाली साहित्य पारखी सामु ल्याउन सफल भएका छन् । विर्सिन नसकेको हिजोको घटनालाई अझ बताज्वर त्यस घटनाले लागेको घाउलाई यी कथाहरूले अझ आलो बनाइ दिएका छन् । त्यो कहाली लाग्दो युद्धजन्य हिंसा र आतंकबाट प्रभावित नेपालीहरूले आफूमा परेको हिजोको पीडालाई कथाका माध्यमबाट पनि अझ अविष्मरणीय क्षणका रूपमा लिन पाएका छन् । साढेको जुधाईमा बाच्छाको मिचाइ जस्तै परेर आफ्नो सर्वस्व गुमाउन विवश सोझा नेपालीहरूको मानिसकताको उद्घाटन पनि गरी यी कथाहरूमा गरेका छन् । शायद कथाकार आफू त्यस दश वर्षे कथित जनआन्दोलनका प्रत्यक्षदर्शी भएर होला त्यस आन्दोलनबाट उत्पन्न दीर्घकालीन तथा अल्पकालीन अनेक प्रकारका परिणति विकृति, विसङ्गतिहरूको अधिकांश पाटाहरूको चित्रण गर्न सफल भएका छन् ।

यस सङ्ग्रहका केही लघुकथाहरूमा सामाजिक, सांस्कृतिक क्षेत्रका विकृति विसङ्गतिहरूको चित्रण भएपनि अधिकाश लघुकथाहरूले द्वन्द्व र त्यसले जन्माएको परियतिको चित्रण गरेकोले यस लघुकथासङ्ग्रहको शीर्षक **द्वन्द्वकालीन** कथा पूर्णरूपमा सार्थक छ ।

यस **द्वन्द्वकालीन** कथासङ्ग्रहमा जम्मा ४६ वटा लघुकथाहरू बाँधिएका छन् । प्रत्येक लघुकथाहरू छोटा मीठा र चोटिला रहेका छन् । कथाहरूको शीर्षकले पनि कथाको विषयवस्तुलाई स्पष्टाउन सफल भएका छन् । कथाका शीर्षकहरू केही एक शब्दका छन् भने केही पदावली र केही वाक्यका छन् जसलाई निम्न तालिकामा देखाइएको छ ।

| क्र.स | एक शब्द | क्र.स. | पदावली | क्र.स | वाक्य |
|---|---|---|---|---|---|
| १. | गहना | १. | स्वास्थ्य शिविर | १. | पेट दुख्छ रे ? |
| २. | विकृति | २. | कैदी गङ्गाराम | २. | को वित्यो |
| ३. | जयराज | ३. | झ्लाल र विनिता | ३. | हे पापी हो |
| ४. | राजनीति | ४. | बन्द बाकस | | |
| ५. | पूर्जी | ५. | सुनको करूवा | | |
| ६. | कुपुत्र | ६. | सहिदको सम्मान | | |
| ७. | पाश्चाताप | ७. | गाउँ सुरक्षा दल | | |
| ८. | जागिर | ८. | बदमास साथीहरू | | |
| ९. | शान्ति | ९. | कदर पत्र | | |
| १०. | पुरस्कार | १०. | ट्राफिक हर्के | | |
| ११. | तिरस्कार | ११. | शलिक बोल | | |
| १२. | हारजित | १२. | सुनको लकेट | | |
| १३. | धर्म | १३. | पेलिरहेका मनहरू | | |
| १४. | कर्तव्य | १४. | रातो साडी | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १५. | दुर्व्यसन | १५. | नारी कान्ति | | |
| १६. | झोला | १६. | खाली शिशी | | |
| १७. | कर्जा | १७. | छोरा कसको माइती | | |
| १८. | कृतहन | १८. | वयालिस लाखको चेक | | |
| १९. | विभेद | १९. | मुनाको मंगलसुत्र | | |
| २०. | युद्ध | २०. | | | |
| २१. | निर्णय | २१ | | | |
| २२. | आन्दोलन | | | | |
| २३ | मत | | | | |

यसरी यस **द्वन्द्वकालीन** कथासङ्ग्रहका जम्मा ४६ वटा कथाहरूमा २३ वटा कथा एक शब्दका शीर्षक भएका र १९ वटा कथा एक पदावली शीर्षक भएका छन् । सबै कथाका शीर्षकले कथाको विषयवस्तुको प्रतिनिधित्व गरेका छन् । त्यसकारण यस सङ्ग्रहमा सङ्ग्रहित ४६ वटै लघुकथाहरूका शीर्षक उचित र सार्थक छन् भन्न सकिन्छ ।

### ५.४.३ विषय

प्रस्तुत **द्वन्द्वकालीन** कथासङ्ग्रह मोफसलका राजधानी बुटवलका युवा कथाकार प्रदीप प्रधानको तेस्रो कथासङ्ग्रह हो । यस सङ्ग्रहका सम्पूर्ण कथाहरू छोटा र चोटिला रहेका छन् । समय सापेक्ष विषयवस्तुलाई यी कथाहरूले उद्घाटन गरेका छन् । तत्कालीन दशवर्षे जनआन्दोलन र त्यसबाट कथाहरूले चित्रण गरेका छन् । आम नेपालीहरूले विगतको दशकमा भोगे व्यहोरेको द्वन्द्वमय यथार्थ जनित सुसंगति र विसङ्गतिहरूलाई लेखकले आफू एक ठाउँमा उभिएर शब्द चित्रण गरेका छन् । युद्धको विविशिकाले समाजमा थोपरेको भय, आतंक, पीडा, धार्मिक, सांस्कृतिक विकृति, विसङ्गति साँढेको जुधाईमा परेका बाँच्छा जस्ता निर्दोष नेपाली जनसमुदाय, युद्धको भयले विदेश पलायन हुन् बाध्य नेपालीहरूको विवशता, पुलिस प्रशासनको ज्यादती, विपन्नता, शोषण, राजनीतिक विकृति, भ्रष्टाचार, साहित्यकारका समस्या, सामाजिक आडम्बरले उत्पन्न गरेका विसङ्गति, सांस्कृतिक विघटन लोग्नेको असामयिक मृत्युले

टुहुरा भएका नारी र बाबुआमा तथा अभिभावकको मृत्युले टुहुरा भएका बालवालिका कारुणिक अवस्थाको चित्रण कथाकार प्रधानले यस सङ्ग्रहमा सङ्ग्रहित कथामार्फत् गरेका छन् ।

प्रस्तुत कथासङ्ग्रहका कथाहरूले सानो आँखी झ्यालको सहायताले जसरी संसार नियाल्न सकिन्छ त्यसरी नै साना साना लघुकथाले सम्पूर्ण त्यस दश वर्षे जनआन्दोलनको स्वरूप स्मरण गर्न सकिन्छ । प्रधानका प्रत्येक कथाहरूले पाठकका मनमा एक धक्का दिन्छन् र पाठकलाई गम्भीर भएर सोच्न बाध्य गराउँछन् । कथाकार प्रधानको यस सङ्ग्रहका कथाहरू सामाजिक यथार्थवादिको प्रभाव छ । सामाजिक यथार्थभित्र मनोबैज्ञानिक चित्रणका झिल्काहरू पनि पाउन सकिन्छ । मनोविज्ञानभित्र पनि खप्न मनोविज्ञानको प्रभाव छ भने यौन मनोविज्ञानको पनि चर्चा भएको पाइन्छ । अधिकांश कथाहरू समस्यामूलक र घटना प्रधान रहेका छन् । ईष्या र प्रतिशोधको भावना पनि पाइन्छ । प्रधानले आफूले त्यस दश वर्षे जनआन्दोलनमा बटुलेका अनुभूति परिवेशका छन् । त्यस जनआन्दोलनको असर राज्यका प्रत्येक क्षेत्र शिक्षा, स्वास्थ्य, सामाजिक, प्रशासनिक आदि सबै क्षेत्रमा पारेका छन् । सबै कथाहरूले युद्धजन्य हिन्सा, आतङ्क र हत्याको वयान गरेका छन् । वितेको जनआन्दोलनको तितो सत्यलाई सम्झाउँदै प्रत्येक नेपालीलाई युद्धको त्रासको झल्को फेरी एक पटक प्रधानले दिन खोजेका छन् ।

यस सङ्ग्रहमा जम्मा जम्मी ४६ वटा लघु कथाहरू रहेका छन् । जसमध्ये अधिकांश कथाहरू यो सङ्ग्रहभन्दा पूर्व विभिन्न स्थानीय तथा अन्य पत्रपत्रिकाहरूमा विभिन्न समयमा प्रकाशित भइसकेको पाइन्छ । पहिले नै प्रकाशित गराएर नेपाली पाठकको चर्चामा पुगेको कथाहरूलाई कथाकारले यस सङ्ग्रहका माध्यमबाट एउटै मालामा उनेर प्रकाशित गराएका छन् । यस सङ्ग्रहमा रहेका तर पहिले पनि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित कथा प्रकाशित पत्रिका र प्रकाशित मितिलाई निम्न तालिकामार्फत् देखाउन सकिन्छ ।

| क.स | कथा शीर्षक | प्रकाशित मिति | प्रकाशित पत्रिका |
|---|---|---|---|
| १. | गहना | ६ भदौ २०६० | राष्ट्रिय दैनिक स.पत्र |
| २. | स्वास्थ्य शिविर | २६ वैशाख २०६१ | (सौगात) |
| ३. | विकृति | ५ माघ २०६३ | राष्ट्रिय दैनिक स.पत्र |
| ४. | जयराज | वर्ष ३ अङ्क ३ | (सौगात) |
| ५. | राजनीति | २० माघ २०६३ | नयाँ दिशा |
| ६. | पेट दुख्छ रे ? | ९ असार २०६३ | साहित्य त्रैमासिक शब्ददूत |
| ७. | कैदी गङगाराम | वर्ष १ अङ्क २ | दैनिक नयाँ भावना |
| | | | नयाँ दिशा |
| | | | साहित्य त्रैमासिक शब्ददूत |
| ८. | झ्याल र विनिता | ............. | जुनकिरि |
| ९. | बन्द बाकस | ............. | साधना मासिक |
| १०. | पश्चाताप | १० जेष्ठ २०६० | मेचिकाली दैनिक |
| ११. | जागिर | २ माघ २०६१ | जनसघर्ष दैनिक |
| १२. | सुनको करूवा | वर्ष ३ अङ्क | गौमुखी सौरभ |
| १३. | सहिदको सम्मान | ............. | पदचिन्द्र सिद्धार्थ स.प |
| १४. | शान्ति | १२ पुष २०६० | नयाँ दिशा |
| १५. | पुरस्कार | ९ जेष्ठ२०६१ | जनसघर्ष दैनिक |
| १६. | गाउँ सुरक्षा दल | असोज २०६० | जनसघर्ष दैनिक |
| १७. | हारजित | माघ २०६० | दैनिक भावना |
| १८. | धर्म | ९ फाल्गुण २०६० | दैनिक लुम्बिनी |
| १९. | कदर पत्र | १२ बैशाख २०६० | साप्ताहिक भैरहवा |
| २०. | ट्राफिक हर्के | २०६३ कात्तिक | जनमत |
| २१. | कर्तव्य | १७ भदौ २०६२ | दै.बुटवाल टुडे |
| २२. | सालिक वोल | ५ वैशाख २०६३ | नयाँ दिशा |
| २३. | दुर्व्यसन | २७ भाद्र २०६२ | जनसघर्ष दैनिक |

| | | | |
|---|---|---|---|
| २४. | झोला | ८असार २०६३ | तिनाउ, साप्ताहिक |
| २५. | नारी क्रान्ति | बैशाख २०६१ | तिनाउ साप्ताहिक |
| २६. | खाली सिसा | ५ चैत्र २०५६ | दै. लुम्बिनाी |
| २७. | छोरा कसको माइती | २२चैत्र २०५९ | जनसघर्ष दैनिक |
| २८. | नेपालको | पुष २०६० | साधना मासिक |
| २९. | बयालीस लाखको | ६ पुष २०५९ | दै.भावना |
| ३०. | चेक | १० साउन २०६० | रा. समाचार पत्र |
| ३१. | निणर्य | १ जेष्ठ २०४२ | भक्ति सन्देश |
| | आन्दोलन | | |
| | मत | | |

यसरी प्रस्तुत सङ्ग्रहमा सङ्ग्रहित ३१ बटा कथा पहिले नै पत्रपत्रिकामा प्रकाशित भएका छन् भने ५ वटा कथाहरू पहिलो पटक यसै पुस्तकका माध्यमबाट प्रकाशित भएको पाइन्छ।

यस सङ्ग्रहमा सङ्ग्रहित ४६ वटा कथाहरू मध्ये अधिकांश कथाहरूमा जनआन्दोलन २०५२ देखि २०६२ र ६३ सम्मका लागि पृष्ठभूमि बनाइएको छ। विशेष गरेर सङ्ग्रहका 'स्वास्थ्य शिविर जयराज', 'राजनीति', 'पेट दुख्छ रे', 'पूर्जी', 'झ्याल र विनिता', 'पश्चाताप', 'आन्दोलन', 'जागिर', 'सहिदको सम्मान', 'शान्ति', 'गाउँ सुरक्षा दल', 'हारजित', 'कदर पत्र', 'सालिक बोल', 'आन्दोलनकारी', 'झोला', 'को बित्यो?', 'कर्जा', 'युद्ध' आदि लघुकथाहरूमा तत्कालीन द्वन्द्वलाई विषय बनाइएको छ । यी कथाहरूमा तत्कालीन १० वर्षे द्वन्द्वले प्रत्येक नेपाली विशेष गरी ग्रामिण क्षेत्रमा पारेको प्रभाव, विकासको नाममा भएको विनास, अन्यायको नाममा भएको विकृति, उल्टै द्वन्द्वरत दुवै पक्षबाट सर्वसाधरणमाथि भएको शोषण, ज्यादती, मिचाइ, आर्थिक अभाव र सुरक्षाको कमजोर स्थितिले ल्याएको विदेश पलायनको बाध्यता आदि कुरालाई विषयवस्तु बनाइएको छ। राज्य पक्ष र विद्रोही पक्ष बीचको बन्दुकको नामको शिकार बन्न विवश नेपाली जनताले अनुभव गरेका अवस्था र त्यसबाट सृजित कहाली लाग्दो परिस्थितिलाई कथाकार आफूले प्रत्क्षय देखेका भोगेका सुनेका र अनुभव गरेका आधारमा त्यस युद्धले

जन्माएको बाध्यता र विवशतालाई यथार्थमा ढाल्दै कथाकारले यी कथाकारको विषयवस्तु वनाएका छन् । त्यस १० वर्षे युद्धले जुन खालको पीडा दियो त्यही पीडा र व्यथालाई कथाकार प्रधानले यी कथामा उतारेका छन् । यस सङ्ग्रहका 'गहना', 'विकृति', 'कुपुत्र', 'बन्द बाकस', 'कैदी गङ्गाराम पुरस्कार', 'तिरस्कार', 'बदमास साथीहरू', 'धर्म', 'कर्तव्य', निर्णय जस्ता कथाहरूमा भने सामाजिक संस्कृति विकृति र विसङ्गतिको चित्रण गरिएको छ । गरिबीको कारणले विदेश पलायन हुनु पर्ने नेपालीको बाध्यता र त्यसले ल्याउने पश्चिमा प्रभाव र पारिवारिक सम्बन्धमा आउने हुरी बतास नेपाली साहित्यकारहरूको दयनिय अवस्था बाचुन्जेल हात मुख जोर्ने समस्या तर मरणोपरान्त पुरस्कार दिने प्रवृति, शरीरभन्दा धन पैसा र गहनालाई महत्त्व दिने अशिक्षित समाज आदि कुराहरूलाई कथाकारले विषयवस्तुका रूपमा चयन गरेका छन् ।

यसरी कथासङ्ग्रहका अधिकांश कथाहरूमा युद्ध तथा द्वन्द्व विषयवस्तुका रूपमा रहे पनि विषयगत विविधता पनि पाइन्छ । जसले कथासङ्ग्रहको महत्त्व अझ बढाएको छ । समग्रमाभन्दा यस सङ्ग्रहका अधिकांश कथाहरू राजनीतिक विषयमा आधारित भए पनि गरिबी, तत्कालीन द्वन्द्व, सामाजिक संस्कृति विकृति र विसङ्गतिलाई पनि विषय बनाइएको छ ।

### ५.४.४ पात्र

कथाकार प्रदीप प्रधानको प्रस्तुत **द्वन्द्वकालीन** कथा नामक लघुकथासङ्ग्रह जम्मा जम्मी ४६ वटा कथाहरू सङ्ग्रहीत कथासङ्ग्रह हो । आयामगत हिसाबले यस सङ्ग्रहका कथाहरू स्थूल रहेका छन् । प्रायः कथाहरू एक एक पृष्ठमा रहेका छन् । कुनै कुनै कथाहरू एउटा पृष्ठमा दुईवटा पनि अटाएका छन् । त्यसैले सङ्ग्रहीत सम्पूर्ण कथाहरूमा अल्पपात्रको प्रयोग भएको छ । प्रायः सबै कथाहरूमा एक दुई जना नारी पात्रको प्रयोग भएको छ पुरूष पात्रको तुलनामा नारी पात्रको न्यून प्रयोग भएको छ । प्रयोग भएका नारी पात्रहरू पनि प्राय सामाजिक साँस्कृतिक विकृति विसङ्गती र द्वन्द्वको मारमा परेका छन् । विविध खालका समस्या विकृति विसङ्गतीका मारमा परे पनि बाँच्न बाध्य छन् । यस सङ्ग्रहका नारी पात्र, सङ्ग्रहीत कथाका कुनै पनि नारी पात्रको मृत्यु भएका छैन तर युद्धको चपेटामा परेर वा बैदेशिक रोजगार तथा अन्य कारणले गर्दा लोग्नेको मृत्यु हुनाले

स–साना टुहुरा छोरा छोरी साथमा लिएर विधुवा जीवन बिताउन बाध्य छन् । यस सङ्ग्रहमा सङग्रहित नारी पात्रहरू सरल छन् ।

यस सङ्ग्रहका अधिकांश कथाहरूमा पुरुष पात्रको बाहुल्यता बढि छ, उनीहरू गरिबी तथा देशमा तत्कालीन समयमा बढेका युद्धका कारण विदेश पलायन हुनुको साथै जीवन वलिदान दिन पनि बाध्य भएका छन् । सेना तथा माओवादी लडाकु आदि विभिन्न कारणले उनीहरूको मृत्यु भएको छ । कोही पुरुष पात्रहरू गरिबीलाई छल्न विदेश गएका छन् तर धन सम्पति लिएर फिर्ता नभई मृत आत्माको रूपमा स्वदेश फर्केका छन् ।

उपर्युक्त कथासङ्ग्रहमा आएका पात्रहरूमा वर्गीय असमानता पाइन्छ । यद्यपी अधिकांश पात्रहरू विपन्न छन् । यदाकदा आएका सम्पन्न पात्रहरू समाजका सामन्ति शोषण र दमनकारीको प्रतिनिधि बनेर आएका छन् । तिनिहरूले हर हिसाबले समाजमा रहेका सोझा जनतालाई अन्याय गरेका छन् । तत्कालीन समयमा जसरी पुलिस प्रशासन र माओवादी दुवै पक्षबाट जनतामाथि शोषण गरिरहेको थियो ज्यादती गरिएको थियो त्यो सबैलाई यस सङ्ग्रहका कथाहरूमा आएका पात्रहरूले प्रतिनिधित्व गरेका छन् ।

यस सङ्ग्रहमा रहेको पहिलो कथा गहनामा 'निमा' पात्रले समाजमा रहेका 'घाटि विना हाड निल्न' खोज्ने नारीको प्रतिनिधि पात्रहरू भने त्यही कथाको पुरुष पात्र गोबिन्द आफू मरेर भए पनि स्वास्नीलाई खुसी पार्न खोज्ने पात्रहरू 'स्वास्थ्य शिविर' कथाकी मुख्य पात्र चमेली परिवार आफ्नो आँखा अगाडि लोग्नेलाई दुश्मनले मारेको देख्न बाध्य द्वन्द्व पीडित विधवा नारीको प्रतिनिधि पात्र हो । विकृति कथाको नारी पात्र पश्चिममा संस्कृतिको गलत फन्दामा परेर आफ्नो पारीवारिक सुख तहसनहस पार्ने नारीको प्रतिलिपि पात्र हो । यस कथाका पात्रले वहु विवाह जस्तो गलत संस्कृति र डि.भि चिठ्ठाले ल्याएको नकारात्मक प्रवृत्तिको व्याख्या गरिएको छ । 'जयराज' कथाको जयराज द्वन्द्व पीडित नेपालीको प्रतिनिधि हो । राजनिति कथाको होटल साहु तत्कालीन विषय राजनीतिको फाइदा उठाएको शोषक प्रवृतिको पात्र हो भने बसका अन्य यात्रीहरू द्वन्द्वको चपेटामा परेर तथा तत्कालीन खराब राजनीतिको मारमा परेका सम्पूर्ण नेपालीको प्रतिनिधि पात्रहरू हुन् । 'पुरस्कार' कथाका कवि ।

### ५.४.५ परिवेश

युवाकथाकार प्रदीप प्रधान प्रगतिशील लेखक हुन् उनका सबै कथाहरू सामाजिक मनोविज्ञानलाई आधार मानेर लेखिएका छन् । कथाकार प्रधान समाजमा भए गरेका यथार्थ घटनालाई आफ्नो कलमका सहायताले टपक्क टिपेर आफ्ना कृतिमा राख्न औधी सफल छन् । उनका कथाहरूमा तत्कालीन समयले ल्याएका अनेक किसिमका प्रभावहरूलाई कलात्मक र रोचक ढङ्गमा प्रस्तुत गरिएको हुन्छ ।

कथाकार प्रधानको कथासङ्ग्रह विसङ्गति २०६४ सालमा बुटवलबाट प्रकाशित कथासङ्ग्रह हो । यसमा सङ्ग्रहीत ४६ वटा कथाहरूमा अधिकांश कथाहरू नेपालमा चलेको २०५२–२०६२ र २०६३ सम्म चलेको द्वन्द्वलाई आधार मानिएको छ । यस सङ्ग्रहका अधिकांश कथाहरू नेपाली परिवेशमा आधारित छन् । तत्कालीन द्वन्द्वले पीडित सम्पूर्ण भूभाग विशेष गरी ग्रामिण क्षेत्रका भूभागलाई यी कथाको परिवेश बनाइएको छ । यस सङ्ग्रहका कथाहरूमा साथ साथै नेपाल बाहिरका बैदेशिक समानहरूको पनि चर्चा गरिएको छ । मुख्य गरेर तत्कालीन युद्ध आतंक र द्वन्द्वलाई मुख्य परिवेश बनाउन खोजिए तापनि तत्कालीन समयमा गरिबी, अशिक्षा र युद्ध आतंक आदिका कारणले नेपाली जनताले जानेर वा अन्जानमा सामना गरिरहेका दुःख, पीडा, व्यथा र पारिवारिक अमयन चयनको तहसनहसको स्थितिलाई पनि परिवेशको रूपमा ल्याइएको छ ।

कथाकार प्रधान समसामयिक प्रगतिशील कथाकार हुनाले उनले कथामा परिवेशको चयनलाई विशेष ध्यान दिइएको पाइन्छ । प्रस्तुत द्वन्द्वकालीन कथा पनि उनको पूर्णरूपमा समसामायिकतालाई आधार मानेर लेखिएको कथा हो । यस सङ्ग्रहका सबै कथाहरू कथा लेख्दाको समयमा नेपालमा भएको द्वन्द्वमय यथार्थ समाजमा व्याप्त विसङ्गती विकृति, मानवीय पीडा धार्मिक सांकृतिक विसङ्गति, खोक्रो आडम्बर देखाउने प्रवृत्ति, द्वन्द्वमा संलग्न दुवै पक्ष (राज्य र माओवादी) बाट भएको ज्यादती गरिबी, अशिक्षा र युद्धमय वातावरणले ल्याएको रोजगारको बाध्यता, बैदेशिक रोजगारको लोभमा घर–परिवारमा आउने दुःख पीडा र विकृति आदि सबै प्रस्तुत कथासङ्ग्रहका कथाहरूमा परिवेश बनेर आएका छन् ।

यसरी विसङ्गति २०५० देखि २०६४ सम्मको समयावधीमा नेपालभित्र गाउँ–गाउँसम्म फैलिएको युद्ध आतंक, काठमाडौँ शहरमा बढेको सडक वालवालिकाको दुर्दशा तथा मानिसको शरीर भन्दा धन, सम्पत्ति र गहनालाई महत्त्व दिने नेपाली कुसंस्कार

स्वदेशको जागिरमाभन्दा बैदेशिक रोजगारमा खुशी रहने र बैदेशिक रोजगारलाई नै प्रश्रय दिने प्रवृति आदिलाई कथाको परिवेश वनाएको छ । मानवको लागि बाटो घाटो, घर, कार्यालय सुरक्षित छ भन्ने तत्कालीन अवस्था पनि यी कथाहरूको परिवेश बनेर आएका छन् ।

### ५.४.६ भाषाशैली

प्रस्तुत कथासङ्ग्रह **द्वन्द्वकालीन कथा** नामक कथासङ्ग्रहका कथाकार प्रदीप प्रधान समसामायिक प्रगतिशील कथाकार हुन् । त्यसकारण उनका कथाहरू सरल, स्पष्ट र बोधगम्य हुन्छन् । त्यसकारण उनका कथाहरू बुझ्नको लागि पाठकले धेरै कसरत गर्नु पर्दैन समाज सापेक्ष कथा लेख्न खोजेका छन् प्रधान उनको भाषाशैली सरल हुन्छ । सामाजिक यथार्थलाई आधार मानेर कथा लेख्ने हुनाले पनि प्रधानका कथाको भाषा समाजको बौद्धिकता अनुसारको हुन्छ, वर्णनात्मक शैलीमा कथा लेख्छन् प्रधान ।

यस **द्वन्द्वकालीन कथा** नामक कथासङ्ग्रह पनि कथाकार प्रधानको सरल भाषाशैलीमा लेखिएका कथाहरूको संगालो हो । यस सङ्ग्रहमा जम्मा जम्मी ४६ वटा कथाहरू छन् । सबै कथाहरू वाह्य आकारगत रूपमा सुक्ष्म रहेका छन् तर भित्रि रूपमा तथा भावका आधारमा कथाहरू निकै सबल देखिन्छन् । कथाले भन्न खोजेको कुरालाई सरल र सहज भाषामा मर्मस्पर्शी रूपमा अगाडि ल्याएको छ । कथासङ्ग्रहका सबै कथाहरू समसामायिक समय अनुसार छन् । यस कथाको शीर्षकले पनि द्वन्द्वकालको सेरोफेरोमा रहेर लेखिएको कथाहरूको सङ्गालो हो यो भन्ने स्पष्टाएको छ । तत्कालीन परिस्थिती अनुसार समाजमा घटेका घटनालाई टपक्क टिपेर यथार्थमा ढाल्दै देखिएका हुनाले पनि यी कथाहरूको भाषा सरल र पाठनयोग्य छ । सबै कथाहरूमा कथाको विषयवस्तुलाई पुष्टायाँइ गर्नको लागि चित्रहरूको  प्रयोग गरिएको छ । भित्रि कथाहरूमा दिएका चित्र सादाभए पनि पुस्तकको बाहिर आवरणमा दिइएका चित्रहरू रङ्गिन र सम्पूर्ण सङ्ग्रहित कथाको भाव अनुसारका चित्रहरू प्रयोग गरिएको छ । पुस्तक देख्ने बित्तिकै यस पुस्तकमा युद्ध, आतंक भौतीक पुर्वाधार तहसनहस, युद्धको विविशिकाले गर्दा आफ्नो गाउँघर छोडेर शहर तथा गाउँका युवा सबै विदेश पलायन हुन बाध्य तथा प्रशासनबाट हुने ज्यादती आदिको वर्णन छ भन्ने अनुमान गर्न सकिने चित्रहरू कोरिएका छन् चारैतिर

बम विष्फोट भएका छन् । प्राकृतिक वातावरण पनि उजाड छ । भित्रि पृष्ठमा पुस्तकको श्री गणेश शहीदहरूको फोटोबाट गरिएको छ । यसले पनि यस पुस्तकमा अधिकांश कथाहरू यद्धजन्य घटनामा आधारित छन् भन्ने स्पष्ट हुन्छ । यस सङ्ग्रहको समीक्षात्मक लेखमा इस्माली (महेश्वर उपाध्याय) कपिल लामिछाने, बालकृष्ण भट्टराई र डा. शिव प्रसाद पौड्याल जस्ता विशिष्ट कथाकार तथा नेपाली साहित्यको अग्रजहरूले गर्नु भएको छ जुन सबै पुस्तकमा समावेश छन् ।

सङ्ग्रहित सम्पूर्ण कथाहरू छोटा–छोटा छन् । यस सङ्ग्रहमा भएका४६ वटा कथाहरू मध्ये ४१ वटा कथाहरू चित्र सहित १–१ पृष्ठमा छापिएका छन् भने ३ वटा कथाहरूले चित्र सहित दुइवटा पृष्ठ ओगटेका छन् । त्यस कारणले पनि यस सङ्ग्रहका कथाहरूलघु कथाको भाव अनुरूप छोटा छन् भन्न सकिन्छ । लघुकथामा तीनवटा 'ऊ' (उठान, उत्कर्ष र उतार) को संयोजन र सुगठन हुन सकेन भने लघुकथाहरू वेस्वादिला मानिन्छन् । यसको संयोजन र सुगठन मिलाउन कथाकारले निकै प्रयास गर्नुपर्दछ । यो भनाई यस सङ्ग्रहका कथाहरूमा पूर्ण सार्थक छ । यसमा तीन 'ऊ'को संयोजन राम्ररी गराउन कथाकारले यथेष्ट प्रयास गरेका छन् । यी कथाहरूमा संवादहरू पनि छोटा छोटा र सजिलै बुझ्न सकिने खालका प्रयोग भएका छन् । कथाहरूमा वाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । अधिकांश कथाहरू रैखिक शैलीका छन् । प्रायः कथाहरू घटनामूलक छन् । कथामा वर्णनात्मक शैलीको प्रयोग छ, यद्यपि कथाहरू छोटा छन् । वर्णनात्मक शैलीको प्रयोगभए पनि कथाहरू छोटा छन् । सङग्रहित कथाहरूमा एउटा घटनालाई लिएर सरल सहज र बोधगम्य भाषाको प्रयोग गर्दै केही वर्णन गरिएको छ । जुन वर्णनले कथा पूर्णरूपमा विषयवस्तुलाई पूर्णरूपले स्पष्ट गराएको छ ।

प्रस्तुत सङ्ग्रहका कथाहरूमा तत्सम्, तत्भव, आगन्तुक तथा झर्रो सबै स्रोतका शब्दहरू प्रयोग भएको छ तापनि अधिकांश त झर्रा भाषाको प्रयोग भएको छ । किड्नी, क्रिशमस, होलीडे, युरीया, नर्स, एयरपोर्ट, व्राउन सुगर आदि जस्ता अङ्ग्रेजी तथा आगन्तुक शब्दहरूको पर्याप्त प्रयोग गरिएको छ । जसले सर्वसाधारण पाठकलाई केही समस्या त अवश्य ल्याएको छ । ठाउँ ठाउँमा प्रयोग भएका नेपाली उखान जस्तैः "बाबुआमाको माया छोरा छोरीमाथि छोरा छोरीको माया ढुङ्गामुढामाथि" जस्ता उखानले कथाको महिमा अझ वढाएका छन् र कथा रोचक बनेका छन् । कथामा दिप्त तथा

समस्त शब्दहरूको प्रयोग गरिएको छ । अधिकांश झर्रा शब्दहरू तथा ग्रामीण परिवेशमा वोलिने भाषाको संयोजनले लेखकको नेपाली भाषाप्रतिको मोहलाई जोड दिन्छन् । तथापी लेखक आफ्नो मातृभाषाबाट अक्षुतो भने छैनन् । ठाउँ ठाउँमा व्याकरणगत त्रुटीहरू रहेका छन् । जसलाई हटाउनका लागि लेखकलाई अझ मिहिनेत गर्नु पर्ने हुन्छ । कथाहरूमा कौतुहलको स्थिति पनि पर्याप्त मात्रामा रहेको छ । वाह्यभन्दा आन्तरिक द्वन्द्व रहेको छ । कौतुहलताले पनि लेखकको लेखनशिल्प देखाएको छ ।

समग्रमाभन्दा प्रस्तुत सङ्ग्रहका प्रधानका कथाहरू सरल, सहज र बोधगम्य छन् । समाजका दैनिक घटनाहरूलाई टपक्क टिपेर उखान टुक्का मिश्रित पदावलीहरूमा सजाएर कल्पनाको जलप लगाउँदै पाठकको मन आकर्षित गर्न सक्ने खालका छन् । कथाहरूमा प्रयोग भएको भाषा नेपाली समाज तथा पाठकको बौद्धिकता अनुसार रहेको छ । प्रायः सबै कथाहरू समाजका सत्य तथ्य घटनामा आधारित छन् । केही कथाहरू स्वर कल्पनामा आधारित छन् । जस्तै गहना, विकृति आदि स्वर कल्पना भएपनि लेखकको कथा प्रस्फुटनको शैलीलाई यथार्थमा ढालेको छ । यसरी यस सङ्ग्रहमा सङ्ग्रहीत सम्पूर्ण कथाहरूको भाषाशैली सरल, सहज र बोधगम्य छ । यथार्थभित्र मनोविज्ञानको छाप पाइन्छ ।

### ५.४.७ उद्देश्य

जीवनका क्षणिक घटनापनलाई लिएर लेखिने यथार्थ जीवनोपयोगी दृश्य कथा हो, भने प्रदीप प्रधान मफोशलका बहुआयामिक कथाकार हुन् । उनका कथाहरूमा सामाजिक यथार्थवादको प्रभाव छ । सामाजिक, यथार्थभित्र मनोबैज्ञानिक चित्रण पाइन्छ । उनका कथाहरू सामाजिक समस्यामूलक र घटना प्रधान हुनुको साथै वर्णानात्मक छन् । यस सङ्ग्रहका कथाहरूले चन्दा, आतङ्क, धोकाधाडी, कुलत बेरोजगार, सहिदको सम्झना, भौतिक कारवाही, संकल्प त्याग र समपर्ण आदि घतलाग्दा उदाहरण दिएका छन् । त्यसैगरी सेनाको अकर्मण्य व्यवहारको पर्दाफास, कविहरूको निर्यात, आफन्तहरूको मृत्युको कारणले परेको मानसिक पीडा, जिजीविषाको खोजी, सेनापत्नीहरूको मनोदशा आन्दोलनकारीको मानसिक प्रभाव जर्वजस्ती करणी, भ्रष्टाचार सार्वभौमसत्ताको उपहास, खाते बालकको बाध्यता र विवशता यौन शोषण, वृद्धवृद्धाको मनोदशा, भेदभाव, पति

वियोगको छटपटिलाई आदि जनमानससँग छर्लङ्ग पार्नु लेखकको यस सङ्ग्रह लेख्नुको मुख्य उद्देश्य रहेको पाइन्छ । माथि उल्लेखित सम्पूर्ण कार्यहरूले मानवीय चेतनाको नै तहसनहस पार्ने हुनाले यथाशक्य यी समस्याहरू पन्छाउँदै, काम गर्दै लानु पर्दछ भन्ने पनि लेखकको उद्देश्य रहेको पाइन्छ ।

यस सङ्ग्रहका अधिकांश कथाहरू तत्कालीन समयमा नेपालमा चलेको युद्ध आतङ्कको सेरोफेरोमा घुमेको पाइन्छ तापनि अन्य कथाहरू तत्कालीन समयमा नेपालमा व्याप्त खोक्रो आडम्बर देखाउने प्रवृत्ति, सामाजिक साँस्कृतिक विकृति, शोषण, दमन आदिको सेरोफेरोमा पनि केन्द्रित छन् । त्यसैले विषयगत विविधता सँगसँगै यस सङ्ग्रहका कथाहरूको उद्देश्य पनि विविध रहेको पाइन्छ । यस सङ्ग्रहका कथाहरूमा मानवीय जीवनका अनुभुतिहरूलाई देखाउन खोजिएको छ । यस सङ्ग्रहमा लेखकले तत्कालीन समयमा आफूले देखे भोगेका घटना परिघटना आफ्नो मनमा परेको प्रभावलाई छोटा कथाको माध्यमबाट व्यक्त गर्नु तथा ती घटनाहरूबाट पीडित सम्पूर्ण नेपाली आमा-बुवा, दाजु-भाईलाई युद्धले कसैलाई पनि फाइदा गर्दैन, युद्ध भनेको मानव हित विपरित विनाशकारी तत्त्व हो । त्यसलाई कही कसैले पनि निम्त्याउनु हुँदैन भन्ने उपदेशात्मक सन्देश दिनु पनि लेखकको उद्देश्य हो । त्यस्तै देशमा विद्यमान् गरिबी, गरिबीले निम्त्याउने विकृति, विसङ्गति गरिबी निवारणको लागि रोजिएको वैदेशिक रोजगारले ल्याउने पारिवारिक स्नेह तथा वन्धनको तहँस नहस बाटो, छोटो जहाँ पछि त्यहीँ गरिने बेइमानीपूर्ण राजनीति युद्धबाट आफ्नो प्राण वचाउनको लागि खेल्नु पर्ने नाटक तथा छलकपट, दुश्मनबाट घर निकाला तथा दुख गरी कमाएको जाहेजेथा हरण हुँदाको दुःखदायी स्थिति, समाजमा नआफ्नो भन्ने केही, सम्पत्ति, नकोही सहरा दिने व्यक्ति तथा सहाराको उपाय भए पछि बाहिरी स्वार्थी र विकृतिपूर्ण संसारभन्दा झ्यालखान नै बेश रहेको सम्झदै झ्यालखानको कोठालाई नै रमाइलो मान्नु पर्ने बाध्यता तथा विवशता, युद्धबाट प्रभावित बालबालिकाहरूले आफ्नो परिवारका सदस्यहरू हुँदा हुँदै पनि घरका ठाउँ ठाउँलाई युद्ध निम्त्याउने ठाउँ सम्झेर ती झ्याल ढोका, घरका कोठाहरू ऋाणिदेखि डराउने स्थिति, विदेश गएको श्रीमान्ले धन सम्पत्ति लिएर आउला तथा अरू कसैसँग पठाउँला भन्ने आशालाई सङ्गालेर बसेका श्रीमतीले आफ्नो प्राणभन्दा प्यारो श्रीमान्को लाशले भरिएको वाकस वुझ्नुपर्ने बाध्यता समाजमा फैलिएको विभिन्न

किसिमको विकृति तथा युवा वर्गमा फैलिएको दुर्व्यशनको चाहानाले गर्दा सुपुत्र छोरा कुपुत्र हुने स्थिति, लामो र नैराश्यपूर्ण गर्भधान र जटिल प्रशवपीडा सहेर जन्माएका सन्तानलाई धिक्कार्नु पर्ने स्थिति, एकपटकयुद्धको विभीशिकाबाट वाचेको हुनाले अगुल्टाले हानेको कुकुर विजुलीदेखि चम्कन्छ भनेझै सबैलाई त्यही आफूलाई हातपात गर्दै व्यक्ति तथा त्यहि युद्धका त्रासलाई सम्झेर झस्कने स्थिति, एकै परिवारका दुई व्यक्ति युद्धका दुई पक्ष तथा विपक्ष हुनाले ल्याउने पारिवारिक उतार चढावको स्थिति बाबुआमाको शेषपछि पैत्रिक सम्पत्तिको लोभमा भाइ-भाइ नमिल्दा त्यसको फाइदा बाहिरी शक्तिले उठाउँछन भन्ने यथार्थको प्रस्फुटन, हाम्रो देशमा शहिद जसले देश र जनताको उन्नति तथा प्रगतिको लागि आफ्नो प्राण त्याग गऱ्यो, संसारबाट विदा लियो । उसको सम्झना तथा सन्तानको उसको सपनालाई पुरा गर्न लाग्नुको साटो उसको शालिकमा अविर लगाएर फुलको गुच्छा चढाएर शिर निहुराउने प्रवृति, शान्ति ल्याउनको लागि निर्दोष व्यक्तिको हत्या गर्ने, बन्दुकको निशाना बनाउने कारूणिकता, हाम्रो समाजमा पढेलेखेका ज्ञानी तथा शाहित्यकारहरूको निर्यात तथा वाचुञ्जेलसम्म गाँस बाँस, कपासको धौ–धौ परेपछि पुरस्कार दिने प्रवृति, लोग्ने स्वास्नीको शैक्षिक तथा मानसिक स्थिति नमिल्दाको प्रतिफल बाबुआमाले छोरा छोरीको भावना नबुझि आफ्नो एकोहोरे सोचाई लाद्न खोज्दा छोरा छोरीलाई पर्ने पीडा, बाबुआमालाई हुने् पश्चाताप एकै परिवारका दुई जना लड्दा कसैको पनि जित नहुने् यथार्थ अर्कोलाई अर्ति उपदेश दिने तर आफैले पालना नगर्ने हाम्रो सामाजिक संस्कार, आदिको चित्रण गरिएको छ ।

## ५.५ 'घमण्डी भगैंरी' कथासङ्ग्रहको अध्ययन र विश्लेषण

### ५.५.१ परिचय

२०६६ सालमा विवेक सिर्जनशील प्रकाशन प्रा.लि. काठमाडौंबाट प्रकाशित **घमण्डी भँगेरी** नामक बालकथासङ्ग्रह कथाकार प्रदीप प्रधानको चौंथो पुस्तकाकार कृति हो भने बालकथाका क्षेत्रमा दोस्रो प्रकाशित पुस्तक हो । कविता लेखनबाट नेपाली साहित्यतर्फ उन्मुखभए पनि आख्यानलाई आफ्नो मुख्य साहित्यिक विधा बनाएका प्रधान नेपाली साहित्यका प्रगतिशील युवा कथाकार हुन् । उनका कथाहरू समय सापेक्ष हुन्छन् भने बालकथा पनि बालरूचि अनुरूप हुन्छन् यसको ज्वलन्त उदाहरण हो प्रस्तुत

बालकथासङ्ग्रह जसमा सत्र (१७) वटा बालकथा सङ्ग्रहित छन् । जसमध्ये सातवटा कथा २०६१ सालमा प्रकाशित **जङ्गलका रमाइला कथा** कथासङ्ग्रहका सङ्ग्रहित भइसके पनि यस **घमण्डी भँगेरी** बाल कथासङ्ग्रहमा पनि सङ्ग्रहित भएका छन् । यी कथाहरू बालरूचि अनुरूप हुनुका साथै सन्देशमूलक र ज्ञानबर्द्धक छन् । समाजमा रहेका यथार्थ विकृति, विसङ्गति, शोषण दमन आदि कुराहरूको यस सङ्ग्रहका कथाहरूमा कलात्मक रूपमा उल्लेख गरिएको छ । यी कथाहरूमा काल्पनिक भए पनि स्वैरैकल्पना जन्य यथार्थ पाइन्छ । यी कथाले बालकलाई नैतिक शिक्षा दिएका छन् । यस सङ्ग्रहमा निम्न कथाहरू सङ्ग्रहित रहेका छन् :-

| क्र.सं | कथा शीर्षक |
|---|---|
| १ | भालेलाई सजाय |
| २ | हजुरआमालाई उपहार |
| ३ | निशाको जन्मदिन |
| ४ | घमण्डी भँगेरी |
| ५ | साहसी जलवीरे |
| ६ | सुनको माछा |
| ७ | काली बाखी |
| ८ | रामचन्द्र र राजहाँस |
| ९ | चलाख मुसा |
| १० | विवेकी बाँदर |
| ११ | उहिले-उहिले तेरो बाको तालु खुइले |
| १२ | बाँदर विद्यालय |
| १३ | सिकारी रवि र मयुर |
| १४ | नपत्याउने खोलाले बगाउँछ |
| १५ | एउटा माझी र छोरा |
| १६ | प्यारा हाँसहरू |
| १७ | बुद्धिमान हात्ती |

यसरी प्रस्तुत **घमण्डी भँगेरी** कथासङ्ग्रहमा जम्मा सत्र वटा कथाहरू रहेका छन् । ती मध्ये पूर्वत् कथासङ्ग्रह **जङ्गलका रमाइला** कथासङ्ग्रह पनि सङ्ग्रहित कथाहरू निम्न छन् ।

१) 'प्यारा हाँसहरू'

२) 'चलाख मुसा'

३) 'विवेकी बाँदर'

४) 'उहिले उहिले तेरो बाको तालु खुइले'

५) 'बाँदर विद्यालय'

६) 'बुद्धिमान हात्ती'

७) 'सिकारी रवि र मयुँर'

जम्मा जम्मी सत्रवटा कथाहरूको सङ्ग्रह प्रस्तुत **घमण्डी भँगेरी** जम्मा एक्काउन्न पुष्टको बाह्य संरचनामा संरचित यस कृतिका आवरण डिजाइन प्रवेश सिन्धुलीयले गरेका छन भने सेटिङ्ग शुसील चालिसेले मुद्रण क्लासिकल प्रिन्टिङ्गप्रेसबाट भएको छ । यस कृतिमा रहेका सम्पूर्ण चित्रहरू रवि बस्नेतले तयार पारेका छन् । आवरण पृष्ठ रङ्गिन रहेको छ भने पुस्तक शीर्षकलाई सार्थक बनाउने **घमण्डी भँगेरी**को रङ्गिन चित्र कोरिएको छ । पुस्तक देख्दा नै आकर्षक रहेको छ । भित्रि कथाहरूमा पनि सवै कथाहरूका शीर्षक अनुकुलका चित्रहरू कोरिएको छ । चित्रले नै कथाका सम्पूर्ण विषयवस्तु स्पष्ट पार्दछन् ।

कथाहरू छोटा-छोटा, मीठा, रमाइला र कोमल बालमानसिकता अनुरूपका छन् । कथामा कोरिएका चित्रले कथा अध्ययनमा थप रूचि पुऱ्याउन सक्नेछन् । सबैकथाहरू दुई अथवा तीन पृष्ठमा लेखिएका छन् । यस कृतिभित्रका कथाहरू कथा विधाको परिभाषा एक बसाँइमा पढेर सकिने नै छन् । कथाका शीर्षकले पनि सम्पूर्ण विषयवस्तुलाई समेटेको पाइन्छ । कथाले बालबालिकालाई रमाइलो पाराले अर्ति उपदेश दिँदै नैतिकवान बन्ने सन्देश दिएका छन् । बाह्य संरचनाका रूपमा हेर्दा पुस्तकको आकार सानो भएपनि आन्तरिक संरचना अत्यन्त बलियो र बृहत रहेको  छ । पुस्तकमा भूमिका लेखिएको छैन । त्यसैले कथाकारले हतार-हतारमा पुस्तक प्रकाशन गराए जस्तो

देखिन्छ । त्यस्तै पहिलो बालकथासङ्ग्रह **जङ्गलका रमाइला** कथाहरूमा रहेका सातवटै (सम्पूर्ण) कथाहरू यस सङ्ग्रहमा पुनः प्रकाशित हुनुले कथासङ्ग्रहको गरिमालाई केही तल पारेको छ । यसबारे कथाकारसँग जिज्ञासा राख्दा प्रकाशकले आफुसँग सबै बालकथाहरू मागेका दिँदाखेरी सबैलाई एउटै सङ्ग्रहमा प्रकाशित गरिएको बताउँछन् । जे भए पनि यो लेखकको कमजोरी हुन् आउँछ ।

यसरी प्रस्तुत कथासङ्ग्रहमा प्रकाशित सत्रवटा कथाहरू मध्ये दशवटा कथाहरू (जङ्गलका रमाइला कथासङ्ग्रहमा प्रकाशित नभएका)को मात्र यस खण्डमा अध्ययन गरिएको छ ।

### ५.५.२ प्रेरणा र प्रभाव

नेपाली साहित्यको कविता विधाका माध्यमबाट साहित्य लेखनमा प्रवेश गरेर फूटकर कथाका माध्यमबाट सर्वाजनिक भएका कथाकार प्रदीप प्रधानको प्रस्तुत “भमण्डी भँगेरी” बालकथासङ्ग्रह बालरूचि अनुरूप, तयार पारिएको छ । पहिलो बालकथा “जङ्गलका रमाइला कथाहरू” सफलतापूर्वक लेखन कार्य पूरा गरी उक्त जङ्गलका रमाइला कथाहरू (बालकथासङ्ग्रह) र द्वन्द्वकालीन कथा (लघुकथासङ्ग्रह) प्रकाशित कृतिहरूमा पाएको सफलता नै यस “घमण्डी भँगेरी” (बालकथासङ्ग्रह) लेखन तथा प्रकाशनलाई प्राप्त मुख्य प्रेरणा मान्न सकिन्छ त्यसगरी नेपाली साहित्यमा बालबालिकालाई केन्द्रीत गरेर लेखिएका बाल साहित्यको अभाव पनि उनलाई प्राप्त प्रेरणा मान्न सकिन्छ ।

यस बालकथासङ्ग्रहको विषयवस्तुगत प्रेरणा स्रोततर्फ दृष्टिगत गर्दा बालबालिकालाई नैतिक, कर्तव्य र आदर्शको पाठ पढाउन खोज्नु तथा कोमल बाल मानसिकताको अध्ययन जस्ता विषयलाई विषयवस्तुको स्रोतको रूपमा लिइएको छ ।

### ५.५.३ शीर्षकीकरण

बालकथाकार प्रदीप प्रधानको प्रस्तुती **घमण्डी भँगेरी** दोस्रो बाल कोसेली हो । जुन आफ्नो पहिलो बाल कोसली **जङ्गलका रमाइला कथाहरू**बाट पाएको सफलता पछि प्रधानले लेखेको हुन् । यस सङ्ग्रहमाजम्मा सत्रवटा कथाहरू संरचित छन् । सवै कथाहरूको शीर्षक विषयवस्तु अनुकूल रहेका छन् । सबै कथाहरूको शीर्षकबाट नै ती

कथाको तथ्यवस्तु बुझ्न सकिने छन् । शीर्षक सुन्दा नै रमाइला छन् । अधिकांश कथाको शीर्षक त्यस कथाको मुख्य पात्रको स्वभाव तथा नामबाट राखिएको छ । शीर्षक सुन्दा नै कौतुहता उत्पन्न हुन्छ ।

विवेच्य कथासङ्ग्रहको नाम **घमण्डी भँगेरी** यस सङ्ग्रहमा संकलित सत्रवटा कथा मध्ये एक उत्कृष्ट कथा हो । यस सङ्ग्रहमा भएका सम्पूर्ण कथाहरू प्रतिनिधित्व यस कथाले गरेको छ । यस कथाको शीर्षक 'घमण्डी भँगेरी' यस कथाको मुख्य पात्र भँगेरीको स्वभावमा आधारित रहेर राखिएको छ । यस कथाका तीन पात्र भँगेरी, भँगेरो र विरालो मध्ये भँगेरी मुख्य पात्र हो भने भँगेरो सहायक पात्र हो र विरालो गौण पात्र हो । भँगेरीको स्वभाव घमण्डी पाराको रहेको छ । यसलाई आफ्नो रूपको घमण्ड छ, उसमा म जति राम्रो कोहि छैन भन्ने घमण्ड रहेको छ । त्यहि घमण्डले गर्दा कथामा घटना परिघटनाहरू घटेका छन अन्तमा विविध कारणले उसको घमण्ड नाश भएको छ उसको रूपमा केही दाग लागेको छ । यसरी यस कथाको सम्पूर्ण विषयवस्तु त्यस भँगेरीको स्वभावमा आधारित दासत्व कारण यस कथाको शीर्षक उपर्युक्त छ ।

निष्कर्षमा भन्दा उपर्युक्त कथासङ्ग्रहमा संकलित कथा मध्ये 'घमण्डी भँगेरी' कथा उत्कृष्ठ छ । यस सङ्ग्रहमा भएका सवै कथाहरू प्रतिनिधित्व यही कथाले गरेको छ । जसकारण यस कथासङ्ग्रहको नाम **घमण्डी भँगेरी** उपयुक्त छ, युक्तिसङ्गत छ । यस सङ्ग्रहका सबै कथाका शीर्षकहरू पदावलीका रूपमा रहेका छन् । यद्यपी प्रधानका अन्य सङ्ग्रहमा संरचित कथाहरूका शीर्षक भने पदावलीको साथ-साथै एक अक्षर र वाक्यमा पनि रहेका छन् ।

### ५.५.४ विषय

प्रस्तुत **घमण्डी भँगेरी** कथासङ्ग्रह कथाकार प्रदीप प्रधानको एक उत्कृष्ट बालकथा सङ्ग्रमा जम्मा १७ वटा कथाहरू रहेका छन् । ती सवै कथाहरू बालरूचि अनुरूपका छन् । कथाहरू बाह्य संरचना छोटा-छोटा भएपनि तिनीहरूको आन्तरिक संरचना अत्यन्त स्थूल र बलियो रहेको छ । सवै कथाहरू रमाइला छन् तर पनि मनोरञ्जनलाई भन्दा नैतिकता र ज्ञानबर्द्धकतालाई बढी जोड दिएका छन् । यस सङ्ग्रहका अधिकांश कथाहरूमा पुरानो पुस्ता र नयाँ पुस्ता तथा परम्परागत र आधुनिक

धारणा, गरिवी र सम्पनता बीच द्वन्द्व रहेको छ । यस सङ्ग्रहमा कथाहरू राजनीतिबाट भने अछुतो रहेका छन् ।

प्रस्तुत सङ्ग्रहको 'भालेलाई सजाय' कथामा जङ्गलका अरू धेरै जनावर तथा पंक्षीको विचार र भालेको विचारमा केही फरक पाइएको छ । ती दुई थरी विचार बीच द्वन्द्व उत्पन्न भएको छ । अन्तमा गलत विचार राखेकोमा भालेले सजाय पाएको छ । 'हजुरआमालाई उपाहर' कथामा पढ्ने बेलामा साथै बाधा पुऱ्याउने हजुरआमालाई उहाँको जन्मदिनमा गुलियो उपहार दिएर आफुलाई पढ्ने वातावरण मिलाएको कुरा उल्लेख छ । त्यस कथामा हजुरआमा पुरानो पुस्ता र नातिनी इन्दिराको सोचाय बीच द्वन्द्व छ । 'निशाको जन्मदिन' कथामा निशाको जन्मदिनमा उपहारका लागि सबैले विभिन्न उपहार दिएका त्यस मध्ये राकेशले दिएको टेबुल घडी निशालाई सबैभन्दा बढी महत्त्वपूर्ण भएको जसले निशालाई पढाइमा प्रथम हुन सघाएको कुरा देखाइएको छ । यस कथाले कसैलाई पनि उपहार दिँदा उसलाई काम लाग्ने चिज दिनु पर्दछ भन्ने देखाइएको छ । **घमण्डी भँगेरी** यस सङ्ग्रहको नामकरण गरिएको छ । यस कथामा भँगेरीले आफ्नो रूपको घमण्ड गर्दै पति भाले भँगेरोसँग झगडा गर्दछे । भँगेरोले घर छोडेर जान्छ तर अन्तमा मरणाशन्य हुने गरी बिरालोले टोके पछि भँगेरोले नै उसलाई बचाउँछ । यस कथामा रूप पल र गुण पक्ष बीच द्वन्द्व भएको छ । 'साहसी जलवीरे', कथामा परम्परागत मान्यताप्रति जलबीरेले चुनौती दिएको छ भूत, प्रेत भन्ने कुरा झुठो हो भन्ने कुरालाई जलवीरेको साहसले स्पष्टाएको छ । यसरी यस कथामा परम्परागत धारणा र नयाँ धारणा बीच द्वन्द्व रहेको छ । 'सुनको माछा' कथामा गरिबी देखाइएको छ । जीविको पालन गर्न मानवले जे पनि गर्नु पर्ने बाध्यता देखाइएको छ । जीविकोपालन गर्ने सहज उपाय हुँदासम्म मानवले कसै गरे पनि दुःख गर्न खोज्दैन भन्ने कुरा यस कथामा देखाइएको छ । 'काली बाखी' कथामा आमा सुन्तलीको विचार र दण्डस्वभावलाई छोरी मीराले परिवर्तन गर्न सफल भएकी छ । छिमेकीको बाखा आफ्नो आँगनमा आएको र केही विरूवा खाइदिएको निउँमा बाखालाई मार्न (काटेर खान) तयार भएको सुन्तली र डल्लेलाई मीराले मार्न नदिएर बाखा त पशुले खान पाए जहाँ जे पाए पनि खान्छे नि दण्ढ सजाय बाखाले होइन त्यसलाई जताभावी छोड्दिनेले पाउनुपर्छ भन्ने शिक्षा दिन सफल हुन्छ । यसरी यस कथामा पनि गरिबी देखाउनुको साथै पुरानो पुस्ता र नयाँ पुस्ता बीच हुने मतान्तर पनि

देखाइएको छ । 'रामचन्द्र र राजहाँस' कथाले बन्यजन्तु (पशुपन्छी) र मावन बीचको सम्वन्ध देखाएको छ, मानव र प्रकृति बीच हुने प्रगाढ सम्वन्ध यस सङ्ग्रहका कथाहरूले देखाएका छन् । उपर्युक्त कथाहरू राजनैतिक विषयबाट चोखा रहेका छन् ।

### ५.५.५ पात्र

कथाकार प्रदीप प्रधानको चौथो कोसेली **घमण्डी भँगेरी** कथासङ्ग्रहका प्राय सवै कथाहरूमा मानवीय र अमानवीय दुवै पात्रहरूको प्रयोग गरिएको छ । लिङ्गका हिसाबले पुरुष तथा स्त्री दुवैको प्रयोगको प्रयोग पाइन्छ भने गतिशिल तथा स्थिर दुवै प्रकृतिका पात्रहरू रहेका छन् ।

### ५.५.६ परिवेश

उपर्यक्त **घमण्डी भँगेरी** कथासङ्ग्रह सवै कथाहरू नेपाली परिवेशमा रचिएका हुन् कतिपय कथाहरू जङ्गली वातावरणलाई आधार बनाएर लेखिएका छन् भने केहि कथाहरूमा सामाजिक परिवेशको पनि प्रयोग पाइन्छ । ग्रामीण समुदायको साथ-साथै सहरिया वातावरणको पनि चित्रण गरिएको पाईन्छ । हाम्रो देश नेपालमा रहेको चराचुरूङ्गी घरमा पाल्ने तथा तिनीहरूको शीकार गर्ने राजा घोडामा चडेर आफ्ना सेना सहित शिकार खेल्न जङ्गलमा जाने जस्ता तत्कालिन अवस्थाको चित्रण यस सङ्ग्रहका कथामा गरिएको छ ।

### ५.५.७ भाषाशैली

मोफसल निवासी कथाकार प्रधान ग्रामीण परिवेशसँग राम्ररी परिचित भएर नै होला यिनका सम्पूर्ण कथाहरू सरल भाषाशैलीमा लेखिएका छन् । यस **घमण्डी भँगेरी** कथासङ्ग्रहको नाम कथाकार यस सङ्ग्रहमा सङ्कलित उत्कृष्ट एक कथाको नामका आधारमा राखिएको हो । यस सङ्ग्रहका प्रायः सवै कथाहरू जङ्गली जनावरलाई नै पात्र बनाइ लेखिएका छन् । कथाहरू छोटा, मीठा र सरल छन् । सबै कथाहरूमा विषयवस्तुलाई स्पष्ट पार्ने सघाउ पुऱ्याउने खालका चित्रहरू कोरिएका छन् । बाहिरी

आवरण पृष्ठमा रङ्गिन चित्र छ भने भित्रतिर सादा चित्रहरू छन् । यी चित्रले पनि कथा पढ्नमा रोचकता थपेको छ । कथाको गरिमालाई उच्च बनाएको छ । यस सङ्ग्रहका अधिकाँश कथाहरू छोटा-छोटा रहेका छन् । सरल र दरो नेपाली शब्दहरूको प्रयोग भएको पाइन्छ । बीच बीचमा भएको उखान टुक्काको प्रयोगले कथालाई अझ बढी रोचक, उत्कृष्ट र पठननीय बनाएको पाइन्छ । झर्रो शब्दको प्रयोगले लेखकको नेपाली साहित्यप्रतिको रोचकता तथा नेपाली भाषाप्रतिको मोहलाई स्पष्ट रूपमा झल्काएको छ ।

समग्रमा भन्दा प्रस्तुत सङ्ग्रहका सवै कथाहरू छोटा, मीठा, सरल, सहज र बोधगम्य रहेका छन् । सवै कथामा प्रकृति प्रेम, जङ्गली जनावरप्रतिको प्रेमलाई देखाइएको छ । मानवले जङ्गली जनावर तथा चराचुरुङ्गीहरूबाट पाएको फाइदालाई देखाइएको छ । कथाका छोटाको साथ-साथै रैखिक ढाँचामा रचिएका छन् । कथाहरू बालरूचि अनुरूपका छन् । समाज उपयोगी छन् । केही कथाहरू दन्त्य कथा झैं छन् त केही कथाहरू नीतिमूलक छन् । श्वरै कल्पनामा आधारित कथाहरूको पनि यस सङ्ग्रहमा सङ्कलित छन् । केहि त झन् जम्मा एकवटा पृष्ठमा मात्रै संरचित रहेका छन् । तर आकारका हिसाबले छोटा-छोटा भए पनि मार्मिक र सान्दर्भिक रहेका छन् ।

### ५.५.८ उद्देश्य

बालकथाकार प्रदीप प्रधानको उपर्युक्त **घमण्डी भँगेरी** बालकथासङ्ग्रह दोस्रो बालकथासङ्ग्रह हो । यस सङ्ग्रहमा प्रधान अहिले (२०६६) सम्मका सम्पूर्ण बालकथाहरूलाई समेटिएको छ । प्रधानको पहिलो बालकथासङ्ग्रह जङ्गलका रमाइला कथाहरूमा भएका कथाहरू पनि सबै यस सङ्ग्रहमा पुनः प्रकाशित भएका छन् । यस सङ्ग्रहका अधिकांश कथाहरू छोटा मिठा रहेका छन् जसले बालबालिकालाई पढ्न र बुझ्न सजिलो भएको छ । सरल नेपाली शब्दहरूको बालबालिकाको रूचिलाई बुझेर चयन गरिएको छ किनकी यस कृतिलाई बालरूचि अनुरूप बनाउनु लेखकको प्रमुख उद्देश्य रहेको छ । यस सङ्ग्रहका सम्पूर्ण कथाहरू बालरूचिका साथ-साथै बाल उपयोगी नैतिक तथा सामाजिक शिक्षा प्रदान गर्ने खालका छन् । कथा पढिसकेपछि बालबालिकालाई मनोरञ्जनात्मक तरिका नैतिक शिक्षा प्राप्त गर्न सघाउनु कथाकारको ध्येय रहेको पाइन्छ । उखान टुक्काहरूको प्रशस्त प्रयोगले पनि कथाहरू यथार्थजन्य

बनाउन सजिएको छ । यी कथाले बालबालिकालाई सामाजिक कार्यमा लाग्नुपर्दछ । सामाजिक कार्यमा सामेल नहुनाले सजाय पाउन सकिन्छ, साथीलाई उपहार दिँदा उपयोगी र समय सान्दर्भिक दिनुपर्दछ । चराचुरूङ्गी तथा जङ्गली जनावरलाई मार्नु हुँदैन संरक्षण गर्नुपर्दछ मानव भइसकेपछि साहसी हुनु पर्दछ । आफुले घरमा पालेका जनावरलाई आफ्नै परिवारको सदस्य समान व्यवहार गर्नुपर्दछ । भन्ने जस्ता हाम्रा दैनिक व्यवहार उपयोगी शिक्षा बालबालिकालाई दिनु प्रस्तुत सङ्ग्रहको प्रमुख उद्देश्य हो ।

समग्रमा भन्नुपर्दा प्रस्तुत बालकथासङ्ग्रह **घमण्डी भँगेरी** बालमनोविज्ञानलाई बुझेर सोही अनुरूपका सन्देशमूलक कथाहरू समावेश गरी तयार पारिएको छ । यस सङ्ग्रहका सबै कथाहरूले बालबालिकालाई मनोरञ्जन प्राप्त गर्दै सामाजिक तथा नैतिक शिक्षा प्राप्त गर्न सघाउ पुऱ्याएका छन् । यस सङ्ग्रहका सबै कथाहरू रमाइला र मिठा छन् । तर कथाकारको पहिलो बालकथासङ्ग्रह **जङ्गलका रमाइला कथा** पनि यसमा समावेश हुनाले कृतिको गरिमा केही ओझेलमा परेको छ ।

# परिच्छेद छ

# सारसंक्षेप र निष्कर्ष

## ६.१ सारसङ्क्षेप

यस शोध पत्रमा मफोशलका युवा कथाकार प्रदीप प्रधानको कृति तथा व्यक्तित्वको अध्ययन गरिएको छ । यसमा जम्मा जम्मी पाँच वटा अध्याय रहेका छन् । पहिलो परिच्छेदमा यस शोधपत्रको परिचय तथा शोध परिचय राखिएको छ । यसमा शोध शीर्षक, शोधकार्य प्रयोजन, स्रष्टा परिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्व कार्यको समिक्षा शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन विधि, शोधविधि तथा शोधपत्रको रूपरेखा जस्ता दशवटा उपखण्ड रहेका छन् ।

दोस्रो परिच्छेदमा कथाकार प्रदीप प्रधान (शोध नायकको जीवनीको अध्ययन गरिएको छ । प्रधानको जीवनीको अध्ययन गरिएको छ । प्रधानको जीवनीको अध्ययन गर्दा विभिन्न बुँदाका आधारमा गरिएको छ । जस्तै उनको पारिवारिक पृष्ठभूमि, वंश परम्परा, जन्म र नामाकरण, उनको बाल्यकाल, शिक्षा, दीक्षा, जीवनका विविध गतिविधि र मोडहरू, संस्कार तथा कर्म, स्वभाव, रूचि, दाम्पत्य जीवन तथा सन्तान लाभ, मानसिक आघातका क्षणहरू प्राप्त प्रेरणा र प्रभाव तथा उनका प्रकाशित तथा अप्रकाशित कृतिहरूका बारेमा यस परिच्छेदमा अध्ययन विश्लेषण गरिएको छ ।

तेस्रो परिच्छेदमा प्रदीप प्रधानको व्यक्तिलाई विभिन्न बुँदाका आधारमा व्याख्या विश्लेषण गरिएको छ । मुख्यतया उनको व्यक्तित्वलाई वाह्य शारीरिक व्यक्तित्व र साहित्यिक व्यक्तित्व गरेर दुई भागमा विभाजित गरी पुन : विभिन्न उपभागमा विभाजन गरेर अध्ययन गरिएको छ ।

चौथो परिच्छेदमा प्रदीप प्रधानले साहित्यिक यात्राका चर्चा गरिएको छ । यसमा उनको लगभग तीन दशकभन्दा लामो साहित्यिक यात्रालाई कृतिभित्र रहेका प्रवृत्तिको आधारमा तीन चरणमा बाँडेर अध्ययन गरिएको छ । यसरी यस परिच्छेदमा उनको साहित्यिक यात्राको चरण विभाजनको साथ-साथै चरण विभाजनको औचित्य र आधार पनि प्रकाश पारिएको छ ।

पाँचौ परिच्छेदमा प्रदीप प्रधानको कृतित्वको अध्ययन गरिएको छ । यस परिखण्डमा प्रधानका चारवटा साहित्यिक कृति **मौनरात**, **जंगलका रमाइला कथाहरू**, **द्वन्द्वकालिन नेपाली कथा** र **घमण्डी भँगेरी** कथासङ्ग्रहलाई परिचय दिँदै शीर्षकीकरण, विषयवस्तु, पात्र, परिवेश, भाषाशैली र उद्देश्यका आधारमा अध्ययन गरिएको छ ।

यसरी छैटौ परिच्छेदमा यस शोधपत्रको सारङ्क्षेप तथा निष्कर्ष दिइएको छ ।

## ६.२ निष्कर्ष

२०१४ भदौ ६ मा पिता ब्रिटिश आर्मीका मेजर ज्योतिमान प्रधान तथा माता श्रीमती बुद्धि कुमारी प्रधानको कोखबाट पाँचौ सन्तान तथा चौथो पुत्ररत्नका रूपमा मलेशियामा जन्मिएका प्रदीप प्रधानको बाल्यकाल तथा किशोर अवस्था बागलुङ्गमा पार गरेको र हाल आएर मफोशलको राजधानी बुटवललाई आफ्नो कर्मथलो रोजेर बुटवलमा आएर आफ्नो जीविका चलाएका प्रदीप प्रधान समकालिन समाजमा घटेका घटना परिघटना तथा तत्कालिन समाजमा देखिएका समस्याहरूलाई पृष्ठभूमि बनाई रोचक तरिकलो आफ्नो कथामा तानाबाना बुन्न सिपालु युवा कथाकार हुन् ।

मूलतः नेपाली साहित्यका आख्यानकारका रूपमा परिचित प्रधानलाई आख्यानको साथ-साथै कविता नियात्रा तथा बाल साहित्य जस्ता बहुविधा लेखनमा सफलताका साथ कलम चलाउन सफल बहुआयामिक व्यक्तिका धनी मान्न सकिन्छ । यसरी नेपाली साहित्यका कथा, कविता, नियात्रा, निबन्ध तथा बालसाहित्य जस्ता बहुविधा लेखनमा सफलताका साथ निरन्तर रूपमा अग्रसर रहेका प्रधानले साहित्य साधनाका अतिरिक्त व्यापारलाई आफ्नो जीविकोपार्जन गर्ने व्यवसाय रोजेर बुटवल नगरीमा सफल व्यापारीका रूपमा आफुलाई स्थापित गरेका यी श्रष्टाले साहित्य साधनाका साथै समाज सेवामा पनि संलग्न देखिन्छन् । समाजका हरेक वर्गसँग सहकार्य गर्दै समाज सेवामा अघि बढेका प्रधानले समाज सेवा र साहित्यलाई माध्यम बनाएर मार्ग निर्देशन गर्दै अग्रगामी दिशामा हिडाउन प्रधान कटिबद्ध रहेका छन् ।

जीवन बिताउने मुख्य पेशा व्यापारी भए तापनि यिनी मोफसलको बहुआयामिक व्यक्तित्वका रूपमा साहित्यिक क्षेत्रमा परिचित छन् । विद्यालय तहको अध्ययन सँगसँगै विभिन्न साहित्यिक रचनाहरू रच्ने र आफ्ना साथीसँगी तथा आफ्ना गुरुहरूलाई सुनाउने

प्रधान विद्यालयले आयोजना गर्ने विभिन्न साहित्यिक कार्यक्रममा पुरस्कृत पनि भएका थिए । प्रधानले कविता लेखनबाट आफ्नो साहित्यिक यात्रा प्रारम्भ गरेका हुन् । यसै क्रममा प्रधान आई.ए तहको अध्ययन गर्दा २०३१ सालमा महेन्द्र बहुमुखी क्याम्पस बागलुङ्गबाट 'उषाको किरण' शिर्षक नामक कविता प्रकाशित गराए यहि नै उनको पहिलो प्रकाशित साहित्यिक रचना हुन् । त्यसभन्दा पहिला लेखेका उनका रचनाहरू प्रकाशित 'उषाको किरण' कविता पनि उनले कक्षा आठमा अध्ययन गर्दा २०२८ सालमा नै लेखेका हुन् ।

प्राथमिक शिक्षा बागलुङ्गको कालिका प्रा.वि. मा आरम्भ गरी त्यहि अक्षर चिनेका प्रधानले माध्यमिक शिक्षा रूपन्देही जिल्लाको पक्लिहवा मा.वि.मा प्राप्त गरेका हुन् । ब्रिटिश आर्मिद्वारा छात्रवृद्धि पाई बागलुङ्गदेखि रूपन्देहीमा आई अध्ययन गरेका प्रधानले यस तहमा अध्ययन गर्दा आफ्नो साहित्यिक साधनलाई अझ अगाडि बढाएको पाइन्छ । साहित्य साधनाका माध्यमबाट विद्यालयका सवै शिक्षकका आँखाका नानी बन्न पुगेका प्रधानले विद्यालयमा हुने गरेका सबै साहित्यिक कार्यक्रममा भाग लिदै किताबी पढाइ र साहित्य साधना दुवैलाई एक रथका दुई पाग्राका रूपमा अघि बढाएको पाइन्छ । यहिदेखि प्रधानले आफ्नो साहित्यिक यात्रा बलियो बनाउन सफल भएका हुन् । २०३० सालमा एस.एल.सी. उत्तीर्ण गरी आई.ए. तहको अध्ययन गर्न पुनः बागलुङ्गको महेन्द्र बहुमूखी क्याम्पसलाई रोजेका प्रधानले साहित्य लेखनलाई जोड दिँदै गए । त्यस समयमा प्रधान राजनीतिमा पनि अग्रसर रहेको पाइन्छ । २०३३ सालमा आई.ए उत्तिर्ण गरी बि.ए अध्ययनको लागि भैरहवा आई भैरहवा बहुमुखी क्याम्पसमा भर्ना भए पनि उनले साहित्य साधनामा अझ बढी जोड दिँदै साहित्यभित्र पनि आख्यान विधालाई रोजेको पाइन्छ ।

२०३८ सालमा भैरहवा बहुमुखी क्याम्पसको बार्षिक पत्रिका क्षितिमा आफ्नो पूर्व लिखित 'हारेको रने' नामक कथा प्रकाशित गराएर औपचारिक रूपमा कथा लेखनको आरम्भ गरेका प्रधानले त्यस अघि नै विभिन्न कथाहरू लेखेका तर ती प्रकाशित नभइ सबै यत्रतत्र हराएका छन् आज अप्रार्प्त छन् ।

२०३१ सालमा 'उषाका किरण' नामक कविता प्रकाशित गराएर साहित्य लेखनको आरम्भ गरेका प्रधानले हालसम्म चारवटा साहित्यिक कृति प्रकाशित गराएका छन् । फुटकर रूपमा विभिन्न राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकाहरूमा साहित्यिक लेख

तथा रचनाहरू प्रकाशित गराउँदै आएको पाइन्छ । उनका प्रारम्भिक अवस्था अप्रकाशित कृतिहरू प्राप्त छैनन् ।

जीवनका विभिन्न मोड उपमोड र घरायसी पारिवारिक परिस्थिति तथा सम्पन्न परिवारमा जन्मेता पनि प्रधानको बाल्यकालमा नै पिताको मृत्युले जन्माएको गरिबी आदि कारणले प्रधानलाई शिक्षा आर्जन तथा आफूमा अन्तर्निहीत साहित्यिक प्रतिभालाई प्रस्फुटन गर्न नीकै कठिन भएको पाइन्छ । अक्षरारम्भदेखि उच्च शिक्षा सबै उनको केही ढिलो भएको पाइन्छ । एक तहको शिक्षा प्राप्ति पछि अर्को तह केही बर्षको विश्राम पछि मात्र प्राप्त गर्ने अवसर पाएको देखिन्छ । प्रधानले स्नातक तह उत्तीर्ण गरे पछि ... बर्षको विश्राम पछि मात्र स्नातककोत्तर तहको शिक्षा आर्जनको लागि भैरहवा बहुमुखी क्याम्पसमा भर्ना भएको पाइन्छ । त्यस्तै प्रधानमा रहेको साहित्यिक प्रतिभा पनि विश्राम लिँदै प्रस्फुटनको प्रयास गरेको पाइन्छ ।

त्यस्तै विभिन्न बाध्यता र विवशताले गर्दा प्रधानको साहित्यको यात्रा प्रारम्भिक समयले त्यति उर्वरता नपाएको देखिन्छ यस समयावधिमा कृति प्रकाशन गर्न नसके पनि आफ्नो व्यक्तित्व निर्माण भने गरेका छन् र साहित्य यात्राको जग पनि विभिन्न व्यक्तित्व तथा साथी भाइ तथा गुरुहरूको सहयोग सल्लाह र सुझावमा निकै मजबुतरूपमा अगाडि बढाउने प्रयास गरेका छन् । साहित्यिक व्यक्तित्वका अतिरिक्त अन्य सामाजिक तथा राजनैतिक तरिकाले पनि आफुलाई अगाडि बढाउने प्रयास गरेका छन् । प्रधान जीवनका विविध आरोह अवरोह मोड र घुम्तिमा सामाजिक तथा साहित्यिक संघ संस्था, भाषा संस्कृति, व्यवहार बोध तथा पेशामा संलग्न हुँदै धैर्य र लगनशीलताका साथ जीवन व्यतित गर्दै आएका प्रधान विभिन्न साहित्यिक पत्रपत्रिकाहरूको संरक्षक, स्तम्भकार आदिका रूपमा आफ्नो सफल पदीय जिम्मेवारी निभाएको पाइन्छ । विगत केही वर्षदेखि योग गुरुका रूपमा पनि आफुलाई स्थापित गर्न सफल प्रधानले निम्न सङ्घ संस्थाहरूमा आफ्नो पदीय जिम्मेवारी निभाएको पाइन्छ ।

| आवद्ध संघ संस्था | | पद |
|---|---|---|
| १ | प्रगतिशिल लेखक संघ, काठमाडौँ | राष्ट्रिय परिषद् सदस्य |
| २ | प्रगतिशिल लेखक संघ, रूपन्देही | कोषाध्यक्ष |
| ३ | चरित्र निर्माण संघ, बुटवल | सचिव |
| ४ | नेपाल बाल साहित्य समाज का. | आजीवन सदस्य |
| ५ | बागलुङ्ग समाज बुटवल, रूपन्देही | उपाध्यक्ष |
| ६ | बुटवल साहित्यकला प्रतिष्ठान बुटवल | कार्यकारिणी सदस्य |
| ७ | नेवा पुच बुटवल नेवा समाज विकास परिषद बुटवल | सल्लाहकार |
| ८ | रक्तिम सांस्कृतकि केन्द्रिय संगठन समिति | केन्द्रिय सल्लाहकार |
| ९ | शिक्षा अभिभावक संघ, बुटवल | अध्यक्ष |

उपर्युक्त संघसंस्थाका अलावा प्रधानले अन्य विविध संघ संस्था पनि प्रत्यक्ष तथा परोक्षा रूपमा सहयोग गरी आफुलाई एक क्रियाशील समाज सेवी व्यक्तित्वका रूपमा चिनाउँदै आएको पाइन्छ । पेशाले एक व्यस्त व्यापारी भएर पनि यसरी विभिन्न संस्थासँगको सम्वन्ध, निरन्तर साहित्य साधनाप्रतिको झुकाव आदिले गर्दा प्रधानको बहुआयामिक व्यक्तित्व सहजै अनुभव गर्न सकिन्छ । प्रधानको यो साहित्य साधनाको निरन्तरता र सामाजिक संघ संस्थासँगको संलग्नता अझै जारी रहेको ।

पारिवारिक भौगोलिक परिस्थितिका कारण वाल्यवस्थादेखि नै विविध समस्या झेल्दै आएका कारण समस्या नै जीवनको लक्ष्य निर्धारणको गोरेटो हो भन्ने धारणा व्यक्त गर्ने प्रधान समस्यासँग जुध्न सकेमा जीवन सफल हुने कुरामा विश्वस्त छन् र उनले सधै भन्ने गर्दछन् जीवनमा सुख पऱ्यो भनेर मात्तिने र दुःख पऱ्यो भनेर आत्तिने गर्नु हुँदैन । साहित्य लेखनमा पनि विभिन्न समस्या आइपर्ने र ती समस्यालाई धैर्यताको साथ पार लगाउँदै अगाडि बढेमात्र लक्ष्यमा पुगिने उनको विश्वास रहेको छ । यही उचित धारणाले गर्दा नै प्रधान आज सफल प्रगतिशील युवा कथाकारका रूपमा साहित्यिक जगतमा परिचित हुन पुगेका छन् ।

कुनै पनि क्षेत्रमा प्रवेशका लागि विविध कुराले प्रत्यक्ष तथा परोक्ष रूपमा प्रभाव पारेका हुन्छन् । त्यस्तै साहित्यिक क्षेत्रमा प्रवेशका लागि पनि घर परिवार तथा सामाजिक वातावरण संगी साथीसँगको सम्पर्क प्रभाव पारेको हुन्छ र सबैको सहयोग नितान्त आवश्यक हुन्छ ।

प्रदीप प्रधान आफ्नो घरपरिवार र आमाको ममतालाई छाडेर माध्यमिक शिक्षा प्राप्तिका लागि रूपन्देही जिल्लाको पक्लिहवा मा.वि.मा पढ्दाको अवस्था त्यहाँको बसाइको अवस्था र त्यहाँको साहित्यिक वातावरण आन्तरिक प्रभाव पारेको छ भने त्यस विद्यालयमा हुने विभिन्न साहित्यिक कार्यक्रम, अध्यापनरत शिक्षकहरूको मार्ग निर्देशन तथा विभिन्न साहित्यिक व्यक्तित्व भानुभक्त, लेखनाथ, देवकोटा गोवीन्द बा.मल्ल (गोठाले) बी.पी.कोइराला, भवानी भिक्षु आदिका साहित्यिक कृतिको अध्ययनबाट प्राप्त प्रेरणाले गर्दा साहित्यिक क्षेत्रमा प्रवेश गरेका हुन् । जीवनमा प्रत्यक्ष रूपमा देखेका भोगेका अनुभवहरूलाई समेटेर साहित्य साधना गर्ने प्रधानका फूटकर कृति बाहेक अहिलेसम्म चारवटा कथासङ्ग्रह प्रकाशित छन् । जसमध्ये दुइवटा बालकथासङ्ग्रह हुन् भने अन्य लघुकथासङ्ग्रह । यसरी कविता लेखनदेखि साहित्यिक यात्रा प्रारम्भ गरेता पनि उनले कविता विधाभन्दा कथा विधालाई अँगालेको पाइन्छ । यसरी २०३० को दशकदेखि साहित्य साधनामा अग्रसर प्रधानको साहित्यिक यात्रालाई मोटामोटी रूपमा तीन चरण वा घुम्तीमा विभाजन गरिएको छ । सोही चरण विभाजन अनुसार प्रधानको साहित्यिक योगदानको मूल्याङ्कन र स्थान निर्धारण गरी निष्कर्षमा पुग्ने प्रयास यस खण्डमा गरिएको छ ।

**सम्भाव्य शोधशीर्षकहरु**

प्रदीप प्रधान र उनका रचना तथा कृतिहरूका बारेमा पुन अध्ययन अनुशन्धान गर्न चाहने शोधार्थीहरूका लागि निम्नलिखित शीर्षकहरूमा अध्ययन अनुशन्धान गर्न योग्य छन् :

क) बालसाहित्यकारका रूपमा प्रदीप प्रधान,

ख) प्रदीप प्रधान र उनको **मौनरात** कथा सङ्ग्रहको अध्ययन विश्लेषण

ग) प्रदीप प्रधान र उनका लघु कथाहरू

# सन्दर्भग्रन्थ सूची


आचार्य, कुमार, २०३९, “विश्वेश्वर प्रसाद कोइरालाको व्यक्तित्व परिचय”, त्रि.वि. कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर नेपाली शोधपत्र (अप्र.) ।

प्रधान, प्रदीप २०५९, **मौनरात, चौतारी अपसेट,** बुटवल : कृतिकार स्वयम् ।

**____, ____,** २०६१, **जङ्गलका रमाइला कथा, आइडियल प्रिन्टर्स,** बुटवल : कृतिकार स्वयम् ।

**____, ____,** २०६४, **दन्द्वकालीन नेपाली** कथा  बिजी डिजाइनर्स, बुटवल : पुष्पाञ्जली प्रधान ।

**____, ____,** २०६६, **घमण्डी भँगेरी**, बालकथा, अद्वैतमार्ग काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि.  ।

पोखेल, गोपालचन्द्र, २०३८, “कथाकार पूर्णदास श्रेष्ठको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन” त्रि. वि. कीर्तिपूरमा प्रस्तुत स्नातकोत्तर नेपाली शोधपत्र (अप्र.) ।

पुन, प्रतिभा, २०६३, “घनश्याम न्यौपानेको समालोचनाकारिता” भैरहवा बहुमुखी क्याम्पस, भैरहवामा प्रस्तुत स्नातकोत्तर नेपाली शोधपत्र (अप्र.) ।

राना, कल्पना, २०६४, “नीलकण्ठ न्यौपानेको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन” त्रिभुवन बहुमुखी क्याम्पस पाल्पामा प्रस्तुत स्नातकोत्तर नेपाली शोधपत्र (अप्र.) ।

आजाद, ऋषि, २०६४, प्रदीप प्रधान र द्वन्द्वकालीन लघुकथासङ्ग्रह **दैनिक लुम्बिनी**, फाल्गुन ४, पृ. ५ ।

भट्टराई, यादव, २०६०, कथाकार प्रधानको **मौनरात** कृतिसमीक्षा, **दैनिक लुम्बिनी,** भदौ २१, पृ.२ ।

भट्टराई, बालकृष्ण, २०६०, प्रदीप प्रधानको एक सफल प्रयास **मौनरात,  दैनिक जनसंघर्ष** पृ.४ ।

शर्मा, पद्मप्रसाद, २०६०, मौनरातमा आँखा खोली हेर्दा कृति परिचय, **दैनिक लुम्बिी, पृ.**  ।